
सातै प्रदेशबाट प्रकाशित पहिलो राष्ट्रिय दैनिक

नयाँ पत्रिका

nayapatrikadaily.com

६ माघ २०८१, आइतबार (19 Jan 2025, Sunday) ■ नेपाल संवत् ११४५ ■ वर्ष १८ ■ अंक २७३ ■ पृष्ठ ८ nayapatrikaofficial @NAYA_PATRIKA मूल्य रु. १०/-

६ महिनामा ११३३८ दुर्घटना, १२३६ को मृत्यु



नयाँ पत्रिका

साउनदेखि पुससम्म ६ महिनामा देशभर ११ हजार ३३८ दुर्घटना भएका छन्। जसमा १२ सय ३२ जनाको मृत्यु भएको र तीन हजार २६२ जना गम्भीर घाइते भएको प्रहरी प्रधान कार्यालयले जनाएको छ। प्रहरीको यो तथ्यांकअनुसार औसतमा दैनिक ६२ दुर्घटना भएका छन् र जसमा सातजनाले ज्यान गुमाएका छन्। यो अवधिमा १५ हजार ५१८ जना सामान्य घाइते भएका छन्।

तथ्यांकअनुसार सबैभन्दा धेरै दुर्घटना मधेश र सबै भन्दा कम गण्डकीमा भएका छन्। मधेशमा तीन हजार २४८, कोशीमा दुई हजार ८१७, काठमाडौं उपत्यकामा दुई हजार ४२९ वटा दुर्घटना भएका छन्। बागमतीमा एक हजार ३१, लुम्बिनीमा ८७८, कर्णालीमा ४८८, सुदूरपश्चिममा २६२ र गण्डकीमा १८५ सवारी दुर्घटना भएका छन्। सवारी दुर्घटनाबाट सबैभन्दा धेरै मृत्यु लुम्बिनी प्रदेशमा भएको छ। ६ महिनाको अवधिमा लुम्बिनीमा २६१ जनाले ज्यान गुमाएका छन्। मधेशमा २२९, कोशीमा २२३, बागमतीमा १४५, गण्डकीमा ११३, सुदूरपश्चिममा ९८, उपत्यकामा ९४ तथा कर्णालीमा ६९ जनाले ज्यान गुमाएका छन्।

पुसमा मात्रै लुम्बिनीमा ३६५ सवारी दुर्घटना, ५७ को मृत्यु, ५९२ घाइते

धेरै दुर्घटना रुपन्देहीमा भए पनि ज्यान गुमाउनेको संख्या भने दाङमा धेरै

बुटवल/ लुम्बिनी प्रदेशमा पुस महिनामा मात्र ३६५ सवारी दुर्घटनामा ५७ जनाले ज्यान गुमाएका छन्। ५९२ जना घाइते भएका छन्। गत वर्ष पुसमा १०५ दुर्घटनामा ९५ को मृत्यु भएको थियो भने २१८ जना घाइते भएका थिए।

प्रदेशभर पुसमा सबैभन्दा धेरै दुर्घटना रुपन्देहीमा भएको छ भने ज्यान गुमाउनेको संख्या दाङमा धेरै छ। यस्तै, मंसिरमा लुम्बिनीमा १९३ सवारी दुर्घटनामा परी ४९ जनाको मृत्यु भएको छ भने २९५ जना घाइते भएका छन्।

नेपाल प्रहरी राजमार्ग सुरक्षा तथा ट्राफिक व्यवस्थापन कार्यालय बुटवलका प्रमुख प्रहरी

» पृष्ठ २ मा क्रमशः

■ पेन्सन बढाउन ३६४ कर्मचारीको राजीनामा दिएको जागिरलाई सेवा अवधिमा जोडियो

ढुकुटीमा करोडौँको भार

उपदानबापतको रकम जम्मा गर्न लगाई मागबमोजिम सेवा अवधि जोडाउनु कानुनसम्मत हुने सर्वोच्चको ठहर

सुवास भट्ट/नयाँ पत्रिका

राजस्वले चालू खर्च धान्नै नसकेको वेला ढुकुटीमा थप भार पर्ने गरी सरकारले सयौँ कर्मचारीको राजीनामा दिएको समय पनि सेवा अवधिमा जोडिदिएको छ। राजीनामा गरेका ३६४ कर्मचारीले पेन्सन बढाउन सेवा अवधि थपाएका हुन्। राज्यको ढुकुटीमा करोडौँको भार पर्ने यस काममा सर्वोच्च अदालतले ती कर्मचारीको पक्षमा आदेश गरेको छ।

सूचनाको हकको अधिकार प्रयोग गरेर नयाँ पत्रिकाले निजामती किताबखानाबाट प्राप्त विवरणअनुसार राजीनामा दिएर २०औँ वर्षअघि उपादानसमेत बुझिसकेका कर्मचारीलाई रकम फिर्ता गराएर सेवा अवधि जोडिएको छ। व्यक्तिगत रिटमार्फत अदालतको फैसलाका आधारमा कर्मचारीहरूको सेवा अवधि भटाभट जोडिएको छ।

१७ पुससम्ममा अदालतबाट नोकरी जोड्ने फैसला भई जोडिएका कर्मचारीको संख्या ३६४ छ। यस्तो निर्णय गर्दा १०-१५ वर्षसम्मको सेवा अवधि जोडिएको भेटिएका छन्। कर्मचारीको सेवा अवधि जोड्ने क्रम जारी छ। प्राप्त विवरणअनुसार ५८३ जनाले सेवा अवधि जोड्न किताबखानामा निवेदन दिइसकेका छन्।

निजामती सेवाका साबिकका कानुनी व्यवस्थाबमोजिम सेवा प्रवेश गरेका कर्मचारीलाई राजीनामा दिएको अघिल्लो पदको जागिर अवधिलाई सेवा अवधिमा थप गर्ने निर्णय भएका छन्। २०औँ वर्षअघि लिएको उपदान रकम हाल न्यून हुन जान्छ। तर, उक्त रकम फिर्ता गरी सेवा अवधि थप्दा कर्मचारीलाई पेन्सनको ठुलो लाभ हुन्छ। तर, राज्य कोषमा चाप बढ्छ।

निजामती किताबखानाका महानिर्देशक वैकुण्ठनिधि शर्माले पछिल्लो निर्णय अदालतको फैसलाबमोजिम कार्यान्वयन मात्रै भएको बताए। 'अदालतको आदेशअनुसार सेवा अवधि जोडिएको छ। फैसलाको पूर्णपाठपछि त्यसमा उल्लेख भएअनुसार विभागले यसको निर्णय गर्छ। विद्यमान कानुनअनुसार एक वर्षभित्र सेवा अवधि जोडिसक्नुपर्ने म्याद

» पृष्ठ २ मा क्रमशः



■ **निजामती सेवा नियमावली :** २० मंसिर ०६४ मा संशोधन हुनुपूर्व नियमावलीको नियम १२३ को उपनियम २ मा 'कुनै सरकारी सेवाबापत उपदान पाइसकेको व्यक्ति पुनः निजामती पदमा नियुक्त भएमा निजले पहिले पाएको उपदानको रकम फिर्ता गरेमा मात्र निजको पहिलेको सेवा अवधि यस नियमबमोजिम हालको पदमा गणना गरिनेछ' भन्ने व्यवस्था। यसैगरी, उपनियम (३) मा नियमावली प्रारम्भ हुँदाका बखत निजामती सेवामा कार्यरत निजामती कर्मचारीले नियम प्रारम्भ भएको मितिले एक वर्षभित्र र नियमावली प्रारम्भ भएपछि नियुक्ति पाएका कर्मचारीले नियुक्ति पाएको मितिले एक वर्षभित्र नियमबमोजिम सेवा अवधि जोडाइसकेको हुनुपर्ने व्यवस्था।



■ **सर्वोच्चको फैसला :** २७ साउन ०५६ मा नियमावलीमा दोस्रो संशोधन गरी नियम १२३ (२) को व्यवस्था खारेज गरिएको भन्ने मात्र कारणले नियम खारेजीको व्यवस्थालाई पश्चातदर्शी असर दिई उक्त नियमको व्यवस्था क्रियाशील रहेको अवस्थामा निवेदकलाई नियमले प्रदान गरेको सुविधाबाट बन्चित गरिनु नियमसम्मत मान्न नमिल्ने हुँदा निवेदकलाई उपदानबापतको रकम जम्मा गर्न लगाई मागबमोजिम सेवा अवधि जोडाउनु कानुनसम्मत हुने देखिन्छ।

अदालतको आदेशअनुसार सेवा अवधि जोडिएको छ

● **वैकुण्ठनिधि शर्मा**
महानिर्देशक, निजामती किताबखाना



अदालतको आदेशअनुसार सेवा अवधि जोडिएको छ। फैसलाको पूर्णपाठपछि त्यसमा उल्लेख भएअनुसार विभागले यसको निर्णय गर्छ। विद्यमान कानुनअनुसार एक वर्षभित्र सेवा अवधि जोडिसक्नुपर्ने म्याद सकिएकाले नमिल्ने निर्णय विभागले गर्छ। त्यसमा चित्त नबुझाएर अदालत गएकाको हकमा फैसलाबमोजिम विभागले कार्यान्वयन गर्छ।

■ अनुकूलताको फाइदा, नजिरबाट न्यायसेवा र न्यायाधीशसमेत लाभान्वित

■ रिट लिएर कर्मचारीहरू धमाधम अदालतमा

■ कसरी पर्छ राज्यकोषमा भार ?

अघिल्लो जागिरको सेवा अवधि जोड्दा पर्ने फरक बुझ्न एउटा हिसाब हेर्रौं। निजामती सेवा ऐन, २०४९ को दफा ३७ मा निवृत्तिभरण (पेन्सन)को गणनासम्बन्धी व्यवस्था छ। त्यसमा २० वर्ष वा सोभन्दा बढी समयसम्म सरकारी सेवा गरेका निजामती कर्मचारीले पाउने मासिक पेन्सनको गणना विधि छ। त्यसअनुसार ३० वर्ष निजामती सेवामा अविछिन्न कार्यरत कर्मचारी अहिले सचिवबाट निवृत्त हुँदा पाउने पेन्सन ४३ हजार २४९ रुपैयाँ हुन्छ। हाल सचिवको तलबस्केल ७२ हजार ८२ छ। त्यसमा मानौं कुनै सचिवले आठ वर्ष अघिल्लो पदमा राजीनामा दिएको अवस्थामा त्यसमा उक्त आठ वर्षको सेवा अवधि जोड्दा पाउने पेन्सन ५४ हजार ७८२ रुपैयाँ हुन्छ। अर्थात् राजीनामा दिएको आठ वर्षलाई सेवा अवधिमा जोड्दा ३० वर्ष कार्यरत रहेर हाल सचिवबाट निवृत्त हुने कर्मचारीले पाउने पेन्सन मासिक रूपमा साढे ११ हजार रुपैयाँले बढ्छ। अवकाशप्राप्त सचिवले जति धेरै समय पेन्सन बुझ्छ, राज्यकोषमा उत्ति नै भार थपिँदै जान्छ।

शिक्षकहरूको कासमू विवाद प्रशासकीय अदालतमा, उल्टिँदै बढुवाका निर्णय

बढुवा सम्बन्धमा शिक्षक सेवा आयोगबाट हुने गरेको निर्णयलाई चुनौती दिँदै प्रशासकीय अदालतमा मुद्दा दर्ता हुने क्रम बढ्दो

(विस्तृत पृष्ठ ३)

तीन देश जोड्ने लामाबगर नाका खोल्न २० करोड बजेट



महोत्तरीको भिट्टामोडदेखि दोलखाको लामाबगर हुँदै चीनको याङ्लुङ जोड्ने सबैभन्दा छोटो दूरीको नाका खोल्न २० करोड बजेट सुनिश्चित

(विस्तृत पृष्ठ ६)

NIMB
नेपाल इन्भेष्टमेण्ट मेगा बैंक लि.
NEPAL INVESTMENT MEGA BANK LTD.

कांग्रेसको क्रियाशील सदस्यता नवीकरण कार्यतालिका तयार



१५ माघ : नवीकरण फारम र विवरण तल्लो तहसम्म पुऱ्याइने
१ फागुन : वडाबाट टुंगो
१० फागुन : पालिकाबाट टुंगो
२० फागुन : प्रदेश सभा क्षेत्रीय समितिबाट टुंग्याइने
२९ फागुन : एक मात्र प्रतिनिधिसभा रहेको जिल्लाबाट टुंगो लगाइने
१५ चैत : एकभन्दा बढी प्रतिनिधिसभा रहेको जिल्लाबाट टुंगो लगाइने
२९ चैतभित्र : जिल्लाबाट अन्तिम टुंगो लगाएर केन्द्रमा पठाइने

'डिजिटल सदस्यता' सम्भव नभएपछि केन्द्रबाटै प्रिन्ट गरेर पठाइयो सदस्यता कार्ड र फारम

केशवप्रसाद पाण्डे/नयाँ पत्रिका

महाधिवेशनका लागि पहिलो सर्त मानिएको क्रियाशील सदस्यता नवीकरणको अलमल चिर्न कांग्रेसले पहिलोपटक कार्यतालिकासहित काम थालेको छ। तर, 'डिजिटल सदस्यता' सम्भव नभएपछि केन्द्रबाटै सदस्यता कार्ड र फारम प्रिन्ट गरेर तल्लो तहमा पठाइएको छ।

महामन्त्री गगन थापा संयोजकत्वको सदस्यता व्यवस्थापन केन्द्रीय समितिले १५ माघभित्रमा नवीकरण फारम र क्रियाशील सदस्यको विवरण तल्लो तहसम्म पुऱ्याउने र २९ चैतभित्र जिल्लाबाट अन्तिम टुंगो लगाएर केन्द्रमा पठाउने कार्यतालिका बनाएको छ।

कार्यतालिकाअनुसार १ फागुनसम्म वडाबाट टुंगो

» पृष्ठ २ मा क्रमशः



भदौमा भत्किएको महाकाली पुलको तटबन्ध, माघमा बल्ल अनुगमन गर्दै मन्त्री

कञ्चनपुरको महाकाली नदीमा भत्किएको तटबन्ध अनुगमन गर्न गएका गृहमन्त्री लेखक र भौतिक पूर्वाधार मन्त्री दाहाल आश्वासन मात्र दिएर फर्के, तत्काल पुनर्निर्माण नभए पुनः ठूलो विपत्को जोखिम यथावत्



गत भदौ तेस्रो साता महाकाली नदीको बाढीले भत्काएको तीन सय मिटर गाइडबन्ड (तटबन्ध)



शनिबार अनुगमनमा गएका गृहमन्त्री रमेश लेखक र भौतिक पूर्वाधार तथा यातायातमन्त्री देवेन्द्र दाहालसहितको टोली

कञ्चनपुरमा **मोहन विष्ट**

गत भदौमा आएको बाढीले भत्काएको कञ्चनपुरस्थित निर्माणाधीन महाकाली पुलको तटबन्ध अहिलेसम्म पुनर्निर्माण भइसक्नुपर्ने हो। तर, चार महिनापछि बल्ल गृहमन्त्री रमेश लेखक र भौतिक पूर्वाधार तथा यातायातमन्त्री देवेन्द्र दाहाल दलबलसहित अनुगमनमा पुगेका छन्।

महाकाली नदीमा चार लाख ६१ हजार क्युसेक पानीको बहावले तीन सय मिटर तटबन्ध भत्काएपछि भुजेला खोला महाकालीमा ठोक्किएर गाउँ पसेपछि भीमदत्त नगरपालिकाका वडा नम्बर ११, १२ र १३ का दर्जनौँ गाउँबस्ती डुबानमा परे। त्यसपछि स्थानीयले असोजदेखि नै भत्किएको तटबन्ध छिटो पुनर्निर्माणको माग गर्दै आएका थिए।

तर, पुस मसान्तसम्म पनि पुनर्निर्माणमा केही प्रगति भएन। शनिबार गृहमन्त्री लेखक, भौतिक पूर्वाधार तथा यातायातमन्त्री दाहालसहित सुदूरपश्चिमका पूर्वमुख्यमन्त्री राजेन्द्रसिंह रावल,

» पृष्ठ २ मा क्रमशः



एउटा तार र बकेट फेर्न नसक्दा बन्द भयो नेपालकै पहिलो ग्राभिटी रोपवे



मकवानपुरमा **पोष्टराज अधिकारी**

१० वर्षअघि मकवानपुरको कैलाश गाउँपालिका-९ स्थित नामटारको कपचेरी र घैराङडाँडा जोड्ने गरी बनेको नेपालकै पहिलो ग्राभिटी रोपवेको तार चुडिँदा स्थानीय समस्यामा परेका छन् । गुरुत्वाकर्षण शक्तिबाट विनाविद्युत् र इन्धनबाट चल्ने ग्राभिटी रोपवे बन्द भएपछि स्थानीय समस्यामा परेका हुन् ।

एक हजार दुई सय १४ मिटर लामो ग्राभिटी रोपवे निर्माण भएपछि सडक सञ्जाल नपुगेको घैराङमा तरकारी तथा स्थानीयस्तरमा उत्पादित खाद्यान्न बजारसम्म पुऱ्याउन र बजारबाट घरायसी सामग्री ल्याउन सहज भएको थियो । हिँडेर दुई घण्टा लाग्ने बाटोमा रोपवेमार्फत दुई-चार मिनेटमै सामान ओसारपसार गर्न सकिने भएपछि घैराङका स्थानीयले काउली, आलु, मुला, बन्दालगायतका तरकारी र अन्न नामटार बजारसम्म झार्ने गरेका थिए । किसानले तरकारी उत्पादनबाटै गाउँमा वार्षिक डेढ करोडभन्दा बढी आम्दानी गर्ने गरेको कैलाश- ९ का वडाध्यक्ष भुवनसिंह घलान बताउँछन् ।

रोपवेको तार परिवर्तन गरेर आवश्यक मर्मत गर्न नसक्दा स्थानीयले आफ्ना उत्पादन बजारसम्म पुऱ्याउन र आवश्यक सामान ल्याउन लामो बाटो प्रयोग गर्नुपरेको छ । रोपवेको तार छिनेपछि किसानको उत्पादन बजारसम्म पुऱ्याउन असहज भइरहेको छ भने रोपवे कसले मर्मत गर्छ भन्ने अन्योल छाएको छ । सञ्चालनकै क्रममा रहेको रोपवेको एउटा तार छिनेपछि गत असोजबाट रोपवे बन्द भएको घैराङका स्थानीय पूर्णसिंह गोलेले बताए । तार छिनेसँगै रोपवेमा रहेको दुईवटा बकेटमध्ये एउटा बकेट पूर्णरूपमा क्षति भएको छ ।

रोपवे मर्मत गर्नेबारे उपभोक्ता समितिमै एकमत नभएपछि अब सधैँका लागि बन्द हुन्छ कि भन्ने चिन्ता लागेको उनको भनाइ छ । 'तार छिनेर रोपवे बन्द भएको तीन महिना नाघ्यो । एउटा तार फेरेर बकेट नयाँ हाल्न सके यसलाई पुनः चलाउन सकिन्थ्यो,' उलने भने, 'उपभोक्ता समितिले पनि चासो दिएको छैन । रोपवे चल्दा यहाँ धेरै सुविधा भएको थियो । सामान ल्याउन लैजान पनि सस्तो पर्थ्यो ।'

०७१ मा सस्पेन्सन ब्रिज डिभिजन कार्यालय काठमाडौं र स्थानीय उपभोक्ताको लागत सहभागितामा २५ लाख ५२ हजार रुपैयाँमा रोपवे निर्माण भएको थियो । रोपवे सञ्चालनका लागि उपभोक्ता समितिमार्फत ठेकेदारलाई जिम्मा लगाइएको थियो । यसबिचमा चार-पाँचजना ठेकेदार फेरिए । अन्तिमकालमा पूर्णराज बल ठेकेदार थिए । तर, कुनै पनि ठेकेदारले उपभोक्ता समितिलाई हिसाब-किताब देखाएका छैनन् ।

ठेकेदार पैसा उठाएर सम्पर्कविहीन भएपछि रोपवे मर्मत गर्न खर्च नभएको कैलाश- ९ का अध्यक्ष भुवनसिंह घलानले बताए । उनका अनुसार उपभोक्ता समितिले रोपवेमा सामान ढुवानीबापतको भाडा उठाउन ठेक्का दिने गरेको र ठेकेदारले नै भाडाको पैसा नदिएपछि उपभोक्ता समिति संकटमा परेको छ । 'हामीले पहिले नै गाउँपालिकामार्फत रोपवे सञ्चालन गर्ने गरी ठेक्का लगाउँछौं भनेका थियौं । तर, त्यसवेला उपभोक्ता समितिले आफैँले ठेक्का लगाएर सञ्चालन गऱ्यो, अब अहिले समस्या पऱ्यो,' उनले भने, 'अब यसलाई मर्मत गरी व्यवस्थित तरिकाले कसरी सञ्चालन गर्ने भन्नेबारेमा छलफल गर्दै छौं ।'

> सामान ढुवानीबापतको भाडा उठाएर ठेकेदार सम्पर्कविहीन, रोपवे नचल्दा स्थानीय समस्यामा

रोपवे उपभोक्ता समितिका अध्यक्ष ठाकुरसिंह रुम्बाले ठेकेदारले भाडाको पैसा उठाएर नदिएपछि रोपवे मर्मत गर्न नसकेको बताए । भाडाबापत वर्षको तीन लाखसम्म उठ्ने गरेको भए पनि ठेकेदारले उपभोक्ता समितिलाई पैसा नबुझाएको उनको दाबी छ । 'भाडाबापत वर्षमा करिब तीन लाखसम्म उठ्थ्यो । ठेकेदारले पैसा नदिँदा रोपवे मर्मत गर्न सकिएन,' उनले भने, 'रोपवे मर्मत गर्नुपर्छ, तर कसरी गर्ने भन्नेमा अन्योल छ ।'

रुम्बाले रोपवेमा रहेको दुईवटा भारी बोक्ने क्यारीमार्फत माथिबाट र तलबाट एकैसाथ दुईवटा भारी लोड गराएर सामान तलमाथि पुऱ्याउने गरेको जानकारी दिए । उनका अनुसार घैराङ डाँडाबाट एक मिनेट ५५ सेकेन्डमा नामटार कप्चेरी स्टेसनमा सामान ढुवानी गर्न सकिन्छ । दुई घण्टा लाग्ने बाटोमा रोपवेले दुई मिनेटमै सामान ल्याइदिने र भाडा पनि निकै सस्तो पर्ने भएपछि स्थानीयलाई सहजता थियो । प्रतिकिलो दुई रुपैयाँमा सामान तलको माथि र माथिको तल ल्याउने गरिन्थ्यो । हिउँदयाममा गाडी चले पनि रोपवेको भन्दा गाडी भाडा दोब्बर लाग्ने गरेको उनले बताए । अहिले रोपवे बन्द हुँदा स्थानीय महँगोमा आफ्ना उत्पादन बजारसम्म पुऱ्याउन बाध्य भएका छन् ।

विकटमा महिलाको सहकारी, सिंगो गाउँका महिला सदस्य

गजुरमुखीका ३० महिलाले २१ वर्षअघि महिनाको १० रुपैयाँ बचतबाट थालेको महिला गजुरमुखी बचत तथा ऋण सहकारीको कारोबार दुई करोड पुगेको छ । यो सहकारीले बचत गर्ने र ऋण दिने काम मात्र गर्दैन, महिलामा आर्थिकसँगै सामाजिक, राजनीतिक रूपले सशक्तीकरण गर्ने काम पनि गरिरहेको छ ।

गजुरमुखी (इलाम)मा
चिरञ्जीवी घिमिरे

इलामको माङसेबु गाउँपालिका- १ गजुरमुखीकी कमला बुढाथोकीले ०५७ देखि सामाजिक परिचालिकाका रूपमा काम गर्दै आएकी छिन् । सामाजिक परिचालिका भएर काम गर्दा उनले महिलामाथि भएको हिंसा देखिन् ।

तत्कालीन गजुरमुखी गाउँ विकास समिति इलामको विकटमध्ये एक थियो । महिलालाई आर्थिक, सामाजिक र राजनीतिक रूपमा अघि बढाउँदै एकै ठाउँमा उभ्याउने माध्यम सहकारी हुन सक्ने उनको बुझाइ रह्यो । अनि ०५७ मा ३० महिला भेला पारेर सहकारी दर्ताका लागि नागरिकतासँगै तीन सय संकलन गरिन् । र, त्यतिखेर दर्ता गरेर सञ्चालनमा ल्याएको महिला गजुरमुखी बचत तथा ऋण सहकारीले २१ वसन्त पार गरेको छ । सुरुमा ३० महिलाले महिनाको १० रुपैयाँ बचतबाट थालेको सहकारीको कारोबार दुई करोड पुगेको छ । सदस्य संख्या ६१४ पुगेका छन् ।

'यो हाम्रो नियमित मिहिनेतको फल हो । हामी सफल हुँदै गएका छौँ,' संस्थापक अध्यक्षसमेत रहेकी बुढाथोकीले नयाँ पत्रिकासँग भनिन्, 'साबिक सिंगो गजुरमुखी गाविस (हाल माङसेबुङ- १) का महिला यहाँ आबद्ध छन् । कम्तीमा प्रत्येक घरबाट एकजना छन् । गाउँभरिमा करिब नौ सय महिला छन् । तीमध्ये ६१४ यो सहकारीमा आबद्ध छन् ।' यो सहकारीका सबै सदस्य महिला मात्र हुन् ।

महिला गजुरमुखी सहकारीले अहिले बचत गर्ने र ऋण दिने काम मात्र गर्दैन । गाउँका महिलामा आर्थिकसँगै सामाजिक, राजनीतिक रूपले सशक्तीकरण गर्ने काम पनि गरिरहेको छ । 'हाम्रो पहिलो उद्देश्य नै महिलालाई सशक्तीकरण गर्ने हो । महिलाको सशक्तीकरणका लागि हामीले महिला हिंसाविरुद्धको तालिम आयोजना गर्ने, महिला हिंसाविरुद्धमा खबरदारी गर्ने काम गरिरहेका छौँ,' कमला भन्छिन्, 'महिलालाई कृषि तथा पशुपालनमा पनि सहयोग गरिरहेका छौँ । बाख्रापालन, गाईपालनलगायत पशुपालनमा सहुलियतमा ऋण दिएका छौँ । जसले महिलालाई पुरुषमा निर्भर हुनेभन्दा आत्मनिर्भर हुन सिकाएको छ । आज केही गर्न थोरै पैसा पनि श्रीमानूलाई माग्नुपर्ने बाध्यता हटेको छ । यसले हामीलाई खुसी दिलाएको छ ।' सहकारीले कफीखेती तथा बेसारखेतीलाई पनि प्रवर्द्धन गरेर विकट गाउँमा पनि केही गर्न सकिन्छ भन्ने उदाहरण पेस गरेको छ ।

सहकारीको ऋणबाट आयआर्जनमा महिला

सहकारीमा अबद्ध भएपछि माङसेबुङ- १ गजुरमुखीकी विमला बराल सापकोटा खुसी छिन् । गाउँमै पशुपालन, खेती गरेर पनि उनको परिवार चलेको छ । १६ वर्षदेखि महिला गजुरमुखी सहकारीमा आबद्ध भएकी उनलाई सहकारीले पशुपालन तथा खेतीमा सहयोग गरिरहेको छ । 'केही समयअघि सहकारीबाट पाँच हजार रुपैयाँ ऋण लिएर बाख्रा पालन गरेँ । पाँच हजारमा माउबाख्रा किनेँ । यसले २५ हजार आम्दानी भयो । हामीलाई सहकारीले आत्मनिर्भर बन्न सहयोग गरेको छ,' उनी भन्छिन्, 'सहकारीले अब बेसारलाई ब्रान्डिङ गर्ने लक्ष्य लिएको छ । १८ केजी बेसारको बिउ लगेको छु । एक रोपनीमा लगाएको छ । सहकारीलाई पछि नौ केजी मात्र बिउ फिर्ता दिए हुन्छ । बेसार राम्रो भयो भने झापासम्म लगेर यसको व्यापार गर्न सकिन्छ ।' सहकारीमा बसेर उनी आत्मनिर्भर मात्र भएकी छैनन्, महिलामाथि हुने हिंसाबारे बुझेकी छिन् । त्यसको विरोध गर्न जानेकी छिन् । कतै गएर आफ्ना कुरा निर्धक्क राख्न सक्ने भएकी छिन् । 'महिला हिंसाबारे तालिम भएको छ । यो सहकारीको राम्रो काम हो,' उनी भन्छिन्, 'हामीले गाउँमा बसेर अहिले पनि नियमित बचत गर्न पाएका छौँ । सबै गाउँका महिला मिलेर खोलेको सहकारी भएकाले भाग्छ कि बचत डुब्छ कि भन्ने डर पनि छैन ।'



सहकारीको प्रांगणमा भेला भएका महिला सेयर सदस्य । तस्बिर : नयाँ पत्रिका

माङसेबुङ- १ गजुरमुखीकै विष्णुमाया बुढाथोकी पनि १५ वर्षदेखि महिला गजुरमुखी सहकारीको सदस्य छिन् । उनले सुरुमा मासिक ५० रुपैयाँ बचत गर्थिन् । अहिले मासिक दुई सय रुपैयाँ बचत गर्छिन् । सहकारीकै सहयोगमा गाईपालन र बाख्रापालन गरेकी छिन् । त्यहाँबाट आएको आम्दानीले उनको घर खर्च टरेको छ । 'सहकारीले हामीलाई आत्मनिर्भर बनाउन ठूलो काम गरेको छ । केही गर्नुपऱ्यो भने ऋण दिन्छ । जसले हामीलाई सहज बनाएको छ,' उनी भन्छिन् ।

संस्थाले यहाँका महिलाको आर्थिक उन्नतिका लागि काम गरिहेको संस्थाकी अध्यक्ष डिकमाया लुहागुन बताउँछिन् । कृषि तथा पशुपालनमा संस्थाले गजुरमुखीका महिलालाई आत्मनिर्भर बनाउने पहिलो लक्ष्य रहेको उनी सुनाउँछिन् । 'हामीले यहाँका महिलाको आवश्यकतालाई हेरेर लगानी गरेका छौँ । सहकारी यत्रो संकटमा पऱ्यो । तर, हाम्रो राम्ररी चलेको छ,' उनी भन्छिन्, 'पशुपालन, कृषि र व्यापारमा लगानी गरेका छौँ । इलाम एग्रो र माङसेबुङ गाउँपालिकाको सहकार्यमा बेसारलाई ब्रान्डिङ गर्ने अभियान सुरु गरेका छौँ । गत वर्ष हामीले १३ सय केजी बेसारको बिउ वितरण गऱ्यो । जसबाट आधा बिउ उत्पादनपछि हामीलाई किसानले दिन्छन् । त्यो बिउ अरूलाई पनि दिएर बेसारखेतीको विस्तार गर्ने योजना छ ।'

यद्यपि, यहाँका महिलाले उत्पादन गरेको कृषि उत्पादनको बजार भने अभाव रहेको उनले बताइन् । 'यहाँका महिलाले उत्पादन गरेको कृषिजन्य सामग्री अहिले त दमकतिरबाट आउनले घरबाटै लैजान्छन्, तर स्थायी बजार छैन,' उनले भनिन्, 'बजारको व्यवस्थापनमा पनि अब हामीले काम गर्नुपर्नेछ । यसका लागि अब हामी गाउँपालिकासँग पनि सहकार्य गर्छौं ।' संस्थामा गाउँका करिब नौ सय महिलालाई नै सहकारीसँग जोड्ने लक्ष्य रहेको उनी बताउँछिन् ।

माङसेबुङ गाउँपालिकाका अध्यक्ष हेमन्त राईले विकट गाउँ गजुरमुखीमा महिला गजुरमुखी सहकारीले उदाहरणीय काम गरेको बताए । 'यो सहकारीले विकट गाउँको आर्थिक उन्नतिमा पनि भूमिका खेलेको छ । स्वास्थ्य शिविर, विपत्मा परेको सेयरधनीलाई सहयोग गरिरहेको छ,' उनले भने । गाउँपालिकाले सहकार्य गरेर महिलाको सहकारीलाई बलियो बनाएर अघि बढ्ने उनले बताए । गत वर्ष पनि सहयोग गरेका छौँ । पालिकाको तर्फबाट गर्ने काम हामी गर्नेछौँ,' अध्यक्ष राईले भने ।

पुसमा मात्रै...

पृष्ठ १ बाट क्रमशः

उपरीक्षक श्यामबहादुर खत्रीले चारपांग्रेभन्दा दुई पांग्रे (मोटरसाइकल र स्कुटी) दुर्घटना दर बढेको बताए । 'दुर्घटनामा पर्ने पनि धेरै युवा छन् । तीव्र गतिमा र ट्राफिक नियमको पालना नगर्दा दुर्घटना बढेका छन् । रातको समयमा मदिरा सेवन गरेर एउटै मोटसाइकल तथा स्कुटीमा तीन जना सवार गर्दा पनि दुर्घटना हुने गरेका छन्,' उनले भने ।

धेरै दुर्घटना रुपन्देहीमा भए पनि ज्यान गुमाउनेको संख्या भने दाङमा धेरै छ । रुपन्देहीमा ८३ वटा दुर्घटनामा नौजनाले ज्यान गुमाएका छन्, ११६ जना घाइते भएका छन् । त्यस्तै, दाङमा ५६ सवारी दुर्घटनामा परी ११ जनाको मृत्यु भएको छ भने ९७ जना घाइते भएका छन् ।

नवलपरासी पश्चिममा ५० सवारी दुर्घटनामा सातजनाको ज्यान गएको छ भने ९३ घाइते भएका छन् । बाँकेमा ५६ दुर्घटनामा नौजनाको मृत्यु भएको छ र ६८ जना घाइते भएका छन् । बर्दियामा ४५ दुर्घटनामा दुईजनाको मृत्यु भएको छ भने ६० जना घाइते भएका छन् । कपिलवस्तुमा ४२ दुर्घटनामा नौजनाले ज्यान गुमाएका छन् । ६५ जना घाइते भएका छन् । प्युठानमा १२ दुर्घटनामा दुईजनाको मृत्यु र २८ घाइते भएका छन् ।

रोल्पामा ११ दुर्घटनामा तीनको मृत्यु हुँदा १६ घाइते भएका छन् । गुल्मीमा सात दुर्घटनामा परी तीनजनाको ज्यान गएको छ । २८ जना घाइते भएका छन् । पाल्पामा ६ वटा दुर्घटनामा दुईजनाको मृत्यु र नौजना घाइते भएका छन् । अर्घाखाँचीमा पाँचवटा दुर्घटनामा आठ घाइते भएका छन् । त्यस्तै पूर्वी रुकुममा एक दुर्घटनामा चारजना घाइते भएका छन् । प्रहरीले दुर्घटना न्यूनीकरणका लागि जनचेतनामूलक कार्यक्रम गरिएको जनाएको छ । पुसमा मात्रै एक हजार १२६ पटक कार्यक्रम गरिएको प्रहरीले जनाएको छ ।

भदौमा भत्कियो...

पृष्ठ १ बाट क्रमशः

सुदूरपश्चिमका आन्तरिक मामिला तथा कानुनमन्त्री हिरा सार्की, सांसद प्रकाश रावल, बेलबहादुर राना, मधु भारती, भीमदत्त नगरपालिकाका मेयर पदम बोगटीसहित तीनै तहका सरकारका प्रतिनिधिले स्थलगत अनुगमन गरेका छन् ।

महाकाली पुल आयोजना प्रमुख इन्जिनियर विवशबाबु सदादेवले भेरिएसन स्वीकृत नहुँदा काम अघि बढ्न नसकेको मन्त्री र जनप्रतिनिधिलाई जानकारी गराएको बताए । उनले योजना कार्यालयबाट भेरिएसन स्वीकृतिका लागि फाइल पठाए पनि मन्त्रालयमा थन्किएकाले कामकाज अघि बढ्न नसकेको बताए ।

स्थानीयले समयमै भत्किएको तटबन्ध पुनर्निर्माण र भुजेला खोला नियन्त्रण नभए आफूहरू यस वर्ष पनि जोखिममा पर्नेतर्फ मन्त्रीद्वय दाहाल र लेखकको ध्यानाकर्षण गराएका छन् । 'यो तटबन्ध भत्किएको चार महिनाभन्दा बढी भइसक्यो, तर वास्ता पनि गरेनौँ । वर्षाका वेला सिंगै महाकाली भुजेला खोलामा उल्टिन्छ,' स्थानीय अगुवा कृष्णसिंह देउवाले भने, 'सिंगो नदी गाउँ पस्दा विपत्मा पर्छौं, यो भुजेला खोलाको निकास नभए यस वर्ष पनि विपत्मा पर्ने अवस्था छ ।'

भीमदत्त नगरपालिका- ११ का वडाध्यक्ष प्रकाश थापाले भुजेला खोलाको मुहानैदेखि निकास अपरिहार्य रहेको बताए । उनले भुजेला खोला महाकाली नदीकै समानान्तर हिसाबले बगाउनुपर्ने बताए । वडा नम्बर १३ अध्यक्ष रामबहादुर बोहराले अनुगमनका नाममा अनुगमन नभई काम गर्नुपर्ने बताए । उनले भौतिक पूर्वाधारमन्त्री दाहाललाई शीघ्र तटबन्ध निर्माणदेखि भुजेला खोला निकास र गृहमन्त्री लेखकलाई चौकी निर्माणका लागि निवेदन दिएका छन् ।

पूर्वमुख्यमन्त्री राजेन्द्रसिंह रावलले भौतिकमन्त्री दाहालसमक्ष समयमै तटबन्ध पुनर्निर्माण नभए पहुँचमार्गमा समेत क्षति पुग्ने र अहिलेसम्मको उपलब्धि गुम्ने ध्यानाकर्षण गराउँदै बाँकी काम समयमै सक्न अनुरोध गरे । गृहमन्त्री लेखकले भौतिकमन्त्री दाहाललाई विपत्को गाम्भीर्यता बुझेर वर्षाअगावै कामकाज अघि बढाइदिन आग्रह गरे । भौतिक पूर्वाधारमन्त्री दाहालले अध्ययन गरेर मन्त्रालयले भत्किएको तटबन्ध पुनर्निर्माणको काम अघि बढाउने आश्वासन दिए ।

मोटरसाइकल हरायो

मिति २०८१/९/२८ गते २१:०० बजे देखि ४:०० बजेको समयमा जिल्ला भक्तपुर भक्तपुर न.पा.-१ शहिद धर्मभक्त राष्ट्रिय प्रत्यारोपन केन्द्रको परिसरबाट मेरो KTM DUKE Electronic Orange रङको २०० सि.सि. को मोटरसाइकल हराएको हुँदा देख्नु हुने माहानुभावले नजिक को प्रहरी कार्यालय वा निम्न ठेगानामा सम्पर्क गरिदिनु भएमा उचित पुरस्कार दिइने छ ।

नामः सुरेश तिमिल्सेना
मो.सा.नं.: बा.प्र.०२-०५२ प १८१३
चेसिस नं.: MD2JPCXD2RN013787
इन्जिन नं.: P-936-28998
सम्पर्क नं.: 9866071663

ढुकुटीमा...

पृष्ठ १ बाट क्रमशः

सकिएकाले नमिल्ने निर्णय विभागले गर्छ । त्यसमा चित्त नबुझाएर अदालत गएकाको हकमा फैसलाबमोजिम विभागले कार्यान्वयन गर्छ,' उनले भने । अघिल्लो निजामती सेवा कानुनमा कर्मचारीको उमेरहद ६० र सेवा अवधि ३० वर्ष थियो । साबिकका ऐन र नियमावलीका व्यवस्थाबमोजिम निजामतीमा सेवा प्रवेश गरेका कर्मचारी कतिपय उपल्लो श्रेणीमा छन् भने कतिपय कनिष्ठ श्रेणीमा भए पनि सेवाको उत्तरार्धमा छन् ।

०४९ मा सरकारले नयाँ निजामती सेवा ऐन जारी गऱ्यो । त्यसले निजामती कर्मचारीको सेवा अवधिसम्बन्धी व्यवस्था खारेज गरेर उमेरहद ५८ वर्ष कायम गऱ्यो । अर्को वर्ष नियमावली पनि जारी भयो । नयाँ ऐन र नियमावलीले साबिकभन्दा कतिपय फरक व्यवस्था गऱ्यो भने पछि संशोधनका क्रममा पनि दफा र नियममा केही फेरबदल भए ।

ती कर्मचारीले फेरि पनि सरकारले कानुनी संशोधनबाट सेवा अवधि कायम तथा उमेरहद बढाउन सक्ने अनुमान गरे । त्यसैका आधारमा जागिर लम्ब्याउन र उपदानको रकम प्रयोग गर्न पाउने भएपछि कर्मचारीहरूले नयाँ नियुक्ति लिएर अघिल्लो पदबाट राजीनामा बुझाए । अनुकूलतामा खेलेका कर्मचारीहरूले जागिर अवधिको उत्तरार्धमा उपदान फिर्ता गरेर पेन्सनका लागि सेवा अवधि जोड्ने निवेदन दिए । तर, किताबखानाले मानेन । यसपछि उनीहरू सर्वोच्च र उच्च अदालत गए । अदालतबाट मागदावीबमोजिम फैसला भयो । र, किताबखानाले धमाधम सेवा अवधि जोडिदिएको छ । यो फैसला नजिरबाट न्यायसेवा र न्यायाधीशसमेत लाभान्वित हुनेछन् ।

सेवा अवधि जोड्ने रिट लिएर कर्मचारीहरू धमाधम अदालतमा

राजीनामा दिइसकेको पूर्ववर्ती पदमा १० वर्ष २० दिन कार्यरत रहेको समयलाई हालको सेवा अवधिमा जोडिपाउन भन्दै सर्वोच्च अदालतका इजलास अधिकृत (उपसचिव) राजकुमार आचार्यले २ फागुन ०७८ मा सर्वोच्चमा रिट निवेदन दर्ता गरे । ८ फागुन ०४५ मा खरिदारको नियुक्ति लिएर प्रशासन सेवा/समूहमा छिरेका आचार्य १० वर्ष सोही पदमा कार्यरत थिए । खुला प्रतिस्पर्धामा लोकसेवा पास गरेर न्यायसेवा/समूहको नायब सुब्बा सिफारिस भएपछि उनले अघिल्लो पदबाट राजीनामा दिए, २८ फागुन ०५५ मा । यसक्रममा पदोन्नति हुँदै उनी सर्वोच्च अदालतमा इजलास अधिकृत भए । नासुमा नाम निस्केपछि खरिदार पदबाट राजीनामा दिएका उनले उपदानबापत २८ हजार ७७९ रुपैयाँ रकम पनि बुझेका थिए ।

वर्षौंपछि ११ पुस ०७८ मा उनले खरिदारबाट राजीनामा दिएको अवधिको सेवा अवधि जोडिपाउन निजामती किताबखानामा निवेदन दिए । नोकरी जोडाउने कानुनी व्यवस्था नभएको र त्यसो गर्न नमिल्ने भनी किताबखानाले १६ फागुनमा निर्णय गरेर सेवा अवधि जोड्न नमिल्ने पत्र दियो ।

मुद्दामा विपक्षी बनाइएको संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले पनि प्रचलित कानुनले तोकेको अवधिभित्र सेवा अवधि नजोडी उक्त अवधि व्यतीत भइसकेपछि पहिले गरेको सेवा हालको सेवामा गणना गर्ने निवेदन जिकिर कानुनसम्मत नदेखिएको तर्क गरेको छ । निजामती सेवा नियमावली, २०५० मा ०५६ को दोस्रो संशोधनद्वारा थप गरिएको नियम १२३ को उपनियम (३) ले सम्बन्धित सबै निजामती कर्मचारीलाई पहिले गरेको सेवा अवधि हालको सेवा अवधिसँग जोड्नका लागि १ (एक) वर्षको समयावधि दिएको छ ।

संविधान र कानुनप्रदत्त मौलिक हकअधिकार प्रतिकूल भएको दाबी गर्दै किताबखानाको पत्र उत्प्रेषणको आदेशद्वारा बदर गरी सेवा अवधि थप्ने मागसहित उनले रिट निवेदन हालेका थिए । तर, मुद्दा सुनुवाइका क्रममा किताबखानाले आफ्नो निर्णयको बचाउमा जवाफ पठाएको छ ।

रिटमाथिको फैसलामा सर्वोच्चले 'नियमावलीले नियुक्ति पाएको मितिले एक वर्षभित्र सेवा अवधि जोडाइसकेको हुनुपर्ने व्यवस्था गरे पनि विद्यमान ऐनको व्यवस्थाबमोजिम निवेदकसँग 'मञ्जुर गरेको लिखित स्वीकृति' लिएको नदेखिएको अदालतको फैसलामा छ । नियमावलीको प्रक्रियाबमोजिम एक वर्षभित्र सेवा अवधि नजोडेको आधारमा ऐनले सुरक्षित गरेको अधिकारबाट बन्चित गर्न नमिल्ने आसय' व्यक्त गरेको छ ।

आचार्य निजामती सेवा नियमावली, २०२१ को नियम १२३ (२) बमोजिम राजीनामाअघिको जागिरमा बहाल थिए । तर, निजामती सेवा नियमावली, २०५० को व्यवस्थामा भएको दोस्रो संशोधन २०५६ ले उनी बहाल रहेको नियमावलीको व्यवस्थालाई खारेज गरिदिएको थियो । राजीनामाअघिको बहाल अवधिको जागिरका हकमा पछिल्लो कानुन लागू नहुने सर्वोच्चको फैसला छ ।

'२७ साउन ०५६ मा नियमावलीमा दोस्रो संशोधन गरी नियम १२३ (२) को व्यवस्था खारेज गरिएको भन्ने मात्र कारणले नियम खारेजीको व्यवस्थालाई पश्चात्दर्शी असर दिई उक्त नियमको व्यवस्था क्रियाशील रहेको अवस्थामा निवेदकलाई नियमले प्रदान गरेको सुविधाबाट बन्चित गरिनु नियमसम्मत मान्न नमिल्ने हुँदा निवेदकलाई उपदानबापतको रकम जम्मा गर्न लगाई मागबमोजिम सेवा अवधि जोडाउनु कानुनसम्मत हुने देखिन्छ,' सर्वोच्चको फैसलामा छ । सेवा प्रवेश गर्दा ऐन र नियमावलीमा गरिएको कानुनी व्यवस्थाअनुसारको अधिकार प्रत्येक निजामती कर्मचारीले प्राप्त गर्ने नै हुँदा निवेदनबमोजिमको सेवा अवधि जोडिने हक निवेदकले प्राप्त गर्ने नै देखिएको फैसलामा सर्वोच्चले भनेको छ ।

सेवा प्रवेश गर्दाको बखत तत्काल लागू रहेको ऐन तथा निजामती ऐनअनुसार आचार्यले स्थायी कर्मचारीको रूपमा गरेको १० वर्ष २० दिनको सेवा अवधि जोडी सोसमेतलाई निजको समग्र सेवा अवधिको रूपमा गणना गरी अवकाशपश्चात् निवृत्तिभरण अधिकार प्रदान गर्न मिल्ने नै देखिएको सर्वोच्चको ठहर छ । 'निवेदकले लिएको उपदानको रकम फिर्ता गरेमा मागबमोजिम निजको पहिलाको स्थायी सेवा अवधि हालको सेवा अवधिमा गणना गरी सेवा अवधि कायम गर्नू-गराउनू भनी विपक्षीहरूको नाममा परमादेशको आदेश जारी गरिदिएको छ,' फैसलामा छ । सर्वोच्चको यही फैसला र नजिरमा टेकेर उच्च अदालतहरूले पनि सेवा अवधि जोड्ने फैसला गरिदिएका छन् ।

२० मंसिर ०६४ मा संशोधन हुनुपूर्व नियमावलीको नियम १२३ को उपनियम २ मा 'कुनै सरकारी सेवाबापत उपदान पाइसकेको व्यक्ति पुनः निजामती पदमा नियुक्त भएमा निजले पहिले पाएको उपदानको रकम फिर्ता गरेमा मात्र निजको पहिलेको सेवा अवधि यस नियमबमोजिम हालको पदमा गणना गरिनेछ' भन्ने व्यवस्था छ । यसैगरी उपनियम (३) मा नियमावली प्रारम्भ हुँदाका बखत निजामती सेवामा कार्यरत निजामती कर्मचारीले नियम प्रारम्भ भएको मितिले एक वर्षभित्र र नियमावली प्रारम्भ भएपछि नियुक्ति पाएका कर्मचारीले नियुक्ति पाएको मितिले एक वर्षभित्र नियमबमोजिम सेवा अवधि जोडाइसकेको हुनुपर्ने व्यवस्था छ ।

कांग्रेसको क्रियाशील...

पृष्ठ १ बाट क्रमशः

लगाइने, १० फागुनसम्म पालिकाबाट टुंगो लगाइने, २० फागुनसम्म प्रदेश सभा क्षेत्रीय समितिबाट टुंग्याइने, २ ९ फागुनसम्म एक मात्र प्रतिनिधिसभा क्षेत्रीय कार्यसमिति रहेको जिल्लाबाट टुंगो लगाइने र १५ चैतसम्म एकभन्दा बढी प्रतिनिधिसभा क्षेत्रीय कार्यसमितिबाट टुंगो लगाउनुपर्नेछ । सदस्यता नवीकरणमा ढिलाइ भएको भन्दै कांग्रेसको इतर समूहले असन्तुष्टि जनाउँदै आएको छ ।

समिति सदस्य प्रकाश रसाइली स्नेहीका अनुसार एकभन्दा बढी प्रतिनिधिसभा क्षेत्र भएको जिल्लाले १२ माघभित्र अनिवार्य रूपमा सदस्यता फारम र नामावलीको विवरण तल्लो तहमा पुऱ्याइसक्नुपर्नेछ । त्यस्तै एक मात्र प्रतिनिधिसभा क्षेत्र भएको जिल्लाले भने १३ माघभित्रमा सदस्यता फारम र विवरण तल्लो तहसम्ममा पुऱ्याइसक्नुपर्नेछ ।

कार्यतालिकाअनुसार १ फागुनभित्र वडाले क्रियाशील सदस्यता नवीकरण सकेर पालिका कार्यसमितिमा विवरण र नवीकरण शुल्क बुझाइसक्नुपर्नेछ । पालिकाले १० फागुनभित्र वडाबाट प्राप्त नवीकरणमाथि आवश्यक निर्णय र सिफारिस गरी प्रदेश सभा क्षेत्रीय कार्यसमितिलाई बुझाउनुपर्नेछ । प्रदेश सभा क्षेत्रीय समितिले २० फागुनभित्र प्रतिनिधिसभा क्षेत्रीय कार्यसमितिलाई बुझाइसक्नुपर्नेछ । प्रतिनिधिसभा क्षेत्रीय समितिले १५ चैतभित्र जिल्ला कार्यसमितिमा अनिवार्य बुझाइसक्नुपर्नेछ ।

कार्यतालिका कडाइका साथ लागू गर्ने जनाइएको छ । 'पहिलोपटक कार्यतालिका नै बनाएर सदस्यता वितरणको काम अगाडि बढाएका छौँ । समिति पार्टीका सबै तहसँग निरन्तर सम्पर्कमा छ र फलोअफमा बस्छ । यो समिति मात्रको निर्णय होइन,' स्नेहीले नयाँ पत्रिकासँग भने, 'पार्टीको पदाधिकारी तहमा छलफल भएर बनेको हो । कडाइका साथ कार्यतालिकाअनुसार काम गर्छौं । यस क्रममा समस्या आए समितिले आवश्यक निर्णय लिन्छ ।'

यसअघि क्रियाशील सदस्यता वितरणको काम अगाडि बढे पनि कतिपय स्थानमा विवाद देखिएका थिए । अधिकांश स्थानमा भने काम अगाडि नै बढ्न सकेको थिएन । समितिका अनुसार यस्तो समस्या धेरैजसो मधेशका जिल्लामा छन् । समिति सदस्य योगेन्द्र चौधरीका अनुसार समितिले वस्तुगत स्थितिसमेत अध्ययन गरेर सोही आधारमा टुंगो लगाउनेछ । 'जिल्ला तहबाट क्रियाशीलका टुंगो लागेपछि जनसंख्या र क्रियाशील सदस्यता वितरण अनुपातको अध्ययन गरेर टुंगो लगाउनेछौँ,' उनले भने, 'नयाँ सदस्यता वितरणमा पनि सबैलाई समेटेर लैजानेछौँ ।'

विधानअनुसार कांग्रेसको १५औँ महाधिवेशन मा ०८२ मा हुनुपर्नेछ । सदस्यताको टुंगो नलागी महाधिवेशन हुन सक्दैन । सदस्यता नवीकरण र नयाँ सदस्यता वितरण सुस्त भएकाले नियमित अधिवेशनमा ढिलाइ हुन सक्ने कांग्रेसको इतर समूहको बुझाइ छ । डा. शेखर कोइराला समूहले त अविलम्ब सदस्यताको टुंगो लगाउन र महाधिवेशन कार्यतालिका ल्याउन माग गरिरहेको छ ।

कांग्रेसको तथ्यांकअनुसार १४औँ महाधिवेशनमा आठ लाख ६९ हजार ५५१ क्रियाशील सदस्य छन् । गत १६ भदौमा सम्पन्न केन्द्रीय समिति बैठकले सदस्यता वितरण सहज बनाउन नियमावलीका तीन बुँदामा संशोधन गरेको छ । संशोधित व्यवस्थाअनुसार तल्लो तहबाट ढिलाइ भएमा केन्द्रमा रहेका सदस्यता व्यवस्थापन समितिसँग समन्वय गरी केन्द्रीय कार्यालयले सदस्यता प्रक्रिया सहज र छिटो-छरितो बनाउन सक्नेछ । यही व्यवस्थामा टेकेर फास्ट ट्र्याकमा सदस्यताको टुंगो लगाउन लागिएको हो ।

सदस्यताको विषय टुंगो लगाउन २ साउन ०७९ मा महामन्त्री थापालाई संयोजकको जिम्मेवारी दिइएको थियो । तर, लामो समय समिति सदस्य मनोनीत नहुँदा अपूर्ण समितिले सोचेअनुसार गतिविधि बढाउन सकेन । गत १४ कात्तिकमा मात्र सीता गुरुङ, चौधरी र स्नेही सदस्य मनोनीत भएका थिए । समितिका अनुसार मधेश र लुम्बिनीको जिम्मा रसाइलीलाई, बागमती र गण्डकीको जिम्मा गुरुङ र कोशी, कर्णाली र सुदूरपश्चिम प्रदेशको जिम्मवारी चौधरीलाई छ ।

शिक्षकहरूको कासमू विवाद प्रशासकीय अदालतमा, उल्टिँदै बढुवाका निर्णय

बढुवा सम्बन्धमा शिक्षक सेवा आयोगबाट हुने गरेको निर्णयलाई चुनौती दिँदै प्रशासकीय अदालतमा मुद्दा दर्ता हुने क्रम बढ्दो



■ **अरुण कोइराला**, उपसचिव, प्रशासकीय अदालत

सरुवा र काजका मुद्दा तीन महिनाभित्रै किनारा लगाउन हरसम्भव प्रयास गर्दै छौं। कार्यविधिका कारण नै मुद्दा लम्बिने गरेको छ। हामीकहाँ एक वर्ष नाघेका मुद्दा छैनन्। बढुवाको मुद्दा प्रायः असारमा आउँछन्। त्यसैले यस वर्ष मुद्दा सय कट्छ भन्ने हाम्रो अनुमान हो। निजामती सेवा देशभर छ, तर अदालत काठमाडौंमा मात्र छ। जुम्लाको मान्छेलाई गाह्रो पऱ्यो भने काठमाडौं आउनु भन्नु युक्तिसंगत हुँदैन।



■ **गेहनाथ गौतम**, उपसचिव, शिक्षक सेवा आयोग बढुवा शाखा

कासमू भर्न ३० दिनको समय तोकिएको हुन्छ। कहिलेकाहीं त्यो मितिभित्र नभरेकाले समस्या आएको छ। मूल्यांकन, सुपरिवेक्षणलगायत तीन-चार चरण पार गरेर बल्ल विद्यालय, स्थानीय तह, जिल्ला र प्रदेशस्तरको शिक्षा विकास निर्देशनालयमा जान्छ। यस्तोमा कतै कुनै हस्ताक्षर नहुने, कतै केरमेट हुनेजस्ता अवस्था आउँछन्।



शिल्पा कर्ण/नयाँ पत्रिका

शिक्षकहरूको बढुवा सम्बन्धमा शिक्षक सेवा आयोगबाट हुने गरेको निर्णयलाई चुनौती दिँदै प्रशासकीय अदालतमा मुद्दा दर्ता हुने गरेका छन्। यस्ता मुद्दामा कार्यसम्पादन मूल्यांकनमा कैफियत भेटिने गरेको छ। कतिपय यस्ता फाइल नै बेपत्ता पारिएका पनि छन्। यस्तोमा बढुवा समितिबाट भएको निर्णय उल्टिने गरी फैसला हुने गरेका छन्।

प्रशासकीय अदालतका अनुसार बढुवासम्बन्धी विवादमा सम्बन्धित स्थानीय तह, जिल्लाका शिक्षा तथा समन्वय इकाइ, शिक्षक सेवा आयोगसमेत प्रतिवादी हुने गरेका छन्। शिक्षकहरूका मुद्दामा कार्यसम्पादन मूल्यांकन थपघट गरेको, केरमेट गरेकोसमेत भेटिने गरेको अदालतले जनाएको छ।

'पुराना कासमू हराइसकेका, नयाँ प्रधानाध्यापक आउँदा तलमाथि हुने गरेको भेटिने गरेको छ। केही लापरबाही पनि देखिन्छ। कासमू समयमा नआउने, धेरै शिक्षकको एकैपटक आउँदा हेरेर, गणना गरी बढुवा सूची त्यसैअनुसार बनाउनुपर्ने हुन्छ, त्यसैले यस्ता मुद्दामा समय लाग्छ,' प्रशासकीय अदालतका उपसचिव अरुण कोइरालाले भने। प्रत्येक सोमबार र बिहीबार इजलास बस्छ। आइतबार र शुक्रबार भने बस्दैन। मुद्दाको चाप बढी हुँदा मंगलबार र बुधबार पनि इजलास बस्ने उपसचिव कोइरालाले बताए। तर, शिक्षकका अधिकांश मुद्दा बढुवासँग सम्बन्धित नै हुने गरेको अदालतले जनाएको छ। अझ गोप्य रहने कार्यसम्पादन मूल्यांकनमा केरमेट हुने गरेकाले बढुवाका क्रममा विवाद सिर्जना हुने गरेको र अदालतसम्म पुग्ने गरेको अभिलेखले देखाउँछ।

शिक्षक सेवा आयोग नियमालीको नियम २८ (२) मा बढुवा कार्यक्षमताका अधारमा गरिने तथा शिक्षकको कार्यक्षमताको मूल्यांकन गर्दा बढीमा सय अंक दिइने व्यवस्था छ। जसअनुसार नोकरीको ज्येष्ठताबापत ३५, शैक्षिक योग्यताबापत २०, तालिमबापत १० अंक दिइन्छ। बाँकी ३५ अंकमध्ये अध्यापन गरेको सम्बन्धित विषयमा विद्यार्थीले प्राप्त गरेको उपलब्धिबापत १५ अंक दिइन्छ। शिक्षण कार्यसँग सम्बन्धित विषयमा अनुसन्धान गरेबापत ५ अंक दिइन्छ, जुन शिक्षकको हकमा प्रधानाध्यापकले दिन्छन् भने प्रधानाध्यापकको हकमा सम्बन्धित स्थानीय तहको शिक्षा हेर्ने प्रमुखले प्रमाणित गर्नुपर्ने हुन्छ। साथै, विशेष जिम्मेवारीबापत ४ र कार्यसम्पादनका आधारमा सुपरिवेक्षक र पुनरावलोकन समितिले गरेको मूल्यांकनबापत १० अंक दिइन्छ।

संखुवासभाको तीनजुरे प्राथमिक विद्यालयका ५४ वर्षीय शिक्षक अमरबहादुर महतको मुद्दामा उनले आफूले कासमूबापत ३५ अंक पाउनुपर्नेमा केवल २० अंक दिइनु न्यायोचित नभएको जिकिर गरेका थिए भने कासमूबापत शून्य गणना गरिएकोसमेत भेटिएको थियो। ०७५ देखिका कासमू अदालतले फेरि गणना गरेको थियो। आयोगले बढुवा गरेका सबैको सूची र कासमू फारम सक्कलै अदालतले मगाएको थियो। महतको हकमा भने कासमू फारम भर्नुपर्ने मितिअगावै भरिएको ०७७ को कासमूलाई गणना गरिएको थिएन। तर, कासमू बुझाउनुपर्ने मितिभन्दा तीन दिनअगाडि बुझाइएको भनेर गणना नै नगर्नु उचित नहुने अदालतको ठहर थियो।

फैसलामा थप भनिएको छ, 'फारम दर्ता भए-नभएको यकिन गरी तोकिएको समयभित्र पनि कासमू फारम उपलब्ध हुन नसकेमा मात्र बढुवा कारबाही अगाडि बढाउन बढुवा सिफारिस समितिलाई कानुनले बाधा दिँदैन। कासमू फारम नै उपलब्ध नहुँदा पनि सम्बन्धित स्थानीय तह, विद्यालयसमेतसँग सम्पर्क नगरी विनासोधखोज कारबाही अगाडि बढाउन नहुने हो। यसप्रकार यी सामान्य प्रशासनिक कुराहरूलाई ध्यान नदिई शिक्षकको कासमू फराम नै नभए पनि नामावली प्रकाशन गर्ने कार्यलाई मानासिब मान्न मिल्दैन।' यो फैसलाले बढुवा भएका २६ जनाको विषयमा प्रभाव पारेको थियो।

कुस्माका तृतीय श्रेणीका शिक्षक प्रकाश चपाईं वादी भएको मुद्दामा तीन वर्षको कासमू गणना नै नभएको दाबी भएकाले प्रशासकीय अदालतले ०७३, ०७४ र ०७५ का कासमू मगाएको थियो। शिक्षा विकास तथा समन्वय इकाइ पर्वतबाट उनको कासमू फारम नभेटिएको र दर्ता पनि नभएकाले शून्य अंक दिइएको शिक्षा विकास निर्देशनालय गण्डकी प्रदेशको बढुवा समितिको सचिवालयको जवाफ थियो। १६ वैशाख ०८० मा बल्ल तीनै वर्षको कासमू फारम दर्ता भएको बढुवा सिफारिस समितिले जनाएको थियो।

■ 'एक वाक्यका भरमा बढुवा सिफारिस गर्न मिल्दैन'

अदालतले शिक्षक चपाईंले फारम भरेर समयमै प्रधानाध्यापकलाई बुझाई कर्तव्य पूरा गरेको उल्लेख गरेको थियो। साथै, तीन-तीन वर्षको कासमू फारम किन प्राप्त नभएको हो, सोको यकिन नगरी, अंक गणना नगरी केवल कासमू उपलब्ध नभएको भनी एक वाक्यका भरमा बढुवा सिफारिस गर्नुलाई न्यायिक मनबाट भएको कार्य मान्न नमिल्ने फैसलामा भनिएको छ। चपाईंको मुद्दामा प्रतिवादी रहेका कुस्मास्थित काफलचौर माविका शिक्षक नारायणप्रसाद शर्माले लिखित जवाफमा अन्य प्रतिवादीहरूको पनि कासमू बिग्रेको, किर्ते गरी पेस गरेकोलगायत विषय उल्लेख गरेका थिए। तर, यसबारे अदालतले भनेको छ, 'सरकारी कार्यालयमा अभिलेखका रूपमा रहने कासमूजस्ता कागजात किर्ते गरेको भन्ने विषय प्रस्तुत मुद्दाको रोहमा यस अदालतबाट निरापण हुने विषय नभएको र सो विषयमा सम्बन्धित पक्षले प्रचलित कानुनबमोजिम उपचारको मार्ग अवलम्बन गर्ने सक्ने नै हुनाले यहाँ सोबारेमा थप बोलिरहनु वाञ्छनीय देखिँदैन।'

शिक्षक सेवा आयोगका बढुवा शाखाका उपसचिव गेहनाथ गौतम आयोगबाट कुनै शिक्षकलाई मर्का पर्ने गरी कुनै निर्णय नहुने दाबी गर्छन्। यद्यपि, अदालतले विवेक प्रयोग गर्न सक्ने भएकाले कतिपय अवस्थामा आयोगको निर्णयविपरीत फैसला आउने गरेको उनले बताए। 'कासमू भर्न ३० दिनको समय तोकिएको हुन्छ। कहिलेकाहीं त्यो मितिभित्र नभरेकाले समस्या आएको छ। मूल्यांकन, सुपरिवेक्षणलगायत तीन-चार चरण पार गरेर बल्ल विद्यालय, स्थानीय तह, जिल्ला र प्रदेशस्तरको शिक्षा विकास निर्देशनालयमा जान्छ। यस्तोमा कतै कुनै हस्ताक्षर नहुने, कतै केरमेट हुनेजस्ता अवस्था आउँछन्,' उनले भने।

शिक्षकहरूले आफूले भरेको कासमू फारम अर्कै रहेको, आफूले फारम भरे पनि सम्बन्धित निकायले अगाडि नबढाइदिएकोजस्ता उजुरी लिएर आउने गरेको गौतमले बताए। यद्यपि, कार्यविधि र कानुनअनुरूप नै निर्णय लिइने उनको भनाइ छ। 'अदालतले भने विवेक प्रयोग गर्न सक्छ, नजिरहरू हेर्छ, सबै कागजात हेर्छ, भिडाउँछ र लागेको फैसला गर्न सक्छ। यस्तोमा आयोगले मर्का पारेकोजस्तो देखिए पनि अन्याय गर्ने किसिमबाट आयोगबाट कुनै निर्णय भएका हुँदैनन्,' उनले भने।

प्रशासकीय अदालत उच्च अदालतसरहको हुन्छ। प्रशासकीय अदालत ऐनले सम्बन्धित निकायले गरेको निर्णय वा अन्तिम आदेशलाई सदर, बदर वा आंशिक बदर गर्ने अधिकार दिएको छ। यसैगरी, सम्बन्धित निकायले बुझ्न छुटाएको प्रमाण बुझ्ने, बुझ्न लगाउने आदेश पनि अदालतले गर्न सक्छ। यिनै अधिकार प्रयोग गरी अदालतले फैसला गर्ने गरेको छ। हाल प्रशासकीय अदालतका अध्यक्षमा डिल्लीराज घिमिरे, सदस्यहरूमा कृष्णप्रसाद पौडेल र रिता मैनाली छन्।

संक्षेप

माओवादी ०६४ कै अवस्थामा फर्कन्छ : प्रचण्ड



विराटनगर/ माओवादी अध्यक्ष पुष्पकमल दाहाल प्रचण्डले आगामी निर्वाचनमा पार्टी पहिलेकै अवस्थामा फर्केर सबैभन्दा ठूलो बन्ने दाबी गरेका छन। शनिबार मोरङको ग्रामथानमा आयोजित धन्यवाद तथा खबरदारी सभामा उनले ०८४ को निर्वाचनमा माओवादीले ०६४ कै अवस्था हासिल गर्ने दाबी गरे। गत उपनिर्वाचनमा पालिका अध्यक्षमा माओवादी उम्मेदवारलाई जिताएकोमा ग्रामथानवासीलाई धन्यवाद दिँदै उनले भने, 'म तपाईंहरूलाई फेरि पनि आग्रह गर्छु, माओवादीलाई ०६४ कै अवस्थामा पुऱ्याउनुहोस्, त्यसपछि मात्र देशमा भ्रष्टाचारको अन्त भएर सुशासन कायम हुन्छ।' ०६४ मा जनताको मत पाएर पनि पार्टीलाई एक बनाएर राख्न नसक्दा जनताबाट विश्वास गुमाउनुपरेको प्रचण्डले स्मरण गरे। तर, माओवादी नेतृत्वको सरकारले गरेका राम्रा कामले फेरि जनतामा विश्वास फर्कन थालेको उनले दाबी गरे। 'त्यो वेला जनमतबारे हाम्रो चेतना र सुझबुझ नै फरक थियो। यसैले हामीले जनताको अपेक्षाअनुसारको विश्वास जित्न सकेनौं, तर अब भने हामी आमनागरिकलाई परिवर्तनको पूर्ण अनुभूति गराउन सक्षम भइसकेका छौं।' कुलमान घिसिङलाई नेपाल विद्युत् प्राधिकरणको कार्यकारी निर्देशक बनाएपछि देश लोडसेडिङमुक्त भएको देख्न कांग्रेस एमालेको सरकारले उनलाई फेरि देशमा लोडसेडिङ गराएर अकुत कमाउन लखेट्न थालेको बताए। गत मंसिरमा सम्पन्न उपनिर्वाचनमा ग्रामथान गाउँपालिकामा पहिले तेस्रो स्थानमा रहेको माओवादीका नमोनारायण माझी अध्यक्ष निर्वाचित भएका थिए। ग्रामथानवासीलाई धन्यवाद दिँदै प्रचण्डले जनतामा उत्साह जागेकाले ०८४ को निर्वाचनमा स्थानीय तहमा पनि माओवादी पहिलो दल बन्ने दाबी गरे।

साथीलाई गोली हानी हत्या गरेको आरोपमा दुईजना पक्राउ

दाङ/ आफ्नै साथीलाई गोली हानेर हत्या गरेको आरोपमा प्रहरीले दुईजना पक्राउ परेका छन्। दंगीशरण गाउँपालिका- २ कौवाघारीका २५ वर्षीय प्रेम कुसारीको गोली हानी हत्या गरेको आरोपमा छविलाल डांगी र पुष्प बस्नेत पक्राउ परेको जिल्ला प्रहरी कार्यालय दाङका प्रहरी उपरीक्षक अर्जुन तिमल्सिनाले बताए। छविलाललाई बाँकेको कोहलपुर र पुष्पलाई तुलसीपुर बजारबाट पक्राउ गरिएको प्रहरीको भनाइ छ। ३ माघमा छविलाल र पुष्पले प्रेमलाई गोली हानेर हत्या गरेको प्रहरीको अनुसन्धानबाट खुलेको छ। उनीहरूले प्रेमलाई गोली हानेर पछि जिंगटको रुखबाट खसेर घाइते भएको बताएका थिए। प्रेमको नेपालगन्जमा उपचारका क्रममा मृत्यु भएको थियो। स्थानीय जंगलमा लुकाएको अवस्थामा बन्दुकसमेत बरामद भएको प्रहरीले जनाएको छ।

समाजवादी मोर्चाले १५ माघमै भन्डाफोर गर्ने

काठमाडौं/ समाजवादी मोर्चाले सरकारका गलत कामको भन्डाफोर गर्ने कार्यक्रम एक दिनअघि सारेको छ। १६ माघमा सहिदको अवसरमा कार्यक्रम गर्ने निर्णय भएकोमा हल अभाव भएपछि १५ माघमा प्रज्ञा भवन कमलादीमा कार्यक्रम गर्ने गरी सारिएको छ। 'सहिद दिवसको दिन १६ माघमा कार्यक्रम गर्ने निर्णय थियो। तर, हलका कारण मिति परिवर्तन भयो। अब १५ माघमा कार्यक्रम हुन्छ,' मोर्चाका सचिवालय सदस्य गंगानारायण श्रेष्ठले भने। कार्यक्रमलाई मोर्चामा आबद्ध दलका शीर्ष नेताहरू माओवादी अध्यक्ष पुष्पकमल दाहाल प्रचण्ड, एकीकृत समाजवादीका अध्यक्ष माधवकुमार नेपाल, नेपाल समाजवादी पार्टीका अध्यक्ष महिन्द्रराय यादव, नेकपामा महासचिव नेत्रविक्रम चन्दले सम्बोधन गर्नेछन्। 'सरकारले राम्रो काम गर्न सकेन। महँगी, भ्रष्टाचार बढ्यो। सेवा प्रवाहका ढिलासुस्ती भयो। त्यसैले सरकारले गरेका गलत काम जनतालाई बताउन कार्यक्रम आयोजना गरिएको हो,' एकीकृत समाजवादीका वरिष्ठ नेता डा. बेदुराम भुसालले भने। सोही दिन साँझ मोर्चाको बैठक बस्ने तयारी छ। बैठकले कार्यक्रमको समीक्षासहित आगामी रणनीति र कार्यक्रम तय गर्ने श्रेष्ठले बताए। मोर्चाको कार्यदलले दस्ताबेजलाई अन्तिम रूप दिने प्रयास गरेको छ। यसअघि गत १ साउनमा बसेको मोर्चाको बैठकले कार्यदललाई दस्ताबेज निर्माणको जिम्मा दिएको थियो।

■ मधेशमा मनाइयो बलिदानी दिवस



बलिदानी दिवस तथा मधेश आन्दोलनका सहिदहरूको सम्झनामा जानकी मन्दिरपरिसरमा शनिबार साँझ गरिएको दीप प्रज्वलन। मधेश सरकारले शनिबार बलिदानी दिवस मनाएको छ। तस्बिर : **हृदिश खुद्दार**/नयाँ पत्रिका

कोशीका पूर्वमुख्यमन्त्री थापामाथि कुटपिट, विद्युत् प्राधिकरणका दुई कर्मचारी पक्राउ



काठमाडौं/ कोशी प्रदेशका पूर्वमुख्यमन्त्री उद्धव थापामाथि कुटपिट भएको छ। सडकमा भएको विवादमा नेपाल विद्युत् प्राधिकरणका कर्मचारीले थापालाई मुक्का हानेका छन्। शनिबार झापाको जामुनबारी चोकमा उनीमाथि मुक्का प्रहार भएको हो। थापाको आँखामा चोट लागेको छ।

थापामाथि आक्रमण गर्ने विद्युत प्राधिकरणका कर्मचारीद्वय शिवसताक्षी-११ का ४९ वर्षीय भक्तबहादुर कटवाल र कन्काई-३ का ४२ वर्षीय पृथ्वी श्रेष्ठलाई प्रहरीले पक्राउ गरेको छ। थापा सवार गाडीले विद्युत् प्राधिकरणका कर्मचारी सवारी गाडीलाई ओभरटेक गर्दा विवाद भएको थियो। सोही क्रममा थापाका पिएसओले गाडीमा भिआइपी सवार रहेको बताएका थिए। झापा कांग्रेसका सचिव कृष्ण हुमागाईंका अनुसार त्यसपछि प्राधिकरणका चालकले 'देश लुट्ने यिनै नेता हुन्' भन्दै झापड हानेका हुन्। घटनापछि सामान्य उपचार गरेर थापा घर फर्किएका छन्। उनी पिकनिकबाट फर्कने क्रममा सो घटना भएको हो। घटनाको विषयमा अनुसन्धान अघि बढाइएको झापा प्रहरीले जनाएको छ। थापा कांग्रेस कोशी प्रदेशका सभापतिसमेत हुन्।

बर्दीबासमा बन्न लागेको फनपार्क विवादमा

३९ बिघामा फनपार्क बनाउन नगरपालिकाले २८ जनाको निजी जग्गा अधिग्रहणका लागि सूचना प्रकाशित गरेपछि जग्गाधनीहरूको आपत्ति, जग्गाको कम मूल्यांकन गरी अधिग्रहण गर्न लागेको आरोप

महोत्तरीमा **रञ्जन भण्डारी**

महोत्तरीको बर्दीबास नगरपालिका- १४ स्थित रातु नदी किनारमा करिब ३९ बिघा जग्गामा बन्ने भनिएको फनपार्क विवादमा परेको छ। फनपार्कलाई बर्दीबास नगरपालिकाले गौरवको योजनाअन्तर्गत बनाउने घोषणा गरेको छ।

३६ बिघा ऐलानी जग्गा प्राप्तिका लागि प्रक्रिया अघि बढेको र थप तीन बिघा जग्गा व्यक्तिको अधिग्रहण गर्न कार्य थालेपछि फनपार्क विवादमा परेको हो। फनपार्क बनाउन २८ जनाको निजी जग्गा अधिग्रहणका लागि पत्रिकामा सूचना प्रकाशित भएपछि जग्गाधनीहरूले भूमाफियाको चलखेल भई आफूहरूको जग्गा कम मूल्यांकन गरी अधिग्रहण गर्न लागेको भन्दै आपत्ति जनाएका छन्।

जग्गाधनी गंगाराम खड्काले आफूहरूको सहमतिविना नगरपालिकाले मालपोतबाट जग्गा रोक्कासमेत गराएको बुझेकाले मिडिया गुहारेको बताए। उनले जग्गाबाट करोडौंको बालुवा-गिट्टी निकालेर भूमाफियालाई बेच्ने योजना रहेको बताए। त्यहाँ





फनपार्कको नाममा ठुलो चलखेल हुन लागेको दाबी गरे। 'नगरआसपास करिब हजार बिघाभन्दा बढी सरकारी ऐलानी, पर्ती जग्गा हुँदाहुँदै प्रस्तावित फनपार्क क्षेत्रमै पार्क बनाउने सोच्नु त्यो क्षेत्र गिट्टी-बालुवाको भण्डार भएर हो। नगरबाट ५-७ किलोमिटरको दूरीमा किसाननगर, हात्तीलेट, पाटु, माइस्थानआसपासको मनोरम प्राकृतिक स्थलमा फनपार्क बनाउँदा पर्यटनको विकासले नगरबाट ओझेल परेका क्षेत्रको पनि आर्थिक समृद्धि हुन्छ। तर, हाम्रो जग्गामा मूल खानी छ। यसैले जग्गाधनीसँग कुनै छलफल नगरी १५ दिने सूचनाको नाममा महोत्तरी जिल्ला प्रशासन कार्यालयले सात दिनभित्र निवेदन हाल्न आउनू भनेर मुआब्जाको सूचना निकाल्नुमा भूमाफियाको चलखेल भएको हाम्रो ठहर छ,' जग्गाधनी विनोद पौड्यालले भने।

बर्दीबास नगरपालिकाले भने उक्त जग्गामा गौरवको योजनाअन्तर्गत फनपार्क बनाउने प्रक्रिया सुरु भएको बताएको छ। नगरपालिकाका प्रवक्ता विजय महतोले चारैतिर सरकारी जग्गा रहेको बताउँदै सोही जग्गा उत्तम भएकाले पार्क बनाउन आवश्यक जग्गामा केही निजी जग्गा परेकोमा उनीहरूलाई उचित मूल्यांकन गरी मुआब्जा दिने तयारी रहेको बताए।

होटेल तथा पर्यटन व्यवसायी संघ महोत्तरीका अध्यक्ष गुज्ज कार्कीले रातु नदीको किनार बलौटे स्थान भएकाले तराई मधेशमा हुने करिब आठ महिनाको गर्मीले फनपार्क गर्मी मौसममा व्यावसायिक हुन नसक्ने बताए। बर्दीबासमै पार्क निर्माण गरेमा अलि हरियाली स्थल उपयुक्त हुने उनको भनाइ छ।

शिक्षामा विविधता व्यवस्थापन

विविधता व्यवस्थापनबाट शिक्षासम्बन्धी मौलिक हकको सारभूत कार्यान्वयन, सामाजिक न्याय, विकास र समृद्धिको राष्ट्रिय आकांक्षा पूरा गर्न मद्दत पुग्नेछ



● धनसूदन चौलागाईं

अग्रलेख



शिक्षा पूर्वाधारको पनि पूर्वाधार तथा विकास र समृद्धिको आधार हो। व्यक्तिमा अन्तरनिहित प्रतिभा र सम्भावनाको पहिचान एवं प्रस्फुटन गरी उसको सर्वांगीण विकास गर्ने कार्य शिक्षाले गर्छ। शिक्षाले नै व्यक्तिलाई आवश्यक ज्ञान, सीप र क्षमता विकासका माध्यमबाट व्यक्तिगत, सामाजिक र राष्ट्रिय जीवनका लागि दक्ष, सीपयुक्त र नैतिकवान् एवं असल नागरिकका रूपमा तयार गर्छ। त्यसैले, आधुनिक समाजमा शिक्षालाई नागरिकको आधारभूत आवश्यकताअन्तर्गत राख्ने गरिन्छ र नागरिकको मौलिक हक एवं राज्यको दायित्वका रूपमा यसलाई लिइएको छ। राज्यबाट सबै नागरिकलाई शिक्षा पाउने हकको व्यवस्था कानुनमै गरिएको हुन्छ।

शिक्षा प्राप्तिका लागि विद्यालयमा आएका बालबालिका शारीरिक एवं बौद्धिक, आर्थिक, सामाजिक र सांस्कृतिक तथा भाषिक रूपमा फरक पृष्ठभूमि, क्षमता र विशेषताका हुन्छन्। बालबालिकाका यी फरकपन र विशिष्टता नै विविधता हुन्। बालबालिकाका यी विविधताको समुचित पहिचान र सम्मान तथा आवश्यकताको समुचित सम्बोधन गर्दै उनीहरूको सिकाइका लागि बालमैत्रीपूर्ण सिकाइ वातावरण सिर्जना गरी शिक्षामा समतामूलक पहुँच सुनिश्चित गर्ने कार्य नै शिक्षामा विविधता व्यवस्थापन हो। प्रस्तुत लेखमा नेपालको शिक्षा प्रणालीमा विविधता व्यवस्थापनका लागि भएका प्रयास, सम्बोधन हुन नसकेका पक्ष र सुधारका सम्भाव्य उपायबारे चर्चा गर्ने प्रयत्न गरिएको छ।

नेपालको संविधानले शिक्षालाई नागरिकको मौलिक हक र राज्यको दायित्वको रूपमा अंगीकार गरेको छ। अनिवार्य तथा निःशुल्क शिक्षासम्बन्धी ऐन, २०७५ मा प्रत्येक नागरिकलाई गुणस्तरीय शिक्षामा समतामूलक पहुँच, प्रत्येक नेपाली समुदायलाई मातृभाषामा शिक्षाको अधिकार, अपांगता भएका नागरिकलाई विशेष शिक्षाका माध्यमबाट शिक्षाको अधिकार, आर्थिक रूपले विपन्न, अपांगता भएका र दलित नागरिकलाई निःशुल्क उच्च शिक्षा प्राप्त गर्ने अधिकारको व्यवस्था गर्दै शिक्षामा सामाजिक विविधताको सम्बोधन गरी शैक्षिक विकासको मूल प्रवाहमा सबैलाई समेट्ने व्यवस्था रहेको छ।

प्रारम्भिक कक्षाहरूमा मातृभाषामै सिक्ने अवसर सुनिश्चित गर्न र सिकाइमा आइपर्ने भाषिक कठिनाइलाई सम्बोधन गर्न पाठ्यक्रम विकास केन्द्रबाट विभिन्न २८ मातृभाषामा पाठ्यपुस्तक विकास गरिएका छन्। दृष्टिविहीन बालबालिकाको शिक्षाको अधिकार सुनिश्चित गर्न ब्रेललिपिका पाठ्यपुस्तक विकास गरिएको छ। बहिरा बालबालिकाका लागि सांकेतिक भाषामा पठनपाठनको व्यवस्था गरिएको छ। शिक्षकलाई ब्रेल लिपि र सांकेतिक भाषामा शिक्षणसम्बन्धी तालिमको व्यवस्था गरिएको छ। अपांगताको प्रकृति र संख्याका आधारमा अपांगता भएका बालबालिकाका लागि विशेष विद्यालय, एकीकृत विद्यालय र स्रोत कक्षाको व्यवस्था गरिएको छ। हाल एकीकृत विद्यालय २३ वटा, विशेष विद्यालय ३३ वटा र स्रोत कक्षा ३८० वटा सञ्चालनमा छन् (शिक्षा तथा मानव स्रोत विकास केन्द्र, २०८०)। घरबाट दैनिक रूपमा आवतजावत गर्न भौगोलिक दूरी र अपांगताको गम्भीरताका कारण विद्यालयले व्यवस्था गरेको आवासमा बसी पढ्नुपर्ने अपांगता भएका बालबालिकाका लागि प्रतिविद्यार्थी प्रतिमहिना पाँच हजारका दरले वर्षमा दश महिनाको आवासीय छात्रवृत्तिको व्यवस्था छ। घरबाटै विद्यालय गएर पढ्न सक्नेका लागि अपांगताको विभिन्न प्रकृति र अवस्थाअनुसार वार्षिक पाँच हजार रुपैयाँसम्म गैरआवासीय छात्रवृत्तिको व्यवस्था गरिएको छ। भौगोलिक कठिनाइले विद्यालय आउन नसक्ने बालबालिकाका लागि आवासीय विद्यालय र छात्राहरूका लागि फिडर छात्रावासको व्यवस्था छ।

आर्थिक सामाजिक रूपले पछाडि परेका समुदायका बालबालिकालाई विद्यालयमा ल्याउन र टिकाइराख्न विभिन्न किसिमका छात्रवृत्तिको व्यवस्था गरिएको छ। विद्यालय शिक्षाको पाठ्यक्रम, पाठ्यवस्तु, पाठ्यपुस्तक र शैक्षिक सामग्रीको छनोट गर्दा तथा शिक्षकलाई दिइने तालिमको विषयवस्तु, कक्षा व्यवस्थापन र शिक्षण सिकाइ क्रियाकलाप सञ्चालनमा विविधताको सम्बोधन गर्नुपर्ने कुरा समेटिने गरेको छ। विद्यालयमा छात्राका लागि अलग्गै शौचालय तथा महिनावारी हुने उमेरका बालिकाका लागि स्यानिटरी प्याड र त्यसको विसर्जनको व्यवस्था गरिएको छ। विद्यालय शिक्षाको आधारभूत तहसम्म स्थानीय भाषा, संस्कृति र सम्पदा, पेसा, व्यवसाय, कला, संगीत, ज्ञान र सीपलाई पठनपाठनको विषय बनाउने गरी स्थानीय पाठ्यक्रम निर्माण र कार्यान्वयन हुँदै आएको छ।

शिक्षण पेसालाई समावेशी बनाउन शिक्षक सेवा आयोगबाट शिक्षक छनोटका लागि हुने विज्ञापनमा महिला, आदिवासी, जनजाति, मधेसी, दलित, अपांग र पिछडिएको क्षेत्रका बासिन्दाका लागि निश्चित स्थान आरक्षण गर्ने कानुनी व्यवस्था रहेको छ। यसबाट शिक्षण पेसामा सामाजिक विविधताको प्रतिनिधित्व बढ्दै गएको छ। महिला शिक्षकको अनुपातमा वृद्धि हुँदै गएको छ। विद्यालय व्यवस्थापनमा पनि विविधताको सम्बोधन हुने गरी समावेशी प्रतिनिधित्वको व्यवस्था गरिएको छ। विद्यालयमा गुनासो सुनुवाइको व्यवस्थाले विद्यार्थीप्रति हुने सम्भावित दुर्व्यवहार, भेदभाव र हेपाइ अन्त्य गरी प्रत्येक विद्यार्थीलाई आत्मसम्मानसाथ पढ्न पाउने वातावरण तयार गर्न मद्दत पुगेको छ।

शिक्षामा विविधतालाई सम्बोधन गर्न उल्लिखित प्रयत्न भए पनि ती पर्याप्त हुन सकेका छैनन्। जस्तो कि दृष्टिविहीन र बहिरा बालबालिकालाई ब्रेललिपि र सांकेतिक भाषामा अध्यापन गराउन सक्ने शिक्षक पर्याप्त मात्रामा तयार गर्न सकिएको छैन। यस्ता बालबालिकालाई शिक्षण गर्ने शिक्षकलाई थप प्रोत्साहनको व्यवस्था हुन नसक्दा शिक्षकलाई उत्प्रेरित गर्न र टिकाइराख्न कठिन भएको छ। सबै बालबालिकाले यस्तो माध्यमबाट शिक्षा लिने अवसर प्राप्त गर्न सकेका छैनन्। पाठ्यक्रम र पाठ्यसामग्री तथा शैक्षिक सामग्री आवश्यक मात्रामा अनुकूलन गर्न सकिएको छैन। बालबालिकाको सर्वांगीण विकासका दृष्टिले अत्यन्तै महत्त्वपूर्ण र विद्यालय शिक्षाको आधारशिलाका रूपमा रहेको प्रारम्भिक बालविकास तथा शिक्षामा दृष्टिविहीन, श्रवण शक्ति नभएका, अटिजम र बहुअपांगता भएका बालबालिकाको सिकाइ र विकासका लागि शिक्षक तालिम, पाठ्यक्रम अनुकूलन र सिकाइ सामग्रीको विकासमा ठोस प्रयास हुन सकेको छैन। अपांगता भएका बालबालिकालाई अध्यापन गराउन नवीनतम प्रविधिको उपलब्धता र प्रयोग पनि भएको पाइँदैन। आर्थिक सामाजिक रूपले पछाडि परेका समुदायका बालबालिकाका लागि विद्यालय तहमा दिइने गैरआवासीय छात्रवृत्तिको रकम अत्यन्तै न्यून छ।

> बालबालिकाका विविधताको समुचित पहिचान र सम्मान तथा आवश्यकताको समुचित सम्बोधन गर्दै उनीहरूको सिकाइका लागि बालमैत्रीपूर्ण सिकाइ वातावरण सिर्जना गरी शिक्षामा समतामूलक पहुँच सुनिश्चित गर्नु शिक्षामा विविधता व्यवस्थापन हो

समयमै बालबालिकाको अपांगताको प्रारम्भिक पहिचान र सबै विद्यालयमा अपांगतामैत्री पूर्वाधारको व्यवस्था हुन सकेको छैन। तीक्ष्ण क्षमता र विलक्षण प्रतिभा भएका विद्यार्थीको यथोचित पहिचान र सोअनुरूप व्यक्तित्व विकासको अवसर दिन सकिएको छैन। सबै विद्यालयमा कक्षा व्यवस्थापन, शिक्षण विधि, सामग्री छनोट र शिक्षण सिकाइ क्रियाकलाप सञ्चालन गर्दा विद्यार्थीका व्यक्तिगत भिन्नतामा पर्याप्त ध्यान दिन सकेको पाइँदैन। सबै मातृभाषामा पाठ्यपुस्तक एवं पाठ्यसामग्री विकास हुन सकेको छैन। स्थानीय पाठ्यक्रम निर्माण र कार्यान्वयन प्रारम्भिक चरणमै छ। विद्यार्थीको विविधताको पहिचान र सम्बोधनबारे सबै शिक्षकलाई पर्याप्त मात्रामा तालिम दिन सकिएको छैन। निजी लगानीका विद्यालयले निश्चित संख्यामा विद्यार्थीलाई निःशुल्क शिक्षा दिनुपर्ने कानुनी व्यवस्थाको प्रभावकारी कार्यान्वयन र सोको अनुगमन हुन सकेको छैन। यी पक्षको यथोचित सम्बोधन नहुँदासम्म शिक्षामा सामाजिक विविधताको सारभूत रूपमा सम्बोधन हुन र सबै बालबालिकाको समतामूलक पहुँच सुनिश्चित गर्न सम्भव देखिँदैन। विद्यार्थी र शिक्षा प्रणालीका अन्य पक्षसमेतका विविधताको समुचित रूपमा पहिचान र सम्बोधन गरेर मात्र विद्यालय उमेरका सबै बालबालिकालाई गुणस्तरीय शिक्षामा समतामूलक पहुँच सुनिश्चित गर्न सकिन्छ। शिक्षासम्बन्धी मौलिक हकको सारभूत रूपमा कार्यान्वयन गरेर मात्र विकास र समृद्धिको राष्ट्रिय संकल्प पूरा गर्न सकिन्छ। यसका लागि, पहिलो, यससम्बन्धी नीतिगत व्यवस्थाको आवश्यक स्रोतसाधन र ठोस कार्ययोजनासहित प्रभावकारी कार्यान्वयन गर्नुपर्छ। दोस्रो, सबै विद्यालयमा अपांगतामैत्री पूर्वाधार निर्माण गर्नुपर्छ। तेस्रो, दृष्टिविहीन र बहिरा बालबालिकाका लागि आवश्यक मात्रामा स्रोत कक्षाको व्यवस्था तथा अटिजम र बहुअपांगता भएका बालबालिकाको सिकाइ आवश्यकता पूरा हुने गरी पाठ्यक्रम र पाठ्यसामग्रीको विकास तथा अनुकूलन गर्नुपर्छ। साथै दृष्टिविहीन, बहिरा, अटिजम र बहुअपांगता भएका बालबालिकालाई अध्यापन गराउन नवीनतम प्रविधिको प्रयोग गर्नुपर्छ। चौथो, ब्रेललिपि र सांकेतिक भाषामा अध्यापन गराउने शिक्षकको पर्याप्त संख्यामा तयारी तथा यस्ता शिक्षकका लागि क्षमता विकास र उत्प्रेरणात्मक व्यवस्था गर्नुपर्छ। पाँचौं, शिशु विकास र प्रारम्भिक बालविकास तथा शिक्षादेखि नै प्रारम्भिक पहिचानका माध्यमबाट अपांगताको पहिचानका साथै आर्थिक, सामाजिक, अन्तरनिहित प्रतिभा एवं विलक्षणतालगायत सबैखाले विविधताको पहिचान गरी सिकाइ आवश्यकताको सम्बोधन गर्ने व्यवस्था गर्नुपर्छ। छैटौं, निजी लगानीका विद्यालयले तोकिएको संख्यामा निःशुल्क शिक्षा दिनुपर्ने व्यवस्था कार्यान्वयन गराउने र सोको नियमित अनुगमन गर्ने व्यवस्था गर्नुपर्छ। सातौं, भाषिक विविधता सम्बोधन गर्न सबै मातृभाषामा पाठ्यपुस्तक, पाठ्यसामग्री तथा शैक्षिक सामग्री विकास र स्थानीय पाठ्यक्रमको निर्माण र कार्यान्वयनलाई प्रभावकारी बनाउनुपर्छ। आठौं, विद्यार्थीका विविधतालाई केन्द्रमा राखेर कक्षाकोठा व्यवस्थापन, शिक्षण विधिको प्रयोग तथा शिक्षण सिकाइ क्रियाकलाप सञ्चालन गर्ने व्यवस्था मिलाउनुपर्छ। नवौं, तीक्ष्ण क्षमता र विलक्षण प्रतिभा भएका विद्यार्थीलाई व्यक्तित्व विकासको समुचित वातावरण प्रदान गर्नुपर्छ र यस्ता विद्यार्थीलाई नवप्रवर्तनात्मक कार्यमा प्रेरित गर्नुपर्छ। दसौं, विद्यार्थीका विविधताको पहिचान र सम्बोधन गरी कक्षाकोठा व्यवस्थापन, सिकाइ वातावरण र शिक्षण क्रियाकलाप सञ्चालनका लागि सक्षम बनाउन शिक्षकलाई यससम्बन्धी तालिमको व्यवस्था गर्नुपर्छ। र एघारौं, आर्थिक सामाजिक रूपमा पछाडि परेका समुदायका बालबालिकालाई हाल दिइँदै आएको गैरआवासीय छात्रवृत्तिको रकम एकदमै न्यून भएको हुँदा यसमा सामयिक वृद्धि गरी आर्थिक रूपले विपन्न परिवारका बालबालिकालाई शैक्षिक विकासमा मूल प्रवाहीकरण गर्नुपर्छ।

अन्त्यमा, शारीरिक एवं बौद्धिक, आर्थिक, सामाजिक र सांस्कृतिक तथा भाषिक विविधताको समुचित पहिचान र सम्बोधन गरी बालमैत्रीपूर्ण र गुणस्तरीय शिक्षामा सबै बालबालिकाको समतामूलक पहुँच सुनिश्चित गर्दै शैक्षिक विकासको मूल प्रवाहमा समाहित गर्नु आजको आवश्यकता हो। यसबाट शिक्षासम्बन्धी मौलिक हकको सारभूत कार्यान्वयन, सामाजिक न्याय, विकास र समृद्धिको राष्ट्रिय आकांक्षा पूरा गर्न मद्दत पुग्नेछ।

(चौलागाईं शिक्षा मन्त्रालयमा कार्यरत अधिकृत हुन्)

---

३ प्रश्न

उपभोक्ता अधिकार अनुसन्धान मञ्चका अध्यक्ष **माधव तिमिल्सिना**लाई



सरकारले अध्यादेशमार्फत गरेको २० प्रतिशतभन्दा बढी मुनाफा लिन नपाइने व्यवस्थाको खारेजीबारे के भन्नुहुन्छ ?

नेपाल सरकारले हालै अध्यादेशमार्फत कालोबजारी तथा अन्य केही सामाजिक अपराधसम्बन्धी ऐन २०३२ लाई संशोधन गर्दै २० प्रतिशतभन्दा बढी मुनाफा लिन नलाइने दफा खारेज गर्दा बजारमा कृत्रिम अभाव, सिन्डिकेट, कार्टेलिङ र जम्माखोरी अझै बढ्न गई नेपाली उपभोक्ताहरू अस्वाभाविक मूल्य र कृत्रिम अभावको समाना गर्न बध्य हुनेछन्। त्यसैले, संविधानप्रदत्त मौलिक अधिकार संरक्षण र प्रवर्धन गर्न सो अध्यादेशमार्फत दफा खारेज गर्ने व्यवस्था तत्काल फिर्ता लिनुपर्छ।

यसले हाम्रो बजार र उपभोक्तामाथि कस्तो प्रभाव पार्ला ?

सरकारको अनुगमन र नियमन फितलो हुने, सरकारको प्राथमिकतामा उपभोक्ता हित र स्वच्छ बजार नपर्ने आपूर्ति प्रणाली नियमित नहुने बजार र उपभोक्तावादको सिद्धान्तविपरीत कानुनद्वारा निषेधित क्रियाकलाप वस्तु र सेवा क्षेत्र दुवैमा भइरहेको अवस्था छ। यस्तोमा एउटा उपभोक्ताले बजार गएर घर फर्कँदा म लुटिएँ, ठगिएँ भन्दै निराश बनेर राज्यविहीनताको अवस्था महसुस गर्नुपर्ने स्थिति अबका दिनमा देखिन सक्छन्।

हाम्रो सरकारले कालोबजारलाई किन प्रोत्साहन गरेको होला ?

बजारमा राम्रा काम गर्नेहरू दिनप्रतिदिन पलायन हुनुपरिरहेको अवस्था छ। अधिकांश वस्तुहरू गैरभन्सार विन्दुबाट ल्याएर केही व्यक्तिलाई प्रभावमा पार्दा सरकार राजस्वबाट ठगिइरहेको छ। उपभोक्ताहरू बढी मूल्य तिर्न बाध्य भइरहेका छन्। सत्ता र प्रतिपक्षमा हुनेहरूसमेत त्यस्ता व्यवसायबाट प्रभावित हुने हुँदा संसद् र राजनीतिक दलहरूमा समेत उनीहरूको संगठित दबाब र प्रभाव रहँदा हाम्रो सरकार जहिल्यै हुँदा खाने वर्गको पक्षमा नरही कालोबजारीहरूको प्रोत्साहनमा लागेको देखिन्छ।

प्रेरक प्रसंग

शिवाजीको चरित्र

एकपटक छत्रपति महाराज शिवाजीका बहादुर सेनापतिले कल्याणको किल्लामा जित हासिल गरे। हतियार भण्डारका साथै अकुत सम्पत्ति पनि उनको हातमा आयो। आफूले जित हासिल गरेको किल्लाको छानबिन गर्ने क्रममा उनका एक सिपाहीले मुगल सेनाका एक सुबेदारकी अत्यन्त सुन्दर छोरीलाई भेट्टाए। उनले ती सुन्दर महिलालाई आफ्ना सेनापतिसामु पेस गरे। ती नवयौवना महिलालाई देख्दा सेनापति उनको रुपलावण्यमाथि मुग्ध भए। उनले तिनलाई महाराज शिवाजीसमक्ष उपहारका रूपमा भेट गर्नु उचित ठाने। त्यसैले, उनी ती महिलालाई पाल्कीमा राखेर दरबारतिर गए।



उनी दरबार पुग्दा शिवाजी आफ्ना मन्त्रीहरूसित शासन व्यवस्थाबारे विमर्श गरिरहेका थिए। युद्धमा विजयी सेनापतिले महाराज शिवाजीलाई प्रणाम गरे र आफूले एक अमूल्य रत्न उपहारस्वरुप महाराजसमक्ष अर्पण गर्न चाहेको बताए। महाराज शिवाजीको अनुमति पाएपछि सेनापतिले पाल्कीतिर संकेत गरे। शिवाजीले पाल्कीको पर्दा उठाउँदा ती सुन्दर नवयौवनालाई देखे। तिनलाई देख्नासाथ लज्जापूर्वक उनको शिर झुक्यो। उनले प्रत्यक्षतः सेनापतिलाई हप्काउँदै भने- सेनापति, तिमी मेरो साथमा यति लामो समयदेखि सँगै छौ। तैपनि, तिमीले मेरो स्वभाव चिन्न सकेनौ। म आफ्नी रानीबाहेक अन्य सम्पूर्ण महिलालाई आफ्नै आमा र छोरीचेलीसमान मान्छु भन्ने तिमीले थाहा पाउनुपर्ने हो। अब तिमी अहिल्यै जाऊ र यिनलाई सम्मानपूर्वक उनकी आमासमक्ष सुम्पेर आऊ।

महाराज शिवाजीबाट इनामको अपेक्षा गरिरहेका सेनापतिसामु महाराजको हप्काइपछि चुपचाप ती महिलालाई उनकी आमासमक्ष सुम्पन जानुको विकल्प रहेन। उनले ससम्मान ती महिलालाई उनकी आमासमक्ष पुऱ्याइदिए। यथार्थमा छत्रपति शिवाजी महाराज वीरतामा जति अगाडि थिए, चरित्रमा पनि उति नै अगाडि थिए। उनले आफ्नो जीवनकालमा आफ्नो चरित्रमाथि सानोभन्दा सानो दाग पनि लाग्न दिएनन्।

टिप्पणी

nayapatrikaofficial
@naya_patrika

दुई ठुला दलको ध्यान जाओस्

देशकै पहिलो दल कांग्रेस र दोस्रो दल एमाले मिलेर बनेको सरकारले जनतालाई राहत सुविधा देला भन्ने ठुलो अपेक्षा थियो। तर, यो सरकार जनताका दैनिक जीवनलाई सहज बनाउनुको साटो झन्-झन् असहज बनाउने दिशामा गइरहेको देखिन्छ। सरकार बनेको ६ महिना नाघिसक्यो। तर, महंगी घट्नुको साटो दिनदिनै बढिरहेको छ। जनतालाई सुविधा दिनेतिरभन्दा पनि सरकारको ध्यान तिनलाई आहत गराउने दिशामा गइरहेको छ। जनता गाँस, वास र कपासको समस्यामै जेलिइरहेका छन्। सरकारलाई तिनको कुनै चासो छैन। के सधैँ देश यसैगरी चल्ला र ? दुई ठुला दलको ध्यान यसतर्फ अविलम्ब जाओस्।

● **बलराम थापा**, क्षेत्रपाटी, काठमाडौं

ऐन कसका लागि संशोधन ?

सरकारले अध्यादेशमार्फत कालोबजार ऐन संशोधन गरेर उपभोक्ताको ढाड भाँच्ने प्रपञ्च गरेको छ। यो सरकार जनताको सेवामा भन्दा पनि बिचौलिया र व्यापारीको सेवामा रमाइरहेको छ। उसले अहिले संसद् छलेर अध्यादेश ल्याइरहेको छ। त्यही अध्यादेश पनि जनता र देशको हितविपरीत बिचौलिया, भ्रष्टाचारी र अपराधीका पक्षमा आएका छन्। सरकार, यो ऐन कसका लागि संशोधन गरेका हौ तिमीले ? बिचौलियालाई फाइदा पुऱ्याउन हो ?

● **गोविन्द मकाजू**
सानोठिमी, भक्तपुर

स्नातकोत्तर अनिवार्य नगर

सरकारले निजामती विधेयक तयार गर्दै गर्दा शाखा अधिकृतमा स्नातकोत्तर तह उत्तीर्ण हुनैपर्ने बाध्यकारी व्यवस्था लागू गर्ने प्रस्ताव गरिएको सुनियो। अहिले नेपालको शिक्षाप्रति आमविद्यार्थीको विश्वास मर्दै गएको छ। सामान्यतः चार वर्षमा सकिने स्नातक तह सकिन सालाखाला ६ वर्षजति समय लाग्छ। अनि, दुई वर्षमा सकिने स्नातकोत्तर तह तीन वर्षजतिमा सकिन्छ। यस्तोमा स्नातकोत्तर अनिवार्य गरिए निजामती सेवामा उम्मेदवार नपाउने दिन आउन सक्छ।

● **कविता कुमाल**
खुसिबु, काठमाडौं

निष्पक्ष विश्लेषण गरौँ

हाल मुलुकमा निकै चर्चामा रहेको राष्ट्रिय स्वतन्त्र पार्टीका अध्यक्ष तथा पूर्वउपप्रधानमन्त्री एवं गृहमन्त्री रवि लामिछाने र सहकारीको रकमा हिनमिनाको सन्दर्भमा सरकारी पक्ष निर्मम ढंगले लामिछानेविरुद्ध लागेको देखिन्छ। जबकि उनी प्रत्यक्ष जोडिएका सहकारीभन्दा कैयौं गुणा बढी रकम अन्य सहकारी संस्थाबाट अपचलन र दुरुपयोग भएका समाचार आइरहेका छन्। देशको समग्र आर्थिक क्षेत्रमा प्रभाव पार्ने गरी अहिले सहकारी क्षेत्रमा देखिएको समस्याको मूल कारणमा सहकारी विभाग अनि सम्बन्धित सरकारी निकायको फितलो अनुगमन जिम्मेवार छ भन्दा अतिशयोक्ति नहोला। सहकारी संस्थाहरूमा गलत तत्त्व हाबी हुनु अनि कतिपय सहकारी संस्था सहकारीको मूल मर्म, भावना अनि सिद्धान्तप्रतिकूल हुने गरी सञ्चालन हुनु नै आजको विकराल परिस्थीत सिर्जना हुनुको मूल कारण हो। सहकारकि सदस्यबिच पारस्परिक सहयोग अनि समान सहभागितामा संकलित पुँजीलाई सामूहिक जमानीमा ऋण प्रवाह गर्नुपर्नेमा कतिपय संस्थाले घरजग्गामा अन्धाधुन्ध लगानी गरेका कारण नै हामीले अहिलेको समस्या झुल्नुपरेको हो। अहिले सहकारीको रकम अपचलनको विषयमा झन्डै आधा दर्जन जिल्लामा मुद्दा खेपिरहेका रवि लामिछाने कास्की र काठमाडौं जिल्लामा धरौटीमा रिहा भएका छन्। कतिपयले यसलाई उनले 'क्लिन चिट' पाएको अर्थ्याएका छन् त कतिपयले समान प्रकृतिको मुद्दामा जिल्लैपिच्छे धरौटी माग गरेर उनीमाथि ठुलो अन्याय भएको बताइरहेका छन्। अनि, पुराना राजनीतिक पार्टीप्रति बफादार नेता, कार्यकर्ताले लामिछानेले अदालतमा जम्मा गरेको धरौटी रकम कहाँबाट आयो भनी प्रश्न गरिरहेका छन्। त्यसैले पक्ष हेरेर होइन, निष्पक्ष भई विश्लेषण गरौँ।

● **माधव पुडासैनी**, जोरपाटी, काठमाडौं
mpudasaini&!@gmail=com

लेखका लागि : opinion@nayapatrikadaily.com
टिप्पणीका लागि : comment@nayapatrikadaily.com

के युद्धविरामले आवादी उपनिवेशवाद अन्त्य हुन्छ ?

युद्धविराम सम्झौतामा कुनै पनि प्रावधानले मूल समस्या अर्थात् संरचनागत नरसंहारलाई सम्बोधन वा त्यसको दीर्घकालीन समाधान गर्ने देखिँदैन



देश/विदेश

● मुहन्नद अय्यस

अत्यन्त क्रूर र भयावह नरसंहारको सिकार भएका गाजाका प्यालेस्टिनीका लागि हमास र इजरायलबिचको युद्धविराम सम्झौता सबैभन्दा स्वागतयोग्य राहत हो। १५ महिनासम्म आमप्यालेस्टिनीले दैनिक बमबारी, हत्या, धम्की, कैद, भोकमरी, रोग र अन्य कठिनाइको सामना गरेका छन्। यस्तो अवस्थामा बाँच्नु त परको कुरो हो, यसलाई कल्पना पनि गर्न सकिँदैन।

युद्धविराम सम्झौता १९ जनवरी २०२५ आइतबार अर्थात् डोनाल्ड ट्रम्पको शपथग्रहणको ठिक अघिल्लो दिन लागू हुने गरी तय भएको छ, जुन राजनीतिक लाभका लागि समय मिलाइएजस्तो देखिन्छ। केहीले यो सम्झौताको श्रेय ट्रम्प प्रशासनलाई दिएका छन्, तर ट्रम्प जो राजनीतिक नाटकमा कुशल छन्, उनी सम्झौतालाई आफ्नो राजनीतिक लाभका लागि प्रयोग गर्न चाहन्छन् भन्ने देखिन्छ। उनको कार्य शान्ति स्थापना वा सम्झौताको पूर्ण कार्यान्वयनको प्रतिबद्धताभन्दा व्यक्तिगत राजनीतिक नाफा-घाटाबाट प्रेरित भएको स्पष्ट देखिन्छ। ट्रम्पको टोली र इजरायली अधिकारीबिच बन्द कोठामा के भनियो र के सहमति भयो भन्ने अस्पष्ट छ, तर ट्रम्प प्रशासन सन् १९६७ को सीमाअनुसार पूर्ण रूपमा सार्वभौम प्यालेस्टिनी राज्यको स्थापनाविरुद्ध छ र वेस्ट बैंकलाई इजरायलमा गाभ्ने योजनालाई समर्थन गर्छ। केही रिपोर्टले ट्रम्पले युद्धविराम स्विकार्ने सर्तमा नेतन्याहुलाई वेस्ट बैंकलाई इजरायलमा गाभ्नका लागि अमेरिकी समर्थनको वाचाको संकेत गर्छन्। र, युद्धविरामलाई इजरायलले पहिलो चरणभन्दा पर लागू नगर्न पनि सक्छ। यस्तो अवस्थामा ट्रम्पले राजनीतिक जित हासिल गर्नेछन् भने नेतन्याहुले प्यालेस्टाइनमा आवादी उपनिवेशीकरण (सेटलर कलनियलिज्म, जहाँ उपनिवेशीकरणका क्रममा उपनिवेशक मुलुकका मानिसलाई उपनिवेशित मुलुकमा स्थानीय जनतालाई विस्थापित गरी बस्ती बसालिन्छ) जारी राख्ने अवसर पाउनेछन्।

यस सम्झौतालाई लिएर निराशावादी हुनुको मुख्य कारण भनेको यसले चरण दुई र तीन लागू हुने प्रत्याभूति गर्दैन। किनभने, यी दुई चरणमा इजरायली सेना गाजापट्टीबाट पूर्ण रूपमा फिर्ता हुनेछन्, विस्थापित प्यालेस्टिनीलाई गाजापट्टीका सबै क्षेत्रमा फर्कन दिइने र गाजापट्टीको पूर्ण पुनर्निर्माण गरिने प्रावधान छन्। १५ महिनाको नरसंहारले गाजालाई भग्नावशेषमा परिणत गरेको छ, जहाँ धेरै क्षेत्र बसोवासयोग्य छैनन्। धेरै बस्ती पूर्ण रूपमा ध्वस्त छन्, पानी, बिजुली, इन्धनजस्ता आधारभूत सेवा र विद्यालय, क्लिनिक, व्यवसायजस्ता पूर्वाधार छैनन्। अर्थतन्त्र डावाँडोल छ, नतिजा विदेशी सहयोगमा निर्भर रहनुपर्नेछ। इजरायली बमबाट उत्पन्न विषाक्त पदार्थले वातावरण, माटो र पानीलाई दूषित बनाएको छ। असंख्य परिवार विखण्डित भएका छन्, धेरै बालबालिका टुहुरा भएका छन् र कैयौं मानिस परिवारको जीविकोपार्जन गर्न नसक्ने गरी अशक्त भएका छन्। यस्तो विनाशपछि प्यालेस्टिनीले 'सामान्य' जीवन कसरी पुनः सुरु गर्न सक्छन् भन्ने प्रश्नको उत्तर अनिश्चित छ।

गाजापट्टीको शासन व्यवस्थासम्बन्धी प्रश्न अझै अस्पष्ट छन्। यो सम्झौतामा कुनै पनि प्रावधानले मूल समस्यालाई सम्बोधन गर्ने वा दीर्घकालीन समाधान गर्ने देखिँदैन। दीर्घकालीन समाधानको प्रश्न अत्यन्तै महत्त्वपूर्ण छ। यो सम्झौताले सबैभन्दा सकारात्मक अवस्थामा यो विशेष नरसंहार अभियानलाई अन्त्य गर्न सक्छ। तर, यसले मूल समस्या अर्थात् प्यालेस्टिनीविरुद्धको इजरायलको संरचनागत नरसंहारबारे केही पनि भन्दैन।

प्यालेस्टिनीले जारी 'नक्बा' भनेर परिभाषित गर्ने संरचनात्मक नरसंहारले कुनै एक वा दुई विशिष्ट घटना



तस्बिर : रोयटर्स

अर्थात् सन् १९४८ को नक्बा वा गाजामा भएको मौजुदा नरसंहार आक्रमणलाई मात्र जनाउँदैन। यसले प्यालेस्टिनी सार्वभौमसत्ता अन्त्य गर्न, प्यालेस्टिनीको आफ्नै भूमिमा फर्किने अधिकार मेटाउन, तिनलाई बाँकी भूमिबाट पनि विस्थापित गर्न र नदीदेखि समुद्रसम्मको क्षेत्रमा अनन्य इजरायली-यहुदी सार्वभौमसत्ता स्थापित गर्न चाहने आवादी उपनिवेशी संरचना जनाउँछ। यो संरचनागत नरसंहार उन्मूलन र विस्थापनका विभिन्न विधिमार्फत सञ्चालित भइरहेको छ।

गाजामा विश्वले जुन नरसंहार देखेको र अझै पनि देखिरहेको छ, त्यसमा भौतिक जनसंहार, सामूहिक विस्थापन र भूमिलाई बसोवास गर्न अयोग्य बनाउने सामूहिक विनाश समावेश छन्। त्यसैगरी यसमा थप विस्थापन र निकाला गर्ने प्रक्रिया, आर्थिक विकासमा रोक लगाउने र आर्थिक निर्भरता सिर्जना गर्ने पनि छन्। यसबाहेक प्यालेस्टिनी इतिहास र संस्कृति मेटाउने प्रक्रिया, प्यालेस्टिनी जनसंख्या खण्डित पार्ने, अधीनस्थमा बस्ने व्यक्तिलाई अधिकार, स्वतन्त्रता र इज्जतलाई स्वीकृत गरी तिनलाई देशनिकाला गर्नु आदि पनि रहेका छन्। तसर्थ, युद्धविरामले तीन चरण पूरा गर्छ नै भने पनि के यसले मौजुदा संरचनात्मक नरसंहार अन्त्य गर्न सक्छ ? जवाफ स्पष्ट रूपमा सक्दैन भन्ने हो, किनभने इजरायली संरचनागत नरसंहारका अन्य संयन्त्र युद्धविराम सम्झौतामा सम्बोधन गरिएको छैन। यो संरचनात्मक नरसंहारलाई निरन्तर औँल्याउन, उजागर र विरोध गर्न आवश्यक छ। जबसम्म इजरायली आवादी उपनिवेशी परियोजनालाई लुकाइन्छ वा कम आकलन गरिन्छ, मूल समस्या जारी रहनेछ र हामीले पुनः यस्तै भयंकर अवस्थाको सामना गर्नेछौँ। इजरायली अवादी उपनिवेशवादको समाप्ति विश्वभरका राष्ट्र र संस्थाबाट इजरायलमा लगातार दबाब र राजनीतिक तथा आर्थिक अलगाव बहिष्कारमा भर पर्छ। यसो हुन नसके हामी नरसंहारको चक्रीय संरचनामा फस्नेछौँ। जसले अन्ततः एक ठुलो युद्ध निम्त्याउनेछ। अन्तर्राष्ट्रिय समुदायका लागि अहिले उत्सव मनाउने वा आत्मसन्तुष्ट हुने समय नभई बरु प्यालेस्टिनी जनताका विभिन्न रूपका नरसंहार रोक्न इजरायलविरुद्ध गम्भीर राजनीतिक र आर्थिक कदम चाल्ने समय हो।

(अय्यस क्यानडास्थित माउन्ट रोयल विश्वविद्यालयका समाजशास्त्रका प्राध्यापक हुन्)

अल जजिराबाट

पहिलो चरणमा ७३७ बन्दी रिहा गर्दै इजरायल



जेरुसेलम/ इजरायलले स्वीकृत गाजा युद्धविराम र बन्धक मुक्त गर्ने सम्झौताको पहिलो चरणअन्तर्गत आईतबार ७३७ कैदीबन्दीलाई रिहा गर्ने भएको छ। इरानको न्याय मन्त्रालयले शनिबार उक्त जानकारी दिएको हो। मन्त्रालयले आफ्नो वेबसाइटमा जारी गरेको विज्ञप्तिमा भनेको छ, 'सरकारले हाल हिरासतमा रहेका ७३७ कैदी तथा बन्दीलाई रिहा गर्न स्वीकृति दिएको छ।' यसअघि मन्त्रालयले गाजामा रहेका इजरायली बन्दीको बदलामा रिहा हुने ९५ जना प्यालेस्टिनी कैदीको सूची प्रकाशित गरेको थियो। विस्तारित सूचीमा प्यालेस्टिनी राष्ट्रपति महमुद अब्बासको फताह पार्टीका सशस्त्र शाखाका प्रमुख जकारिया जुबेदी पनि थिए। सन् २०२१ मा इजरायलको गिल्बोआ जेलबाट अन्य पाँचजना प्यालेस्टिनीसँगै जुबेदी भागेका थिए।

सम्झौताअनुसार युद्धविरामको पहिलो दिन तीनजना बन्धकहरूलाई हमासले रिहा गर्ने अपेक्षा गरिएको छ। एएफपी समाचार संस्थाका अनुसार सुरुमा छुट्ने ती सबै महिला बन्धक हुनेछन्। पहिलो चरणमा १५ महिनादेखि हमासको नियन्त्रणमा रहेका ३३ जना इजरेली बन्धकहरू चरणबद्ध रूपमा छुट्नेछन्। त्यसको बदलातमा इजरायलको जेलमा रहेका सयौँ प्यालेस्टिनी बन्धीहरू छाडिनेछ

रिहा हुनेमा प्यालेस्टिनी वामपन्थी सांसद खालिदा जरार पनि छन्। उनलाई इजरायलले गिरफ्तार गरेर कैयौँपटक जेलमा राखेको थियो। जरार इजरायल, संयुक्त राज्य अमेरिका र युरोपेली संघले 'आतंकवादी संगठन' घोषणा गरेको समूहका एक प्रमुख सदस्य हुन्। सन् १९६७ देखि इजरायलले कब्जा गरेको प्यालेस्टाइनी क्षेत्र वेस्ट बैंकमा डिसेम्बरको अन्त्यतिर पक्राउ परेका ६० वर्षीय उनलाई त्यसयता विनाकुनै अभियोग हिरासतमा राखिएको छ। हमासनिकट दुई स्रोतले एएफपीलाई दिएको जानकारीअनुसार रिहा गरिने बन्धकको पहिलो समूहमा तीनजना इजरायली महिला सैनिक रहेका छन्। न्याय मन्त्रालयका प्रवक्ता नोगा काट्जले पहिलोपटक रिहा हुने कैदीको अन्तिम संख्या हमासद्वारा रिहा गरिएका जीवित बन्धकको संख्यामा निर्भर हुने बताएका छन्।

युद्धविराम सम्झौता अनुमोदन

इजरायली प्रधानमन्त्री बेन्जामिन नेतन्याहुको कार्यालयले शनिबार गाजा युद्धविराम र बन्धक मुक्त गर्ने सम्झौतालाई इजरायलको मन्त्रिपरिषद्ले अनुमोदन गरेको थियो। युद्धविराम सम्झौतालाई अनुमोदन गर्न इजरायलको क्याबिनेटले मतदान गरेको थियो। नेतन्याहुको कार्यालयले शनिबार बिहान मन्त्रिपरिषद्मा भएको मतदानपछि भने, 'सरकारले बन्धक फिर्ता गर्ने योजनालाई अनुमोदन गरेको छ।' आइतबारदेखि सुरु हुने युद्धविरामपछि गाजाको अहिलेसम्मकै सबैभन्दा घातक युद्धमा लडाइँ र बमबारी रोकिनेछ।

इजरायली सेनाले युद्धविराम सम्झौताको घोषणा भएपछि पनि कारबाहीलाई जारी राखेको थियो। सेनाले बिहीबार जारी गरेको एक विज्ञप्तिमा भनिएको छ, 'सेनाले विगत २४ घण्टामा गाजाका करिब ५० वटा लक्ष्यमा आक्रमण गरेको छ।' यसैबिच, प्यालेस्टाइन राष्ट्रपति महमुद अब्बासले प्यालेस्टिनी प्राधिकरणले युद्धपछि गाजामा पूर्ण जिम्मेवारी लिने तयारी पूरा गरेको बताएका छन्। युद्धविराम सुरु हुनुअघि नै विस्थापित गाजावासीहरू घर फर्कने तयारी गरिरहेको स्थानीय सञ्चार माध्यमबाट प्रशारित समाचारमा जनाइएको छ। युद्धविराम लागु हुने समय नजिकिँदै जाँदा आफ्नो घरबाट विस्थापित भएर अस्थायी शिविरमा बसिरहेका प्यालेस्टिनीले घर फर्कने आशा राखेको बिबीसीले जनाएको छ।

इतिहासमा आज

जनवरी १९



सन् १८६१ : गृहयुद्धका क्रममा जर्जिया राज्यले अमेरिकाबाट अलग भएको घोषणा गऱ्यो।

सन् १६६८ : फ्रेन्च राजा लुई चौधौँ र होली रोमन साम्राज्यका सम्राट् लियोपोल्ट प्रथमबिच एक गोप्य सन्धिमा हस्ताक्षर। सन्धिमा स्पेनिस साम्राज्यका राजा चार्ल्स द्वितीयको निधनमा उनका कुनै उत्तराधिकारी नभएको अवस्थामा सो राज्यलाई विभाजन गरेर बाँड्ने सहमति थियो।

सन् १९१८ : रुसमा अक्टोबर क्रान्तिपछि नोभेम्बर २५ बाट निर्वाचित संविधानसभा अघिल्लो दिनबाट सुरु भएको पहिलो बैठक लगातार १३ घण्टा बसेपछि भंग।

सन् १९१९ : जर्मनीमा संविधान लेखनका लागि संविधानसभाको चुनाव सम्पन्न।

सन् १९४२ : दोस्रो विश्वयुद्धका क्रममा जापानी फौजले बर्मा कब्जा गऱ्यो।

सन् १९६६ : इन्दिरा गान्धी भारतको चौथो प्रधानमन्त्रीका रूपमा चुनिइन्।

सन् १९७७ : इतिहासमा पहिलोपटक न्यानो मानिने अमेरिकाको मायामी सहरमा हिउँ पऱ्यो।

सन् १९८१ : अमेरिका र इरानबिच भएको एक सहमतिअनुरूप ५२ अमेरिकी बन्दी रिहा भए।

सन् १९९३ : इजरायलले प्यालेस्टिनी स्वतन्त्रताका लागि लडिरहेको प्यालेस्टिनी लिबरेसन अर्गनाइजेसनलाई आपराधिक संगठनको सूचीबाट हटायो।

सन् २०२३ : घट्दो लोकप्रियता-माझ न्युजिल्यान्डकी तत्कालीन प्रधानमन्त्री जेसिन्डा आर्डेनले पद त्याग्ने घोषणा गरिन्।

चिकित्सकको बलात्कारमा अस्पतालकै स्वयंसेवी दोषी

नयाँदिल्ली/ भारतको एक अदालतले एक स्वयंसेवीलाई प्रशिक्षार्थी चिकित्सकको बलात्कार र हत्यामा दोषी ठहर गरेको छ। गत अगस्टमा पूर्वी सहर कलकत्ताको एक सरकारी अस्पतालको सेमिनार कक्षमा प्रशिक्षार्थी चिकित्सकको बलात्कारपछिको हत्यामा सोही अस्पतालका स्वयंसेवी कार्यकर्ता सञ्जय रोयलाई अदालतले दोषी ठहर गरेको हो। पीडितको रगताम्य शव फेला परेको थियो। घटनापछि सरकारी अस्पतालका चिकित्सकले थप सुरक्षाको माग गर्दै कलकत्ता र भारतका अन्य ठाउँमा प्रदर्शन गरेका थिए। हजारौँ नागरिक ऐक्यबद्धता जनाउँदै डाक्टरहरूको विरोध प्रदर्शनमा सामेल भएका थिए। प्रतिवादी सञ्जय रोयको मुद्दा द्रुत गतिमा सुनुवाइ अघि बढाइएको थियो र मुद्दामा एक हप्ताअघि मात्र बहस सकिएको थियो।

अस्पतालका नागरिक स्वयंसेवक रहेका रोयलाई बलात्कार र हत्याको दोषी ठहर गरेपछि न्यायाधीश अनिर्बान दासले सोमबार सजाय सुनाइने बताएका छन्। रोयले लगातार आफू निर्दोष रहेको बताउँदै आएका छन्। फैसलापछि उनले भने, 'मलाई फसाइएको छ।' रोयलाई अदालतमा उपस्थित गराउँदा प्रदर्शनकारीको भिडले उनीविरुद्ध नाराबाजी गर्दै आक्रमण प्रयास गरेको थियो। रोयप्रति आक्रोश व्यक्त गर्न भेला भएका प्रदर्शनकारीले उनलाई मृत्युदण्ड दिनुपर्ने माग गरेका थिए।

इरानमा दुई न्यायाधीशको गोली हानी हत्या

तेहरान/ राजधानी तेहरानस्थित सर्वोच्च अदालतका दुई न्यायाधीशको गोली हानी हत्या भएको छ। गोली लागेर अर्का एक न्यायाधीश घाइते भएका छन्। 'सर्वोच्च अदालतका तीन न्यायाधीशलाई निसाना बनाइएकोमा दुईजनाको मृत्यु भएको छ,' न्यायपालिकाको मिजान अनलाइन वेबसाइटमा जारी विज्ञप्तिमा उल्लेख छ। आक्रमणकारीले घटनालगत्तै आत्महत्या गरेका थिए। मारिएका दुई न्यायाधीश अली रजिनी र मोहम्मद मोगिसेह रहेको जनाएको छ।

एनएमबि बैंक लिमिटेड, बबरमहलको गोप्य शिलबन्दी बोलपत्र आव्हानको सूचना

(प्रकाशित मिति: २०८१/१०/०६ गतेको नयाँ पत्रिका राष्ट्रिय दैनिक)

तपसिलमा उल्लेखित ऋणीहरुले यस बैंकबाट तपसिलमा उल्लेखित सम्पत्तिहरु धितो सुरक्षण राखी बिभिन्न कर्जा शिर्षक अन्तर्गत कर्जा लिएकोमा तोकिएको म्याद भित्र सो कर्जा भुक्तानी नगरेको र कर्जा भुक्तानी गर्न यस बैंकबाट ऋणीहरुलाई बारम्बार तरताकेता गर्दा तथा बिभिन्न मितिको राष्ट्रिय स्तरको दैनिक पत्रिकामा कर्जा चुक्ता भुक्तान गर्ने बारेको ३५ दिने सार्वजनिक सूचना प्रकाशित गर्दा समेत कर्जा भुक्तानी गर्ने तर्फ कुनै ध्यान नदिएको हुँदा धितो सुरक्षणमा रहेको तपसिलमा उल्लेखित सम्पत्तिहरु जे जस्तो अवस्थामा छ सोही अवस्थामा गोप्य शिलबन्दी बोलपत्रद्वारा लिलाम बिकि गरिने हुँदा सम्बन्धित सबैका जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ। बैंकको सुरक्षणमा रहेको तपसिलमा उल्लेखित सम्पत्तिहरु खरिद गर्न इच्छुक महानुभावहरुलाई यो सुचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिन भित्र यस बैंकको कर्जा असुली विभाग, नक्साल, काठमाण्डौंमा कार्यालय समय भित्र आई पुग्ने गरी गोप्य शिलबन्दी बोलपत्र पेश गर्नु हुन सूचित गरिन्छ। तोकिएको मिति र समयभित्र प्राप्त बोलपत्रहरु यो सूचना प्रकाशित भएको मितिले १६ (सोह्रौं) दिनका दिन अर्थात मिति २०८१/१०/२१ (उक्त दिन बिदा परेमा त्यसको लगतै कार्यालय खुलेको दिन) दिनको १:०० बजे यस बैंकको कर्जा असुली विभाग, नक्साल, काठमाण्डौंमा खोलिने हुँदा बोलपत्र प्रस्तुतकर्ता स्वयम् वा आधिकारीक प्रतिनिधिहरुलाई तोकिएको मिति, समय र स्थानमा उपस्थित हुन समेत सूचित गरिएको छ। साथै धितो लेखि दिनुहुने तथा व्यक्तिगत जमानी दिनु हुने महानुभावहरुलाई पनि धितो लिलाम बिक्री हुने बारेको जानकारी यसै सूचनाद्धारा गराईन्छ। तपसिलमा उल्लेखित धितोको लागि बोलपत्र पेश गर्न चाहने बोलपत्रकर्ताले ऋणी बमोजिम छुट्टा-छुट्टै कित्ताको लागि छुट्टा-छुट्टै रकम कबोल गरी बोलपत्र पेश गर्नु हुन अनुरोध गर्दछौ। गोप्य शिलबन्दी बोलपत्रका अन्य शर्तहरु बोलपत्र फाराममा उल्लेख गरिएको छ। बोलपत्र फाराम यस बैंकको कर्जा असुली विभाग, नक्साल, काठमाण्डौंबाट रु. १०००- तिरी खरिद गर्न सकिनेछ।

तपसिल

ऋणी, कर्जा शिर्षक, व्यक्तिगत जमानतकर्ताहरु र लिलाम हुने धितोको विवरण

१. ऋणीको नाम: अनोखी ट्रेड एण्ड सप्लायर्स **कर्जा शिर्षक:** क्यास क्रेडिट र चालुपुजी कर्जा
(नेपाल सरकार, वाणिज्य तथा आपूर्ति मन्त्रालय, वाणिज्य विभाग, वाणिज्य कार्यालय बिराटनगरमा दर्ता रहेको) दर्ता नं.: २६५३४, दर्ता मिति: २०७१/०५/२३, स्थायी लेखा नं.: ३०५६७०४१८, ठेगाना: मोरङ जिल्ला, विराटनगर म.न.पा., वडा नं. ९।

प्रोप्राईटर तथा व्यक्तिगत जमानतकर्ता:
अशोक कुमार साह: ना.प्र.प.नं. (जारी मिति/स्थान): ०५३०७७/१५ (२०६३/१०/०६/मोरङ), बाजेको नाम: लक्ष्मण साह, बाबुको नाम: परमेश्वर साह, ठेगाना: मोरङ जिल्ला, विराटनगर उ.म.न.पा., वडा नं. १२ परिवर्तित मोरङ जिल्ला, विराटनगर म.न.पा., वडा नं. ९।

व्यक्तिगत जमानतकर्ता:
हेमा देवी साह: ना.प्र.प.नं (जारी मिति/स्थान): १९२७६ (२०७२/०३/०३/मोरङ), बाबुको नाम: रामप्रित साह, ससुराको नाम: परमेश्वर साह, पतिको नाम: अशोक कुमार साह, ठेगाना: मोरङ जिल्ला, विराटनगर उ.म.न.पा., वडा नं. १२ परिवर्तित मोरङ जिल्ला, विराटनगर म.न.पा., वडा नं. ९।

लिलाम हुने धितोको विवरण:
लक्ष्मण साहको नाति, परमेश्वर साहको छोरा, मोरङ जिल्ला, विराटनगर उ.म.न.पा., वडा नं. १२ परिवर्तित मोरङ जिल्ला, विराटनगर म.न.पा., वडा नं. ९ बस्ने **अशोक कुमार साह**को नाममा मालपोत कार्यालय विराटनगर, मोरङको लगतमा दर्ता श्रेष्ता कायम रहेको मोरङ जिल्ला, विराटनगर उ.म.न.पा., वडा नं. ६ स्थित कि.नं. २१४० को क्षेत्रफल ०-०-१०-० विगाहाको जग्गा र उक्त जग्गामा बनेको घरटहरा लगायत सम्पुर्ण लिगलगापात समेत।

२. ऋणीको नाम: गौरब ट्रेडर्स एण्ड सप्लायर्स **कर्जा शिर्षक:** ओभरड्राफ्ट सुविधा
(नेपाल सरकार, उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालय, वाणिज्य विभाग भीमदत्तनगर, कञ्चनपुरमा दर्ता रहेको) दर्ता नं.: १६१/०७२/०७३, दर्ता मिति: २०७२-०६-११, स्थायी लेखा नं.: ६०३६१०८४४, ठेगाना: कञ्चनपुर जिल्ला, दैजी गा.वि.स. वडा नं. ०१।

प्रोप्राईटर तथा व्यक्तिगत जमानतकर्ता:
गणेश ब. धामी: ना.प्र.प.नं. (जारी मिति/स्थान): ७५३००७/४८७ (२०६३/११/१८/कञ्चनपुर), बाजेको नाम: कल्यान धामी, बाबुको नाम: परे धामी, ठेगाना: कञ्चनपुर जिल्ला, दैजी गा.वि.स. वडा नं. ०७ स्थायी ठेगाना भई हाल कञ्चनपुर जिल्ला, बेदकोट न.पा. वडा नं. ०१।

व्यक्तिगत जमानतकर्ताहरु:
क. करन बहादुर धामी: ना.प्र.प.नं. (जारी मिति/स्थान): २२९७९७४२ (२०५९/०४/२१/कञ्चनपुर), बाजेको नाम: कल्यान सिंह धामी, बाबुको नाम: परे धामी, ठेगाना: कञ्चनपुर जिल्ला, दैजी गा.वि.स. वडा नं. ०७ स्थायी ठेगाना भई हाल कञ्चनपुर जिल्ला, बेदकोट न.पा. वडा नं. ०१।
ख. पारबती धामी: ना.प्र.प.नं. (जारी मिति/स्थान) ७५३००७/५१४ (२०६३/११/१८/कञ्चनपुर), बाबुको नाम: उद्बव सिंह खड्का, ससुराको नाम: परे धामी, पतिको नाम: करन बहादुर धामी, ठेगाना: कञ्चनपुर जिल्ला, दैजी गा.वि.स. वडा नं. ०७ स्थायी ठेगाना भई हाल कञ्चनपुर जिल्ला, बेदकोट न.पा. वडा नं. ०१।
ग. पुनम भट्ट: ना.प्र.प.नं. (जारी मिति/स्थान) ७५१००७/४८८९ (२०६६/०३/२८/कञ्चनपुर), बाबुको नाम: शिवदत्त भट्ट, ससुराको नाम: परे धामी, पतिको नाम: गणेश ब. धामी, ठेगाना: कञ्चनपुर जिल्ला, दैजी गा.वि.स. वडा नं. ०६ स्थायी ठेगाना भई हाल कञ्चनपुर जिल्ला, बेदकोट न.पा. वडा नं. ०१।

लिलाम हुने धितोको विवरण:
क. कल्यान सिंह धामीको नाती, परे धामीको छोरा, कञ्चनपुर जिल्ला, दैजी गा.वि.स. वडा नं. ०७ स्थायी ठेगाना भई हाल कञ्चनपुर जिल्ला, बेदकोट न.पा. वडा नं. ०१ बस्ने **करन बहादुर धामी**को नाममा मालपोत कार्यालय महेन्द्रनगर, कञ्चनपुरको लगतमा दर्ता श्रेष्ता कायम रहेको कन्चनपुर जिल्ला, दैजी गा.वि.स./न.पा. वडा नं. ७ स्थित कि.नं. ८२६ र ८२९ को क्षेत्रफल क्रमशः १११९.६२ र २२८.७१ ब.मि.को जग्गा र उक्त जग्गामा बनेको घरटहरा लगायत सम्पुर्ण लिगलगापात समेत।
ख. कल्यान धामीको नाती, परे धामीको छोरा, कञ्चनपुर जिल्ला, दैजी गा.वि.स. वडा नं. ०७ स्थायी ठेगाना भई हाल कञ्चनपुर जिल्ला, बेदकोट न.पा. वडा नं. ०१ बस्ने **गणेश ब. धामी**को नाममा मालपोत कार्यालय महेन्द्रनगर, कञ्चनपुरको लगतमा दर्ता श्रेष्ता कायम रहेको कन्चनपुर जिल्ला, दैजी गा.वि.स./न.पा. वडा नं. ७ स्थित कि.नं. ८२७ र ८३० को क्षेत्रफल क्रमशः ११७९.०५ र १६९.२९ ब.मि.को जग्गा र उक्त जग्गामा बनेको घरटहरा लगायत सम्पुर्ण लिगलगापात समेत।

३. ऋणीको नाम: पुनम श्रेष्ठ **कर्जा शिर्षक:** आवधिक कर्जा
ना.प्र.प.नं. (जारी मिति/स्थान): १६३४१ (२०६०/१०/१४/धादिङ्ग), बाबुको नाम: बल बहादुर अधिकारी, ससुराको नाम: देव नारायण श्रेष्ठ, पतिको नाम: सोमलाल श्रेष्ठ, ठेगाना: धादिङ्ग जिल्ला, कल्लेरी गा.वि.स. वडा नं. २।

व्यक्तिगत जमानतकर्ता:
सोमलाल श्रेष्ठ: ना.प्र.प.नं. (जारी मिति/स्थान): १२४/१४९५ (२०४७/११/९/ धादिङ्ग), बाजेको नाम: बुद्धिमान श्रेष्ठ, बाबुको नाम: देव नारायण श्रेष्ठ, ठेगाना: धादिङ्ग जिल्ला, कल्लेरी गा.वि.स. वडा नं. २।

४. ऋणीको नाम: सोमलाल श्रेष्ठ **कर्जा शिर्षक:** व्यक्तिगत ओभरड्राफ्ट कर्जा
ना.प्र.प.नं. (जारी मिति/स्थान): १२४/१४९५ (२०४७/११/९/ धादिङ्ग), बाजेको नाम: बुद्धिमान श्रेष्ठ, बाबुको नाम: देव नारायण श्रेष्ठ, ठेगाना: धादिङ्ग जिल्ला, कल्लेरी गा.वि.स. वडा नं. २।

व्यक्तिगत जमानतकर्ता:
पुनम श्रेष्ठ: ना.प्र.प.नं. (जारी मिति/स्थान): १६३४१ (२०६०/१०/१४/धादिङ्ग), बाबुको नाम: बल बहादुर अधिकारी, ससुराको नाम: देव नारायण श्रेष्ठ, पतिको नाम: सोमलाल श्रेष्ठ, ठेगाना: धादिङ्ग जिल्ला, कल्लेरी गा.वि.स. वडा नं. २।

माथि उल्लेखित दुई ऋणीको लिलाम हुने धितोको विवरण:
बुद्धिमान श्रेष्ठको नाति, देव नारायण श्रेष्ठको छोरा, धादिङ्ग जिल्ला, कल्लेरी गा.वि.स. वडा नं. २ बस्ने **सोमलाल श्रेष्ठ**को नाममा मालपोत कार्यालय धादिङ्गको लगतमा दर्ता श्रेष्ता कायम रहेको धादिङ्ग जिल्ला, कल्लेरी गा.वि.स.वडा नं. २ छ स्थित कि.नं. २८५, २९१ र १९२ को क्षेत्रफल क्रमश ७८४.९३, १५१०.२३ र ५७४.३१ ब.मि. को जग्गा र उक्त जग्गामा बनेको घरटहरा लगायत सम्पुर्ण लिगलगापात समेत।

५. ऋणीको नाम: किंस् कलेक्शन प्रा.लि. **कर्जा शिर्षक:** क्यास क्रेडिट र डिमाण्ड कर्जा
(नेपाल सरकार, उद्योग वाणिज्य तथा आपुर्ति मन्त्रालय, कम्पनी रजिष्ट्रारको कार्यालयमा दर्ता रहेको) दर्ता नं.: २३७२१७/७६/०७७, दर्ता मिति: २०७७/०३/०४, स्थायी लेखा नं.: ६०९७४९६८७, ठेगाना: काठमाडौं जिल्ला, का.म.न.पा., वडा नं. ३१।

शेयरधनी तथा व्यक्तिगत जमानतकर्ता:
प्रकृती उप्रेती: ना.प्र.प.नं (जारी मिति/स्थान): ३० ०१-०६६-३२२५ (२०६६/१२/१२/काभ्रेपलाञ्चोक), बाबुको नाम: फणिन्द्र राज उप्रेती, ससुराको नाम: विचारी खतिवडा, पतिको नाम: अजय खतिवडा, ठेगाना: काभ्रे जिल्ला, भुम्लुटार गा.वि.स. वडा नं. १ स्थायी ठेगाना भई हाल काठमाडौं जिल्ला, बुढानिलकण्ठ न.पा. वडा नं. १२।

व्यक्तिगत जमानतकर्ता:
अजय खतिवडा: ना.प्र.प.नं. (जारी मिति/स्थान): ३०१०१८/१७९२९४ (२०६६/०१/१५/काभ्रेपलाञ्चोक), बाजेको नाम: पिताम्बर खतिवडा, बाबुको नाम: विचारी खतिवडा, ठेगाना: काभ्रे जिल्ला, गैरी विसौना देउपुर गा.वि.स. वडा नं. ६ स्थायी ठेगाना भई हाल काठमाडौं जिल्ला, बुढानिलकण्ठ न.पा. वडा नं. १२।

लिलाम हुने धितोको विवरण:
क. फणिन्द्र राज उप्रेतीको छोरी, विचारी खतिवडाको बुहारी, अजय खतिवडाको पत्नी, काभ्रे जिल्ला, भुम्लुटार गा.वि.स. वडा नं. १ स्थायी ठेगाना भई हाल काठमाडौं जिल्ला, बुढानिलकण्ठ न.पा. वडा नं. १२ बस्ने **प्रकृती उप्रेती**को नाममा मालपोत कार्यालय चावहिल, काठमाण्डौको लगतमा दर्ता श्रेष्ता कायम रहेको काठमाण्डौ जिल्ला, चुनीखेल गा.वि.स./न.पा., वडा नं. ४/क स्थित कि.नं. ६७१ र ६६७ को क्षेत्रफल क्रमशः ०-४-३-० र ०-६-०-० रोपनीको जग्गा र उक्त जग्गामा बनेको घरटहरा लगायत सम्पुर्ण लिगलगापात समेत।
ख. फणिन्द्र राज उप्रेतीको छोरी, विचारी खतिवडाको बुहारी, अजय खतिवडाको पत्नी, काभ्रे जिल्ला, भुम्लुटार गा.वि.स. वडा नं. १ स्थायी ठेगाना भई हाल काठमाडौं जिल्ला, बुढानिलकण्ठ न.पा. वडा नं. १२ बस्ने **प्रकृती उप्रेती**को नाममा मालपोत कार्यालय साँखु, काठमाण्डौको लगतमा दर्ता श्रेष्ता कायम रहेको काठमाण्डौ जिल्ला, थलिडाँछी गा.वि.स./न.पा., वडा नं. ३/ग स्थित कि.नं. १९५१, १९५०, १९४२ र १९५३ को क्षेत्रफल क्रमशः ०-७-१-० र ०-५-०-२, ०-०-२-१ र ०-१-३-० रोपनीको जग्गा र उक्त जग्गामा बनेको घरटहरा लगायत सम्पुर्ण लिगलगापात समेत।

६. ऋणीको नाम: ८७ कोल्ड सेन्टर **कर्जा शिर्षक:** ओभरड्राफ्ट सुविधा
(प्रदेश सरकार, प्रदेश नं. १, उद्योग पर्यटन वन तथा वातावरण मन्त्रालय, उद्योग वाणिज्य तथा उपभोक्ता हित संरक्षण निर्देशनालय, घरेलु तथा साना उद्योग कार्यालय भद्रपुर, झापामा दर्ता रहेको) दर्ता नं.: ७८९/८७२९/१/१३, दर्ता मिति: २०७३/०१/१३, स्थायी लेखा नं.: ६०३४२६३५७, ठेगाना: झापा जिल्ला, शिवसताक्षी न.पा. वडा नं. ८।

प्रोप्राईटर तथा व्यक्तिगत जमानतकर्ता:
तेज प्रसाद खरेल: ना.प्र.प.नं. (जारी मिति/स्थान): ८५२४२०२१३ (२०५४/०९/२०/झापा), बाजेको नाम: रत्नमणी खरेल, बाबुको नाम: विष्णु प्रसाद खरेल, ठेगाना: झापा जिल्ला, सतासीधाम गा.वि.स. वडा नं. ०७ स्थायी ठेगाना भई हाल झापा जिल्ला, शिवसताक्षी न.पा. वडा नं. ०९।

व्यक्तिगत जमानतकर्ता:
कुन्ती खरेल: ना.प्र.प.नं. (जारी मिति/स्थान): ०४/१९७४ (२०६२/१०/१०/झापा), बाबुको नाम: शारदा बजगाई, ससुराको नाम: विष्णु प्रसाद खरेल, पतिको नाम: तेज प्रसाद खरेल, ठेगाना: झापा जिल्ला, शिवसताक्षी न.पा. वडा नं. ०९।

७. ऋणीको नाम: कुन्ती खरेल **कर्जा शिर्षक:** आवधिक कर्जा
ना.प्र.प.नं. (जारी मिति/स्थान): ०४/१९७४ (२०६२/१०/१०/झापा), बाबुको नाम: शारदा बजगाई, ससुराको नाम: विष्णु प्रसाद खरेल, पतिको नाम: तेज प्रसाद खरेल, ठेगाना: झापा जिल्ला, शिवसताक्षी न.पा. वडा नं. ०९।

व्यक्तिगत जमानतकर्ता:
तेज प्रसाद खरेल: ना.प्र.प.नं. (जारी मिति/स्थान): ८५२४२०२१३ (२०५४/०९/२०/झापा), बाजेको नाम: रत्नमणी खरेल, बाबुको नाम: विष्णु प्रसाद खरेल, ठेगाना: झापा जिल्ला, सतासीधाम गा.वि.स. वडा नं. ०७ स्थायी ठेगाना भई हाल झापा जिल्ला, शिवसताक्षी न.पा. वडा नं. ०९।

माथि उल्लेखित दुई ऋणीको लिलाम हुने धितोको विवरण:
रत्नमणी खरेलको नाती, विष्णु प्रसाद खरेलको छोरा, झापा जिल्ला, सतासीधाम गा.वि.स. वडा नं. ०७ स्थायी ठेगाना भई हाल झापा जिल्ला, शिवसताक्षी न.पा. वडा नं. ०९ बस्ने **तेज प्रसाद खरेल**को नाममा मालपोत कार्यालय दमक, झापाको लगतमा दर्ता श्रेष्ता कायम रहेको झापा जिल्ला, शिवगञ्ज गा.वि.स./न.पा. वडा नं. ७ स्थित कि.नं. १८०८१ को क्षेत्रफल ०-०-१६$^{1/2}$ बिघाको जग्गा र उक्त जग्गामा बनेको घरटहरा लगायत सम्पुर्ण लिगलगापात समेत।

८. ऋणीको नाम: रोशन किराना तथा खाद्य पसल **कर्जा शिर्षक:** क्यास क्रेडिट
(नेपाल सरकार, वाणिज्य मन्त्रालय, वाणिज्य विभाग, घरेलु तथा साना उद्योग विकास समितिमा दर्ता रहेको), दर्ता नं.: ६५२८/०७३/७४, दर्ता मिति: २०७३/१२/०४, स्थायी लेखा नं.: ६०५८४६७४०, ठेगाना: सुर्खेत जिल्ला, वीरेन्द्रनगर न.पा. वडा नं. ०६।

प्रोप्राईटर तथा व्यक्तिगत जमानतकर्ता:
रोशन भट्टराई: ना.प्र.प.नं. (जारी मिति/स्थान): ६३८०४/९५७ (२०६०/०५/०९/सुर्खेत), बाजेको नाम: डिल बहादुर भट्टराई, बाबुको नाम: प्रेम प्रसाद भट्टराई, ठेगाना: सुर्खेत जिल्ला, बीरेन्द्रनगर न.पा. वडा नं. ०६।

व्यक्तिगत जमानतकर्ता:
अन्जु भट्टराई: ना.प्र.प.नं. (जारी मिति/स्थान): १०१७/९७५७८ (२०६७/०४/२०/सुर्खेत), बाबुको नाम: पार्थ बहादुर जि.सी., ससुराको नाम: प्रेम प्रसाद भट्टराई, पतिको नाम: रोशन भट्टराई, ठेगाना: सुर्खेत जिल्ला, विरेन्द्रनगर न.पा. वडा नं. ०६।

९. ऋणीको नाम: रोशन भट्टराई **कर्जा शिर्षक:** सम्पत्ति धितो कर्जा
ना.प्र.प.नं. (जारी मिति/स्थान): ६२८०४/९५७ (२०६०/०५/०९/सुर्खेत), बाजेको नाम: डिल बहादुर भट्टराई, बाबुको नाम: प्रेम प्रसाद भट्टराई, ठेगाना: सुर्खेत जिल्ला, बीरेन्द्रनगर न.पा. वडा नं. ०६।

व्यक्तिगत जमानतकर्ता:
अन्जु भट्टराई: ना.प्र.प.नं. (जारी मिति/स्थान): १०१७/९७५७८ (२०६७/०४/२०/सुर्खेत), बाबुको नाम: पार्थ बहादुर जि.सी., ससुराको नाम: प्रेम प्रसाद भट्टराई, पतिको नाम: रोशन भट्टराई, ठेगाना: सुर्खेत जिल्ला, विरेन्द्रनगर न.पा. वडा नं. ०६।

माथि उल्लेखित दुई ऋणीको लिलाम हुने धितोको विवरण:
क. डिल बहादुर भट्टराईको नाति प्रेम प्रसाद भट्टराईको छोरा, सुर्खेत जिल्ला, बीरेन्द्रनगर न.पा. वडा नं. ६ बस्ने **रोशन भट्टराई**को नाममा मालपोत कार्यालय सुर्खेतको लगतमा दर्ता श्रेष्ता कायम रहेको सुर्खेत जिल्ला, कटकुवा गा.वि.स./न.पा.वडा नं. ३ स्थित कि.न. ६७६ को क्षेत्रफल ०-०-८-२ बिघाको जग्गा र उक्त जग्गामा बनेको घरटहरा लगायत सम्पुर्ण लिगलगापात समेत।
ख. पार्थ बहादुर जि.सी. को छोरी, प्रेम प्रसाद भट्टराईको बुहारी, रोशन भट्टराईको पत्नी, सुर्खेत जिल्ला, विरेन्द्रनगर न.पा. वडा नं. ०६ बस्ने **अन्जु भट्टराई**को नाममा मालपोत कार्यालय सुर्खेतको लगतमा दर्ता श्रेष्ता कायम रहेको सुर्खेत जिल्ला, गोठीकाँडा गा.वि.स./न.पा. वडा नं. २/क स्थित कि.नं. १८८२ एण्ड २२६३ को क्षेत्रफल क्रमशः ०-०७$^{1/2}$ र ०-०-१ बिघाको जग्गा र उक्त जग्गामा बनेको घरटहरा लगायत सम्पुर्ण लिगलगापात समेत।

१०. ऋणीको नाम: न्यु इम्प्रेशन फेसन वयेर **कर्जा शिर्षक:** क्यास क्रेडिट
(कर्णाली प्रदेश सरकार, उद्योग पर्यटन वन तथा वातावरण मन्त्रालय, उद्योग तथा उपभोक्ता हित संरक्षण निर्देशनालय, बीरेन्द्रनगर सुर्खेत, नेपालमा दर्ता रहेको), दर्ता नं. १४९६५/०७८/०७९, दर्ता मिति: २०७८/०८/२०, स्थायी लेखा नं.: ६१७३४०४५०, ठेगाना: सुर्खेत जिल्ला, बीरेन्द्रनगर न.पा., वडा नं. ६।

प्रोप्राईटर तथा व्यक्तिगत जमानतकर्ता:
लक्ष्मी शर्मा: ना.प्र.प.नं. (जारी मिति/स्थान): १०५८४४ (२०६८/०२/२४/सुर्खेत), बाबुको नाम: हिरालाल शर्मा, ससुराको नाम: तिल बहादुर क्षेत्री, पतिको नाम: अनिल क्षेत्री, ठेगाना: सुर्खेत जिल्ला, बीरेन्द्रनगर न.पा., वडा नं. ५।

व्यक्तिगत जमानतकर्ता:
अनिल क्षेत्री: ना.प्र.प.नं. (जारी मिति/स्थान): ६४१०१८/८६९९५ (२०६५/०७/०७/सुर्खेत), बाजेको नाम: धन बहादुर क्षेत्री, बाबुको नाम: तिल बहादुर क्षेत्री, ठेगाना: सुर्खेत जिल्ला, उत्तरगगा गा.वि.स., वडा नं. ८ स्थायी ठेगाना भई हाल सुर्खेत जिल्ला, बीरेन्द्रनगर न.पा., वडा नं. ५।

लिलाम हुने धितोको विवरण:
हिरालाल शर्माको छोरी, तिल बहादुर क्षेत्रीको बुहारी, अनिल क्षेत्रीको पत्नी, सुर्खेत जिल्ला, बीरेन्द्रनगर न.पा., वडा नं. ५ बस्ने **लक्ष्मी शर्मा**को नाममा मालपोत कार्यालय सुर्खेतको लगतमा दर्ता श्रेष्ता कायम रहेको सुर्खेत जिल्ला, गोठीकाडा गा.वि.स./न.पा., वडा नं. १ स्थित कि.नं. ११०० को क्षेत्रफल ८४.६५ ब.मि., को जग्गा र उक्त जग्गामा बनेको घरटहरा लगायत सम्पुर्ण लिगलगापात समेत।

NMB BANK एनएमबि बैंक
समृद्ध नेपालको लागि
A JOINT VENTURE WITH FMO Entrepreneurial Development Bank The Netherlands
Member of : Global Alliance for Banking on Values

एनएमबि बैंक लिमिटेड
कर्जा असुली विभाग, नक्साल, काठमाण्डौ
सम्पर्क नं. ९७७-०१-४५४६४५४, ०१-४५३८६४७, ९८५११३९४१९

अर्थ पत्रिका
नयाँ पत्रिका
आइतबार ६ माघ ०८१

तीन देश जोड्ने लामाबगर नाका खोल्न २० करोड बजेट

महोत्तरीको भिट्टामोडदेखि दोलखाको लामाबगर हुँदै चीनको याङ्लुङसम्मको दूरी सबैभन्दा छोटो दुई सय ४८ किलोमिटर मात्रै



दोलखामा **श्याम खतिवडा**

सरकारले भारत र चीन जोड्ने सबैभन्दा छोटो दूरीको उत्तर-दक्षिण लोकमार्गको लामाबगर नाका खोल्न २० करोड बजेट स्रोत सुनिश्चित गरेको छ। भौतिक पूर्वाधार विकास तथा यातायात व्यवस्था मन्त्रालयको प्रस्तावमा अर्थ मन्त्रालयले भिट्टामोड-जलेश्वर-बर्दीबास, खुर्कोट, तामाकोशी, सिंगटी, लामाबगर, लाप्चे सडकको लामाबगर नाका खोल्न बजेट व्यवस्थापन गरेको हो। हालसम्म सञ्चालनमा आएका तीन देश जोड्ने सडकमध्ये यो लोकमार्ग सबैभन्दा छोटो रहेको डिभिजन सडक कार्यालय चरिकोटका डिभिजन प्रमुख अमितकुमार श्रेष्ठले बताए। उनका अनुसार महोत्तरीको भिट्टामोडदेखि दोलखाको लामाबगर हुँदै चीनको याङ्लुङसम्मको दूरी दुई सय ४८ किलोमिटर मात्रै छ।

महोत्तरीको भिट्टामोडदेखि दोलखाको सिंगटीसम्म यसअघि नै कालोपत्रे भइसकेको उक्त लोकमार्गको सिंगटीदेखि लामाबगर खण्ड भने ग्राभेलस्तरको छ। भिट्टामोडदेखि चीनको नाका याङ्लुङसम्मको दुई सय ४८ किलोमिटरमध्ये दुई सय ३६ किलोमिटर सडक अहिले पनि सञ्चालनमा छ। लामाबगरदेखि चीनको सिमाना याङ्लुङसम्म बाँकी १२ किलोमिटर सडकमध्ये लाप्चे र लुम्नाङ क्षेत्रमा निर्माण हुने दुईवटा जलविद्युत् आयोजनाले भ्रन्डै सात किलोमिटर सडक निर्माण गरिसकेका छन्। चीनसम्म जोडिन अब पाँच किलोमिटर मात्रै ट्र्याक खुल्न बाँकी रहेको जनाइएको छ।

डिभिजन सडक कार्यालय चरिकोटका डिभिजन प्रमुख श्रेष्ठले उक्त बजेटको पहिलो प्राथमिकता नाकासम्म सडक खुलाउने रहेको बताए। बाँकी बजेटबाट मर्मत, स्तरोन्नति तथा सम्भावना रहे कालोपत्रे पनि गर्न निर्देशन प्राप्त भएको बताएका छन्। उनले आवश्यक प्रक्रिया पूरा गरी छिटोभन्दा छिटो ठेक्का प्रक्रियामा लैजान कार्यालय सक्रिय भएको बताए।

नेपालकै सबैभन्दा छोटो दूरीको तीन देश जोड्ने लोकमार्ग निर्माणका लागि लामो समयदेखि लागिपरेको बताउँदै नेपाली कांग्रेसका केन्द्रीय सदस्य अजयबाबु शिवाकोटीले अब बहुवर्षीय ठेक्का लगाउन २० करोड रुपैयाँको स्रोत सुनिश्चित भएको बताए। उक्त सडक निर्माण भएसँगै नाका खुल्ने र त्रिदेशीय सडक सञ्चालनमा आउँदा दोलखासहित मध्यपहाड र तराईका क्षेत्रमा राम्रो प्रभाव पर्ने उनको भनाइ छ।

अर्थ मन्त्रालयले चालू आर्थिक वर्षमा भ्रन्डै सात किलोमिटर ट्र्याक खोल्न र बाँकी बजेटले सडकको स्तरोन्नति गर्न बहुवर्षीय ठेक्का लगाउन बजेटको स्रोत सुनिश्चितता गरेको हो। डिभिजन सडक कार्यालयका प्रमुख श्रेष्ठले चालू आवको वैशाखभित्रै ठेक्का सम्झौता गर्ने लक्ष्यसहित तयारी गरिएको बताए।

भारत र चीनलाई जोड्ने दुई सय ४८ किलोमिटर दूरीको उत्तर-दक्षिण लोकमार्गलाई बागमती र मधेश प्रदेशको भाग्यरेखा मानिएको छ। सडकले पूर्वाधार, आर्थिक, व्यापारिक, जलविद्युत्, पर्यटन र धार्मिकस्थलको विकासका लागि महत्त्वपूर्ण योगदान पुग्ने अपेक्षा गरिएको छ।

■ सार्वजनिक ऋण २५ खर्ब ३६ अर्ब पुग्यो

पुँजीगत खर्चभन्दा साँवा-ब्याज भुक्तानीमा हुने खर्च तीन गुणा बढी

■ पुस मसान्तसम्ममा सरकारले ५६ अर्ब ९३ करोड रुपैयाँबराबर पुँजीगत खर्च गर्न सकेको छ, जबकि सार्वजनिक ऋणको साँवा-ब्याज भुक्तानीमा एक खर्ब ८२ अर्ब खर्च भएको छ

■ चालू आवमा पाँच खर्ब ४७ अर्ब सार्वजनिक ऋण परिचालन गर्ने लक्ष्य, पुस मसान्तसम्म दुई खर्ब ४० अर्ब प्राप्ति



■ **पुस मसान्तसम्मको सार्वजनिक ऋण प्राप्ति, भुक्तानी र दायित्व** (रु. करोडमा)

विवरण	असारसम्मको तिर्न बाँकी ऋण	चालू आवको ६ महिनाको प्राप्ति	चालू आवको ६ महिनाको भुक्तानी	विनिमय दरबाट हुने नाफा-नोक्सान	तिर्न बाँकी ऋण
आन्तरिक ऋण	११८०९०	२४००८	१२७२४	०	१२३४७१
बाह्य ऋण	१२५३१९	५९०३	२२४२	-११६१	१३०१४१
कुल ऋण	२४३४०९	२४००८	१४९६७	-११६१	२५३६१३

मिलन विश्वकर्मा/नयाँ पत्रिका

सार्वजनिक ऋणको आकार बढ्दै जाँदा ऋण सेवामा हुने खर्चसमेत बढ्दै गएको छ। तर, ऋण र ऋण सेवामा भएको खर्च वृद्धिको तुलनामा पुँजीगत खर्चको अवस्था भने कमजोर देखिएको छ। चालू आर्थिक वर्षको ६ महिनामा सरकारको ऋण सेवा खर्च पुँजीगत खर्चको तुलनामा तीन गुणा बढी भएको छ।

महालेखा नियन्त्रक कार्यालयका अनुसार चालू आवको पुस मसान्तसम्ममा सरकारले ५६ अर्ब ९३ करोड ५० लाख रुपैयाँ पुँजीगत खर्च गर्न सकेको छ। जबकि, सोही अवधिमा ऋण सेवामा भने एक खर्ब ८२ अर्ब ४० करोड खर्च भएको सार्वजनिक ऋण व्यवस्थापन कार्यालयको तथ्यांक छ।

उसो त सरकारले चालू आर्थिक वर्षका लागि पुँजीगत खर्चभन्दा ऋण सेवाका लागि ५० अर्ब ५० करोड रुपैयाँले बढी बजेट विनियोजन गरेको छ। सरकारले चालू आवमा तीन खर्ब ५२ अर्ब ३५ करोड रुपैयाँ पुँजीगत खर्च गर्ने लक्ष्य लिएको छ। जबकि, ऋण सेवाका लागि चार खर्ब दुई अर्ब ८५ करोड बजेट विनियोजन गरेको थियो।

पुस मसान्तसम्म सरकारले लक्ष्यको ४५.२८ प्रतिशत अर्थात् एक खर्ब ८२ अर्ब ४० करोड रुपैयाँ ऋण सेवामा खर्च गरिसकेको छ। अब ऋण सेवाअन्तर्गत दुई खर्ब २० अर्ब ४५ करोड खर्च हुन बाँकी छ। यस अवधिमा सरकारले साँवा फिर्तातर्फ एक खर्ब ४९ अर्ब ६७ करोड र ब्याज भुक्तानीतर्फ ३२ अर्ब ७३ करोड रुपैयाँ खर्च गरेको छ।

सरकारले आन्तरिक ऋणतर्फ एक खर्ब २७ अर्ब २४ करोड रुपैयाँ साँवा फिर्ता र २७ अर्ब ९५ करोड ब्याज भुक्तानी गरेको छ। त्यस्तै, बाह्य ऋणतर्फ २२ अर्ब ४२ करोड साँवा फिर्ता र चार अर्ब ७७ करोड ब्याज भुक्तानी गरेको हो। ऋण सेवामा खर्च भएको रकम कुल गार्हस्थ्य उत्पादनको तुलनामा ३.२० प्रतिशतबराबर हो।



पुँजी निर्माण नहुने ठाउँमा ऋण परिचालन हुँदा समस्या भयो



● **डा. डिल्लाराज खनाल**, अर्थशास्त्री

नेपालको सार्वजनिक ऋण बढेको बढ्दै छ, तर त्यसअनुसार पुँजी निर्माण हुन सकेको देखिँदैन। सरकारी स्रोतले मात्रै विकास सम्भव छैन, त्यसैले ऋण लिएर विकास गर्न सकिन्छ। अरू देशले पनि ऋण लिएर विकास गरेको उदाहरण छन्। तर, हाम्रो देशमा ऋण लिएर त्यसको परिचालन चालू प्रकृतिका काममा भइरहेको छ। लिएको ऋणले पुँजी निर्माण नहुँदा भविष्यमा समस्या हुन्छ। अहिले नै ऋण सेवामा हुने खर्च धेरै छ। ऋण तिर्न ऋण नै लिनुपर्ने अवस्थामा छौं, यो अवस्थालाई सुधार गर्नैपर्छ। पुँजीगत खर्च बढाउन, चालू खर्च घटाउन जोड गर्नुपर्छ।

■ सार्वजनिक ऋण सवा २५ खर्ब पुग्यो

सरकारले तिर्न बाँकी सार्वजनिक ऋण सवा २५ खर्ब रुपैयाँबराबर पुगेको छ। चालू आर्थिक वर्षको सुरुमा कुल सार्वजनिक ऋण २४ खर्ब ३४ अर्ब नौ करोड रुपैयाँबराबर रहेको थियो। पुस मसान्तसम्ममा एक खर्ब दुई अर्ब तीन करोड वृद्धि भई कुल सार्वजनिक ऋण दायित्व २५ खर्ब ३६ अर्ब १३ करोड रुपैयाँ पुगेको कार्यालयको तथ्यांक छ। जुन कुल गार्हस्थ्य उत्पादनको ४४.४६ प्रतिशतबराबर हो। यस आर्थिक वर्षको पुस मसान्तसम्मा विनिमय दरमा भएको परिवर्तनले ११ अर्ब ६१ करोड सार्वजनिक ऋण दायित्व वृद्धिमा प्रभाव परेको छ।

चालू आर्थिक वर्षमा कुल पाँच खर्ब ४७ अर्ब सार्वजनिक ऋण परिचालन गर्ने लक्ष्य राखिएको थियो। पुस मसान्तसम्म दुई खर्ब ४० अर्ब आठ करोड प्राप्ति भएको छ। वार्षिक लक्ष्यको तुलनामा ४३.८९ प्रतिशत रहेको छ। यस वर्ष तीन खर्ब ३० अर्ब आन्तरिक ऋण परिचालनको लक्ष्य लिइएकोमा पुस मसान्तसम्ममा ५४.८६ प्रतिशत अर्थात् एक खर्ब ८१ अर्ब पाँच करोड उठाइएको छ। त्यस्तै, दुई खर्ब १७ अर्ब बाह्य ऋण परिचालनको लक्ष्य लिइएकोमा २७.२० प्रतिशत अर्थात् ५९ अर्ब तीन करोड उठाएको छ। वार्षिक लक्ष्यअनुसार सरकारले बाँकी ६ महिनामा एक खर्ब ४८ अर्ब ९४ करोड आन्तरिक र एक खर्ब ५७ अर्ब ९६ करोड बाह्य गरी कुल तीन खर्ब ६ अर्ब ९१ करोड रुपैयाँ सार्वजनिक ऋण परिचालन गर्न सक्नेछ ।

संक्षेप

अन्तर्राष्ट्रिय पर्यटकका लागि नेपाल उत्कृष्ट गन्तव्य



भक्तपुर/ अन्तर्राष्ट्रिय पर्यटकका लागि नेपाल उत्कृष्ट गन्तव्य स्थल भएको ऊर्जा, जलस्रोत तथा सिँचाइमन्त्री दीपक खड्काले बताएका छन्। संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय, चिनियाँ राजदूतावास, भक्तपुर नगरपालिका र नेपाल पर्यटन बोर्डको संयुक्त आयोजनामा 'नेपाल भ्रमण वर्ष २०२५' को घोषणा तथा 'चिनियाँ नयाँ वर्ष २०२५' को शुभारम्भ गर्दै मन्त्री खड्काले यस्तो बताएका हुन्।

कार्यक्रममा नेपालका लागि चिनियाँ राजदूत छन सडले चिनियाँ नयाँ वर्ष २०२५ ले दुई देशबिचको सम्बन्धलाई अझै मजबुत बनाउने बताए। नेपाल र चीनबिच आपसी सहयोग आदान-प्रदान तीव्र गतिमा अगाडि बढिरहेको बताउँदै उनले पुस्तादेखि चलिआएको मित्रतालाई निरन्तरता दिने विषयमा सहमति भएको बताए। दुई देशबिचको सहमति कार्यान्वयनको सिलसिलाअन्तर्गत नै भ्रमण वर्ष २०२५ आयोजना गरिएको उनले बताए।

कार्यक्रममा भक्तपुर नगरपालिकाका प्रमुख सुनील प्रजापतिले चीनले नेपालको पर्यटन प्रवर्द्धन र चिनियाँ पर्यटकलाई नेपाल भ्रमण गर्न प्रेरित गर्ने उद्देश्यले घोषणा गरेको नेपाल भ्रमण वर्ष २०२५ सफल पार्नु सबैको जिम्मेवारी भएको बताए। चिनियाँ पर्यटक भक्तपुर भ्रमण गर्ने विदेशी पर्यटकमध्ये संख्यामा दोस्रोमा पर्ने उनले बताए। कार्यक्रममा नेपाल पर्यटन बोर्डका कार्यकारी निर्देशक दीपकराज जोशीले सरकारले सन् २०२५ लाई विशेष पर्यटन वर्षका रूपमा घोषणा गरेको बताए।

निर्माण व्यवसायीको माग पूरा गराउने उपप्रधानमन्त्री सिंहको प्रतिबद्धता

काठमाडौं/ नेपाल निर्माण व्यवसायी महासंघको राष्ट्रिय भेलाले गरेको निर्णयअनुसारको माग पूरा गराउन पहल गर्ने उपप्रधानमन्त्री एवं सहरी विकासमन्त्री प्रकाशमान सिंहले प्रतिबद्धता व्यक्त गरेका छन्। महासंघका अध्यक्ष रवि सिंह नेतृत्वको प्रतिनिधिमण्डलले आफ्ना १४ बुँदे माग कार्यान्वयनका लागि सरोकारवाला निकायसमक्ष ध्यानाकर्षण गराउने क्रममा उपप्रधानमन्त्री सिंहले यस्तो बताएका हुन्। महासंघले उपप्रधानमन्त्री सिंह, भौतिक पूर्वाधार तथा यातायातमन्त्री देवेन्द्र दाहाल, राष्ट्रिय प्रजातन्त्र पार्टीका अध्यक्ष राजेन्द्रप्रसाद लिङ्देन, राष्ट्रिय स्वतन्त्र पार्टीका कार्यवाहक अध्यक्ष डिपी अर्याल, मुख्य सचिव एकनारायण अर्याल र भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयका सचिव केशवकुमार शर्मालाई १४बुँदे ज्ञापनपत्र बुझाएका हुन्। जवाफमा उपप्रधानन्त्री, मन्त्रीलगायत सबैले निर्माण उद्योग सकसमा रहेको स्वीकार गर्दै महासंघका जायज माग पूरा गराउनका लागि आआफ्नो ठाउँबाट पहल गर्ने प्रतिबद्धता जनाएका छन्। महासंघले ती मागहरू पूरा गर्नका लागि माघ १५ सम्मको अल्टिमेटम दिएको छ। माग पूरा नभएमा माघ १८ बाट सडक आन्दोलन गर्ने कार्यक्रम महासंघले सार्वजनिक गरिसकेको छ।

■ भक्तपुर दरबार स्क्वायरमा व्यापार



भक्तपुर दरबार स्क्वायर क्षेत्रमा ताजा हरियो तरकारी बिक्री गर्दै स्थानीय कृषक। तस्बिर : **दिपेन्द्र ढुंगाना**/नयाँ पत्रिका

सरसफाइ गर्न माथिल्लो तामाकोसी दुई दिन बन्द हुने

दोलखा/ बाढीपहिरोका कारण भ्रन्डै तीन महिना बन्द भएको स्वदेशी लगानीमा निर्मित माथिल्लो तामाकोसी जलविद्युत् आयोजना पुनः दुई दिन बन्द हुने भएको छ। पहिरोले क्षतिग्रस्त संरचना मर्मत गरेर एक महिनाअघि मात्रै आंशिक रूपमा सञ्चालनमा आएको हो। अपर तामाकोसीले शनिबार रातिदेखि र आइतबारसम्म उत्पादन बन्द गरेर सोमबार (माघ ७ गते)देखि उत्पादन सुचारु गर्ने जनाएको छ ।

आयोजनाले पिकिङ रूपमा सञ्चालनको तयारी गर्न उत्पादन बन्द गरेर संरचनामा सफाइ गर्न लागेको जनाएको छ। बाढीले क्षतिग्रस्त संरचना बालुवा थिग्र्याउने पोखरी र भूमिगत कल्भर्टको सरसफाइ र आंशिक मर्मत गरेर ८८ दिनपछि सञ्चालनमा आएको थियो। नदी प्रवाहमा आधारित भएर सञ्चालन हुँदै आएको आयोजनाबाट अहिले एक सय मेगावाट विद्युत् २४सै घण्टा उत्पादन हुँदै आएको छ।

यो जलविद्युत् केन्द्रको जलाशयमा पानी जम्मा गरेर दैनिक चार घण्टा पूर्ण क्षमतामा विद्युत् उत्पादन गर्न सकिन्छ। अर्धजलाशययुक्त आयोजना भएकाले अब विद्युत्को उच्च माग हुने बिहान र साँझमा मात्रै सञ्चालन गर्ने तयारी गरेको हो। दोलखाको बिगु गाउँपालिका- १ मा रहेको जलविद्युत् केन्द्रको क्षमता चार सय ५६ मेगावाट छ। अपर तामाकोसी हाइड्रोपावर कम्पनीका सूचना अधिकारी मित्रमणि पोखरेलले अब विद्युत्गृह पूर्ण क्षमतामा सञ्चालन गर्न पूर्वतयारीमा लागेको बताए।

विद्युत् उत्पादन सुचारु गर्दै-गर्दा दुईवटा पोखरीको बिचको क्षतिग्रस्त कंक्रिट वालको काम पनि जारी भएकाले त्यसमा स्क्याफोल्डिङ गरिएको छ। परामर्शदाताले वालमा कंक्रिट गरेपछि कम्तीमा २१ दिन स्क्याफोल्डिङ नखोल्न सुझाव दिएको छ। अब स्क्याफोल्डिङको फर्मा निकाल्नेलगायतका फलामका टुक्रा सफा गर्नका लागि दुई दिन लाग्ने भएकाले त्यसबिचमा उत्पादन बन्द हुने उनले जानकारी दिए। उनका अनुसार सबै स्क्याफोल्डिङ खोलेपछि केही ठाउँमा ग्राउडिङसमेत गर्नुपर्छ।

पोखरी सफाइका लागि नदी फर्काउनुपर्ने हुन्छ। सबै पूर्वतयारीको काम गर्नका लागि कम्तीमा दुई दिन लाग्ने सूचना अधिकारी पोखरेलले जानकारी दिए। असोजमा आएको पहिरोले हेडवर्क्स क्षेत्रको सुरक्षा नियन्त्रणगृहसमेत पूर्ण रूपमा क्षति हुँदा सुरक्षार्थ खटिएका नेपाली सेनाका दुईजना र माथिल्लो तामाकोसीकै दुईजना कर्मचारीसहित चारजनाको ज्यानसमेत गएको थियो।

मयूरधाप औद्योगिक क्षेत्रको भविष्य थप अन्योलमा

वैकल्पिक व्यवस्थासहित पुनः इआइए गर्न वन मन्त्रालयको पत्र

मकवानपुरमा **पोष्टराज अधिकारी**

हेटौंडा उपमहानगरपालिकाको वडा नम्बर १४ मा स्थापना गर्ने तयारी गरिएको मयूरधाप औद्योगिक क्षेत्रको भविष्य थप अन्योलमा परेको छ। वन मन्त्रालयले औद्योगिक क्षेत्रको वैकल्पिक व्यवस्थासहित पुनः इआइए गर्न उद्योग मन्त्रालयलाई पत्राचार गरेपछि प्रस्तावित औद्योगिक क्षेत्रको भविष्य अन्योलमा परेको हो।

वन मन्त्रालयले ८ पुसमा उद्योग मन्त्रालयलाई पत्र लेख्दै मयूरधाप क्षेत्रनजिकै रहेको हेटौंडा औद्योगिक क्षेत्रको उपयोगिताको अवस्था र नयाँ क्षेत्र प्रस्ताव गर्नुको औचित्य पुष्टि गर्न भनेको छ। साथै, पत्रमा सामुदायिक वन क्षेत्रको विनाश गरी औद्योगिक क्षेत्र खोल्दा त्यसबाट पर्न सक्ने दीर्घकालीन असर र नयाँ खोल्नुपर्ने भए वैकल्पिक व्यवस्थालगायतका विषयमा पुनः स्थलगत अध्ययन गरी प्रतिवेदन पेस गर्न भनिएको छ।



औद्योगिक क्षेत्र व्यवस्थापन कार्यालय हेटौंडाकी प्रमुख इन्जिनियर एवं निमित्त प्रमुख संगीता कुँवरले पहिल्यै गरिसकिएको औद्योगिक क्षेत्रको इआइएमा कमी-कमजोरी देखाउँदै वन मन्त्रालयले पुनः पत्राचार गर्नुले मयूरधाम औद्योगिक क्षेत्रको निर्माण कार्य थप लम्बिने निश्चित भएको बताइन्। इआइए स्वीकृत नहुँदासम्म पूर्वाधार निर्माणका कार्य गर्न नसकिने पनि उनले जानकारी दिइन्। 'पुनः इआइए गर्नुपर्ने भन्दै आएको पत्रले औद्योगिक क्षेत्र निर्माणको समय लम्बिनुका साथै पुनः गरिएको इआइएले पनि स्वीकृति पाउँछ कि पाउँदैन भन्ने अन्योल बढाएको छ,' उनले भनिन्, 'वन क्षेत्र उपोग गर्न दिने-नदिने अधिकार वन मन्त्रालयको हो। उसको निर्णय पर्खनु विकल्प छैन।'

वन तथा वातावरण मन्त्रालयका प्रवक्ता बद्रीराज ढुंगानाले राज्यले चाहेमा प्रस्तावित मयूरधाप औद्योगिक क्षेत्रलाई छुट्याइएको जग्गा दिन सक्ने भए पनि विकास र वातावरणलाई सन्तुलनमा राख्नुपर्ने जिम्मेवार मन्त्रालयले चासो राख्नुलाई अन्यथा लिन नमिल्ने बताए।

प्रस्तावित मयूरधाप औद्योगिक क्षेत्रको सम्बन्धमा जिम्मेवार निकायका प्रतिनिधिको समेत उपस्थितिमा पुनः इआइए गर्नुपर्ने देखिएकाले वनले उद्योग मन्त्रालयलाई पत्र लेखेको उनको भनाइ छ। 'राष्ट्रिय वन विनाश गरी औद्योगिक क्षेत्र स्थापना गर्दा त्यसबाट पर्न सक्ने दीर्घकालीन असर र नयाँ खोल्नुपर्ने भए वैकल्पिक व्यवस्थालगायतका विषयमा पुनः स्थलगत अध्ययन गरी प्रतिवेदन पेस गर्न भनिएको हो,' उनले भने, 'विकल्प विश्लेषण गर्ने प्रावधानअनुसार नै पुनः इआइए गर्न भनिएको हो।' राष्ट्रिय वन क्षेत्रको जग्गामा हेटौंडा औद्योगिक क्षेत्रनजिकै अर्को औद्योगिक क्षेत्र प्रस्तावित गर्नुको औचित्य पुष्टि हुनुपर्छ भन्ने मन्त्रालयको भनाइ रहेको उनले बताए।

वन ऐन, २०७६ को दफा ४२ अनुसार राष्ट्रिय प्राथमिकताप्राप्त आयोजना, लगानी बोर्डबाट लगानी स्वीकृत भएको योजना, राष्ट्रिय गौरवका आयोजना सञ्चालन गर्न वन क्षेत्रको प्रयोग गर्नुबाहेक अन्य कुनै पनि विकल्प नभएमा मात्रै अनुमति दिन मिल्ने प्रावधान रहको उनले बताए।

करिब दुई सय बिघा क्षेत्रफलमा फैलिएको प्रस्तावित औद्योगिक क्षेत्र निर्माण सम्पन्न हुँदा सात अर्ब दुई करोड लगानी अनुमान गरिएको छ। ६२ वटा प्लट रहने औद्योगिक क्षेत्रमा रङ, दुग्ध उत्पादन, साबुन, खाद्य, प्लास्टिक, स्टिल, रबर, तार, डिस्टिलरी, पाइप, काष्ठ, कपडा, छाला, सिमेन्ट, इलेक्ट्रो मेकानिकललगायत उद्योगहरू रहने र करिब १० हजार जनशक्तिले प्रत्यक्ष रोजगारी पाउने दाबी गरिएको छ।

नौ वर्षअघि १ चैत ०७२ मा तत्कालीन प्रधानमन्त्री सुशील कोइराला नेतृत्वको सरकारले हेटौंडा- १४ मा मयूरधाप औद्योगिक क्षेत्र स्थापना गर्ने प्रस्ताव गरेको थियो। सोही प्रस्तावअनुसार १९ जेठ ०७५ मा विस्तृत परियोजना प्रतिवेदन (डिपिआर) निर्माण गरी स्वीकृत भइसकेको छ भने १४ फागुन ०७७ मा तत्कालीन उद्योग वाणिज्य तथा आपूर्तिमन्त्री लेखराज भट्टले मयूरधाप औद्योगिक क्षेत्रको शिलान्याससमेत गरेका थिए।

कर्पोरेट हाउसहरू खेलकुदसँग जोडिनुपर्छ

■ **रामेश्वरप्रसाद बस्याल**, नायब प्रमुख कार्यकारी अधिकृत, सिद्धार्थ बैंक



■ देशको समग्र खेलकुदको विकास र विस्तारको क्षेत्रमा जोडिन सिद्धार्थ बैंक सधैं सकारात्मक छ।

■ सिद्धार्थ बैंकले यस प्रतियोगितालाई पाँच वर्ष अवधिका लागि प्रचलित भ्याटबाहेक औसत वार्षिक तीन करोड ३० लाखमा मुख्य प्रायोजन सम्झौता गरेको हो।

प्रथम नेपाल प्रिमियर लिग (एनपिएल) सकिएको महिना दिन बितेको छ। तर, यसको चर्चा अझै सेलाएको छैन। एनपिएललाई मुख्य प्रायोजन गरिरहँदाको अनुभव कस्तो रह्यो ?

नेपालको खेलकुद क्षेत्रको विकास र विस्तारमा सिद्धार्थ बैंक हिजोका दिनमा पनि प्रत्यक्ष–परोक्ष जोडिँदै आएको सर्वविदितै छ। यसै क्रममा हामीले नेपालमा नेपाल क्रिकेट एसोसिएसन (क्यान)को आयोजनामा एनपिएलको फ्रेन्चाइजी क्रिकेट प्रतियोगिता आयोजना हुने जानकारी पायौं, हामीलाई लाग्यो यदि यो प्रतियोगिताको सफल आयोजना हुन सक्यो भने नेपालको क्रिकेटको विकास र विस्तारमा कोसेढुंगा बन्न सक्छ। यसै सन्दर्भमा क्यानका पदाधिकारीसँगको छलफलमा एनपिएललाई भारतमा सञ्चालन हुने इन्डियन प्रिमियर लिग (आइपिएल) र हाम्रा अन्य छिमेकी मुलुक पाकिस्तान, बंगलादेश र श्रीलंकामा आयोजना हुने लिगसरह सञ्चालन गर्ने उहाँहरूको कुरा सुन्यौं। त्यसपछि यस प्रतियोगिताको सफल आयोजनाका लागि सिद्धार्थ बैंकले हातेमालो गर्न उपयुक्त हुन्छ भन्ने लाग्यो। यसरी हामी एनपिएलको मुख्य प्रायोजकका रूपमा जोडिन पुग्यौं र परिणामस्वरुप 'सिद्धार्थ बैंक नेपाल प्रिमियर लिग'को नामबाट यस प्रतियोगिताको प्रथम संस्करण अपार सफलताका साथ सम्पन्न भयो। यति ठूलो र सफल लिगको मुख्य प्रायोजक बन्न पाउँदा हामी खुसी छौं।

एनपिएलले नेपालको क्रिकेटको विकास र विस्तारमा कसरी सहयोग पुऱ्याउन सक्छ ?

यो प्रतियोगिता फ्रेन्चाइजी प्रतियोगिता हो। हामीले हेरिहाल्यौं, प्रतियोगिताको प्रथम संस्करणमा देशका विभिन्न प्रदेश र सहरका नामबाट आठवटा टोलीको निर्माण गरिएको थियो। हरेक टोलीमा बढीमा चारजना विदेशी खेलाडी र बाँकी अन्य स्वदेशी खेलाडी रहनुपर्ने प्रतियोगिताको अवधारणाअनुरूप हरेक फ्रेन्चाइजीले आफ्नो टिमलाई सशक्त बनाउन प्रख्यात विदेशी खेलाडीलाई टिममा समावेश गरेका थिए। भारतका शिखर धवन, न्युजिल्यान्डका मार्टिन गप्टिल, जेम्स निसम, बेलायतका रवि बोपारा र पाकिस्तानका सोयल तन्विरजस्ता नाम कहलिएका खेलाडीको उपस्थितिले यस प्रतियोगितामा थप रौनकता प्रदान गऱ्यो। यस्ता नाम कहलिएका खेलाडीसँग ड्रेसिङ रुम सेयर गर्ने र उनीहरूसँगको अनुभव एवं कौशल साटासाटबाट नेपाली खेलाडीले आफ्नो खेल कौशलताको विकास गर्ने अवसर प्राप्त गरेका छन्।

यसैगरी, स्पोर्टिङ करिअर तुलनात्मक रूपमा छोटो हुने र खेलेर जीविकोपार्जन गर्न कठिन हुने बुझ्काइका साथ कतिपय खेलाडीले खेल जीवनलाई निरन्तरता नदिएको र नयाँ पिँढी पनि उचित अर्थोपार्जन नहुने देखेर खेलप्रति कमै आकर्षित भएको देखिएको छ। यो अवस्थालाई पनि यस प्रतियोगिताले केही हदसम्म चिर्न सफल भएको छ। प्रतियोगितामा सहभागी प्रत्येक नेपाली खेलाडीले न्यूनतम दुई लाखदेखि आठजना मार्की खेलाडीले जनही २० लाख रुपैयाँसम्मको पारिश्रमिक पाउनु आफैंमा राम्रो पक्ष मान्न सकिन्छ। यसबाहेक प्रतियोगिताको प्रत्यक्ष प्रसारण भारतीय स्पोर्टस् च्यानल स्टार स्पोर्टस्बाट भएकाले प्रतियोगितामा उत्कृष्ट खेल प्रदर्शन गर्ने नेपाली खेलाडीलाई विभिन्न देशका फ्रेन्चाइजी टोलीहरूले भित्र्याउने सम्भावनाको ढोकासमेत खोलिदिएको छ।

एनपिएलसँग मुख्य प्रायोजकका रूपमा जोडिन के–कति मूल्यमा सम्झौता भयो भन्ने जनचासो पनि छ। यसलाई स्पष्ट पार्दिनुस् न !

लिग समाप्तसम्म पुग्दा-नपुग्दै यसले यति लोकप्रियता हासिल गऱ्यो कि, बहुसंख्यक मानिसले यसलाई प्रतियोगिताभन्दा पनि पर्वको उपमा दिन थाले। सिद्धार्थ बैंकले यस प्रतियोगितालाई पाँच वर्ष अवधिका लागि प्रचलित भ्याटबाहेक औसत वार्षिक तीन करोड ३० लाखमा मुख्य प्रायोजन सम्झौता गरेको हो। साथै, प्रतियोगितामा सिद्धार्थ बैंक एसोसिएट (आबद्ध) कम्पनीहरूलाई समेत सहभागी गराउने उद्देश्यका साथ सिद्धार्थ क्यापिटल, सिद्धार्थ प्रिमियर इन्स्योरेन्स, सानिमा रिलायन्स लाइफ इन्स्योरेन्सलाई समेत बैंकलाई प्राप्त हुने ब्रान्ड प्रवर्द्धन राइट्स सेयर गरी संलग्न गराइएको थियो। फलस्वरूप, उल्लिखित सम्झौता रकमको वार्षिक एक करोडबराबर एसोसिएट कम्पनीहरूले सेयर गरेका कारण बैंकको वास्तविक प्रवर्द्धन खर्च दुई करोड ३० लाख रुपैयाँ हुन आउँछ।

नेपालको सन्दर्भमा उक्त सम्झौता रकम केही ठूलो देखिए पनि मित्र राष्ट्र भारतमा आयोजना हुने यस्तै प्रतियोगिता आइपिएलको ख्याति र उक्त प्रतियोगिताको प्रायोजन रकमको तुलनामा एनपिएलको मुख्य प्रायोजन रकमलाई समुचित मान्न सकिन्छ। जुन प्रकारले प्रथम संस्करणमै यस प्रतियोगिताले सफलता प्राप्त गर्न सक्यो, दोस्रो, तेस्रो, चौथो र पाँचौं संस्करणसम्म पुग्दा यस प्रतियोगिताले अझ बढी लोकप्रियता हासिल गर्न सफल हुने विश्वास लिएका छौं।

'सिद्धार्थ बैंक नेपाल प्रिमियर लिग'जस्ता प्रतियोगिताको आयोजनाबाट नेपालको अर्थतन्त्रमा के–कस्तो सकारात्मक प्रभाव पार्न सक्ने देख्नुहुन्छ ?

दक्षिण एसियाका भारतलगायत अधिकांश मित्र राष्ट्रमा क्रिकेट लोकप्रिय छ। भारतमा क्रिकेटलाई एक धर्म र चर्चित खेलाडीलाई भगवान्का रूपमा हेरेको देखिन्छ। यस्ता क्रिकेटिङ जाइन्ट मुलुकहरूका बिचमा रहेर पनि नेपालले क्रिकेट खेलमा अपेक्षित फड्को मार्न नसकेको तथ्य कटुसत्य हो। विगतका कैयौं वर्षदेखि नेपालले अन्तर्राष्ट्रिय क्रिकेट प्रतियोगितामा सहभागिता जनाउँदै आए पनि आजका दिनसम्म पनि देशमा एउटा सुविधासम्पन्न स्टेडियम बन्न सकेको छैन। तथापि, नेपाली क्रिकेटले विगत एक दशकमा अन्तर्राष्ट्रियस्तरका प्रतियोगितामा देखाएको उपस्थिति र बलिया क्रिकेटिङ राष्ट्रहरूसमक्ष पेस गरेका चुनौतीपूर्ण खेलले नेपालको सफल भविष्यलाई प्रतिबिम्बित गरेको छ।

राज्यले पूर्वाधारको विकास र नेपाल क्रिकेट एसोसिएसनले विभिन्न संरचनात्मक क्रिकेटको आयोजनालाई निरन्तरता दिन सक्ने हो भने भोलिका दिनहरूमा नेपाललाई स्पोर्टिङ टुरिजम सेन्टरका रूपमा विकास गर्ने सम्भावना देखिन्छ। राम्रो भौतिक संरचनाको विकास गरी भारत र पाकिस्तानजस्ता देशहरूको क्रिकेट टुर्नामेन्ट आयोजनाका लागि न्युट्रल भेन्युका रूपमा नेपाललाई प्रोजेक्ट गर्न सकियो भने नेपालको हस्पिटालिटी र टुरिजम व्यवसायलाई ठुलो सहयोग पुग्ने देखिन्छ।

प्रतियोगिताको आयोजनाका क्रममा वेस्ट इन्डिजका सर्वकालीन महान् खेलाडी ब्रायन चाल्स लाराको नेपाल भ्रमण तथा ब्रायन लारा र शिखर धवनजस्ता हस्ती खेलाडीबाट एभरेस्ट बेसक्याम्पको अवलोकन र उहाँहरूबाट नेपालको प्राकृतिक सुन्दरता र नेपालीबाट प्राप्त आतिथ्यताको विभिन्न सामाजिक सञ्जालमा मुक्तकण्ठले गर्नुभएको प्रशंसाबाट नेपालको पर्यटन प्रवर्द्धनमा सहयोग पुग्ने विश्वास लिइएको छ। पहिलो संस्करणमै एनपिएलले झन्डै एक अर्बको कारोबार गर्न सफल भएको विभिन्न सञ्चारमाध्यमबाट सुन्नमा आएको छ र यो आफैंमा सुखद पक्ष हो। यस प्रतियोगिताको आयोजनाबाट होटेल, यातायात तथा साना तथा मझौला व्यवसायीहरूको व्यवसाय प्रवर्द्धनमा सहयोग पुगेको देखिन्छ।

एनपिएलको मुख्य प्रायोजन गरेर सिद्धार्थ बैंकलाई के–कस्तो लाभ भयो ?

आफ्नो ब्रान्ड प्रमोसनमा ध्यान दिनुपर्ने तथ्यलाई मध्यनजर गर्दै हामी नेपाल प्रिमियर लिगको मुख्य प्रायोजन गर्ने निर्णयमा पुगेका हौं। हाम्रो यस निर्णयका मुख्य आधार भनेको नेपाली क्रिकेटले विगत एक दशकमा प्राप्त गरेको उल्लेख्य प्रगति, क्रिकेटको बढ्दो लोकप्रियता, नेपाली क्रिकेटले आगामी दिनहरूमा प्राप्त गर्न सक्ने थप उचाइ, आइपिएलजस्ता फ्रेन्चाइज लिगको बढ्दो लोकप्रियता र बढ्दो फ्यान फलोइङ नै हो। त्यस्तै, यस प्रतियोगिताको प्रत्यक्ष प्रसारण स्टार स्पोर्टस् च्यानलबाट गरिनुले पनि सिद्धार्थ बैंकको ब्रान्ड भिजिबिलिटी देश-विदेशमा समेत बढाउने अवसर प्राप्त हुने भएकाले पनि हामीले मुख्य प्रयोजन गरेका हौं।

क्रिकेटबाहेक अरू खेलकुदका क्षेत्रमा पनि जोडिने योजना छ कि ?

देशको समग्र खेलकुदको विकास र विस्तारको क्षेत्रमा जोडिन सिद्धार्थ बैंक सधैं सकारात्मक छ। क्रिकेटजस्तै फुटबल, भलिबल र कबड्डी पनि नेपालमा त्यतिकै लोकप्रिय खेल रहेका छन्। आशा गरौं, सिद्धार्थ बैंकको नेपाल प्रिमियर लिग क्रिकेट प्रतियोगितामा सफल प्रायोजनपश्चात् अन्य बैंक तथा वित्तीय संस्था र विभिन्न कर्पोरेट हाउस पनि यसैगरी विभिन्न खेल प्रतियोगितासँग जोडिँदै जानुपर्छ।

पहिलो धादिङ लोक सांस्कृतिक महोत्सव हुने



धादिङ/ धादिङमा पहिलोपटक लोक सांस्कृतिक महोत्सव हुने भएको छ। 'लोक संस्कृति प्रवर्द्धनको सार पहिचान, पर्यटन र समृद्धिको मूल आधार' भन्ने नारासहित महोत्सवको आयोजना गरिने भएको छ।

राष्ट्रिय लोक तथा दोहोरी गीत प्रतिष्ठान धादिङ र सामुदायिक सञ्चार तथा विकास केन्द्र धादिङले महोत्सवको आयोजना गर्न लागेको हो। शनिबार पत्रकार सम्मेलन गरी १० देखि २० माघसम्म महोत्सव सञ्चालन हुने आयोजकले जनाएको छ। धादिङको रैथाने मौलिक लोक संस्कृति तथा सांस्कृतिक पहिचानको प्रवर्द्धन र परम्पराको जगेर्ना गर्ने उद्देश्यले महोत्सवको आयोजना गरिएको महोत्सव मूल आयोजक समितिका संयोजक दीपक कोइरालाले बताए। ०६२ मँसिर १६ गते एकदिने लोक सांस्कृतिक उत्सव गरिएको थियो। तर, लोक सांस्कृतिक महोत्सव भनेर गरिएको यो पहिलो हो। 'कलाकारहरूको प्रतिभा, विभिन्न जातजातिको परम्परागत संस्कृति र सांस्कृतिक पहिचानको प्रवर्द्धन र आन्तरिक पर्यटन प्रवर्द्धन गर्न महोत्सवले सहयोग पुग्ने अपेक्षा लिइएको छ,' उनले भने, 'अन्तरपालिका लोकदोहोरी प्रतियोगिता महोत्सवको प्रमुख आकर्षण हुनेछ। मौलिक र जातीय पहिचान झल्काउने खानालाई प्राथमिकतामा राखिएको छ। एक सयवटा स्टल रहनेछन्। एक लाख दर्शकले अवलोकन गर्ने र तीन करोडबराबरको आर्थिक कारोबार हुने आकलन गरिएको छ।'

'यो महोत्सवबाट जुट्ने आर्थिक स्रोतबाट जिल्लाका सम्पूर्ण कलाकारलाई अप्ठ्यारो परेका वला आवश्यक सहयोग गर्न राष्ट्रिय लोक तथा दोहोरी गीत प्रतिष्ठान धादिङमार्फत परिचालन हुने गरी कलाकार कल्याणकारी कोष स्थापना गर्ने लक्ष्य राखिएको छ,' उनले भनिन्।

स्थानीय तहमा कृषि एम्बुलेन्स

बागलुङ/ किसानको घरबारीसम्म पुगेर कृषिजन्य उत्पादन बजारसम्म पुऱ्याउन जैमिनी नगरपालिकाले 'कृषि एम्बुलेन्स' सञ्चालनमा ल्याउने तयारी गरेको छ। सरकार र नगरको साझेदारीमा एम्बुलेन्स खरिदको तयारी गरिएको जनाइएको छ। 'कृषि एम्बुलेन्स' खरिद प्रक्रिया अन्तिम चरणमा रहेको नगरका उपप्रमुख हरिहर शर्माले बताए। संघीय सरकारको कृषि तथा पशुपक्षी विकास मन्त्रालयको २५ लाख रुपैयाँ अनुदान र जैमिनी नगरपालिकाको २५ लाख रुपैयाँको लगानीमा कृषि एम्बुलेन्स गर्न लागिएको हो।

स्थानीय बजार साँघुरो रहेको र टाढाको ठूलो बजारसम्म कृषिजन्य उत्पादन पुऱ्याउन किसान आफैंलाई दुवानीमा कठिन हुने भएकाले नगरले कृषि एम्बुलेन्सको अवधारणा ल्याएको हो। नगरको योजनालाई सरकारले महत्त्व दिएरै साझेदारी गरेको कृषि तथा पशुपक्षी विकासमन्त्री रामनाथ अधिकारीले बताए। देशभरका इच्छुक स्थानीय तहसँग साझेदारी गरेर किसानलाई हित हुने गरी 'कृषि एम्बुलेन्स' सञ्चालनको योजना बनाइने उनले बताए।

स्थानीय तहमा उत्पादित तरकारी, अदुवा, बेसार, फलफूल, रैथानेबाली, माछा, मह, मासु, दही, छुर्पीलगायत उपकृषि एम्बुलेन्समार्फत बजार पुऱ्याउने नगरको लक्ष्य रहेको शर्माले बताए। 'समूह वा फार्ममा आबद्ध किसानले उत्पादन गरेका फसल बजारसम्म लैजाने काम कृषि एम्बुलेन्सले गर्छ,' शर्माले भने, 'सञ्चालन कार्यविधि तयार गरेर किसानलाई फाइदा पुग्ने गरी नगरभर एम्बुलेन्स परिचालन हुनेछ।' - रासस

कर्पोरेट

ग्लोबल आइएमई र सिस्नुपानी नेपालको सहकार्यमा 'दुई थोपा हाँसो'

काठमाडौं/ ग्लोबल आइएमई बैंकको प्रायोजनमा सिस्नुपानी नेपालले संयुक्त अरब इमिरेट्स (युएई)मा 'दुई थोपा हाँसो' कार्यक्रम सम्पन्न गरेको छ। नयाँ वर्ष २०२५ को अवसरमा युएईमा बसोवास गर्नुभएका श्रमशील नेपाली नागरिकलाई मनोरञ्जन, वित्तीय सचेतना अभिवृद्धि



एवं जीवनका बारेमा सकारात्मक भावना अभिवृद्धि गर्ने उद्देश्यले निःशुल्क रूपमा कार्यक्रम गरिएको हो।

नेपाली राजदूतावास अबुधाबीको संयोजनमा गैरआवासीय नेपाली संघ युएईको आयोजनामा सिस्नुपानी नेपालका कलाकारको प्रस्तुति रहेको थियो। कार्यक्रम युएईका लागि नेपाली राजदूत तेजबहादुर क्षेत्रीको प्रमुख आतिथ्यमा जनवरी १० तारिखमा सुरु गरिएको थियो। यसैगरी, क्लिन्को क्याम्प, सज्जा सारजहाँ र अलकुजको बलेदिया भलिबल ग्राउन्डमा जनवरी ११ तारिखमा गरिएको थियो। जनवरी १२ तारिखमा भने इभर सेन्डाई क्याम्प, सोनापुर र इन्डियन सोसल सेन्टर अजमानमा सम्पन्न भएको थियो। कार्यक्रममा सिस्नुपानी नेपालका तर्फबाट कार्यक्रम संयोजक तथा सिस्नुपानी नेपालका महासचिव टंक आचार्य, चर्चित हास्यव्यंग्य कलाकार मनोज गजुरेल, गायक धीरेन्द्र प्रेमर्षि, कलाकार चक्र दवाडी र सरोज घिमिरेको उपस्थिति रहेको थियो।

गैरआवासीय नेपाली संघ युएईका अध्यक्ष विकास साहीको अध्यक्षतामा सम्पन्न ती कार्यक्रममा गैरआवासीय नेपाली संघका निवर्तमान अध्यक्ष एवं संरक्षक ठाकुरप्रसाद ढुंगाना, गैरआवासीय नेपाली संघ मध्यपूर्वका उपसंयोजक तथा गैरआवासीय नेपाली संघ युएईका पूर्वअध्यक्ष रमेश श्रेष्ठलगायत सरोकारवाला संस्थाका प्रतिनिधिको पनि उपस्थिति थियो।

नेपाली रेमिट्यान्समा उल्लेख्य भूमिका निर्वाह गर्ने श्रमशील नेपालीका दुःख-सुखमा ऊर्जा थप्ने उद्देश्यले सिस्नुपानी नेपालले विगत ११ वर्षदेखि यो कार्यक्रम 'दुई थोपा हाँसो' गर्दै आएको छ।

नबिल बैंकले दियो उपत्यका ट्राफिकलाई २० थान मोबाइल



काठमाडौं/ नबिल बैंकले काठमाडौं उपत्यका ट्राफिक प्रहरी कार्यालयलाई नोक्स प्रविधिमा आधारित २० थान सामसङ मोबाइल उपलब्ध गराएको छ। बैंकले आफ्नो संस्थागत सामाजिक उत्तरदायित्वअन्तर्गत रामशाहपथस्थित कार्यालयमा बैंकका वरिष्ठ नायब प्रमुख कार्यकारी अधिकृत मनोज ज्ञवालीले काठमाडौं उपत्यका ट्राफिक प्रहरी कार्यालयका प्रहरी वरिष्ठ उपरीक्षक विनोद घिमिरेलाई मोबाइल हस्तान्तरण गरेका हुन्।

बैंकका वरिष्ठ नायब प्रमुख कार्यकारी अधिकृत ज्ञवालीले ट्राफिक व्यवस्थापन सरल र सहज गरी प्रविधिमैत्री सेवा प्रवाहलाई थप प्रभावकारी बनाउन मोबाइल फोन उपलब्ध गराइएको बताए।

घिमिरेले नक्स प्रविधि प्रयोग भएका मोबाइल अरू मोबाइलभन्दा डेटा सुरक्षामा सुरक्षित र सुदृढ रहने हुँदा सार्वजनिक सुरक्षा, कानुनी कार्यसम्पादन गर्न तथा अरू ट्राफिकका दैनिक कामकाज डिजिटल रूपमा सञ्चालन गर्न प्रयोग गरिने जानकारी दिए।

घिमिरेले नबिल बैंकको यस सहयोगले ट्राफिक प्रहरीको काम-कारबाहीलाई छिटो-छरितो अगाडि बढाउन सहयोग पुग्नेमा विश्वास व्यक्त गरे। 'बैंकले उपलब्ध गराएको मोबाइलको प्रयोगले प्रविधिमैत्री सेवा प्रवाहमा थप प्रभावकारी हुनेछ, आगामी दिनमा पनि बैंकसँग सहयोग र सहकार्य जारी रहनेछ,' उनले भने।

NIC ASIA
एन आई सी एशिया बैंक लि.

एन आई सी एशिया बैंक लिमिटेड
रजिष्टर्ड कार्यालय: ट्रेड टावर थापाथली, काठमाडौं वडा नं. ११
फोन नं.: +९७७-१-५१११७७७/७८/८८, फ्याक्स: +९७७-१-५१११७८०, टोल फ्री नं.: १६६०-०१-७७७७१
सुझावको लागि: FB टाईप गरी ३४४८८ मा SMS पठाउनुहोस्, कर्जा असुली विभाग, राधाभवन, त्रिपुरेश्वर, काठमाण्डौं ।
सम्पर्क फोन.: +९७७-१-०-४२६६५२०/२२ (एक्सटेन्सन: २०८/२२५/२२६)

ऋण कर्जा चुक्ता भुक्तान गर्ने सम्बन्धी ३५ (पैंतीस) दिने सार्वजनिक सूचना

यस बैंकका तपसिलका ऋणीले लिनुभएको ऋण कर्जा सुविधाको साँवा, ब्याज लगायतका अन्य रकम बैंकसँगको शर्त कबुलियत बमोजिम समय समयमा तिर्नु बुझाउनु पर्नेमा नतिरी नबुझाई ऋण कर्जा सम्बन्धी शर्त उल्लंघन गर्नुभएकोले कर्जा चुक्ता भुक्तानी गर्न पटक पटक मौखिक तथा लिखित तगाडा गर्दा समेत कर्जा चुक्ता नगर्नुभएकोले यो सूचना प्रकाशित भएको मितिले ३५ (पैंतीस) दिन भित्र यस बैंकमा सम्पर्क राखी ऋण कर्जाको सम्पूर्ण साँवा, ब्याज र अन्य दैं-दस्तुर चुक्ता भुक्तान गर्नुहोला । अन्यथा प्रचलित ऐन कानून तथा बैंकसँग गरेको लिखत बमोजिम धितोमा रहेको चल अचल सम्पति लिलाम बिक्री वा अन्य कुनै व्यवस्था गरी बैंकको आफ्नो लेना रकम असुल उपर गरिनुका साथै नेपाल राष्ट्र बैंकको निर्देशन बमोजिम ऋणी लगायत सम्बद्ध सबैलाई कर्जा सूचना केन्द्र लि.को कालोसूचीमा नाम समावेश गर्न सिफारिस गरिने व्यहोरा यसै सूचनाद्वारा जानकारी गराईन्छ। साथै धितो सुरक्षणबाट समेत बैंकको सम्पूर्ण लेना रकम असुल उपर नभएमा नेपाल राष्ट्र बैंकको निर्देशन बमोजिम जमानीकर्तालाई कर्जा चुक्ता गर्न समय प्रदान गर्दा समेत कर्जा चुक्ता भुक्तानी नगरेमा जमानतकर्तालाई समेत कालोसूचीमा समावेश गर्न सिफारिस गरि बाँकी रहेको कर्जा असूल उपर गर्न बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३, बैंक तथा वित्तीय संस्थाको ऋण असुली ऐन, २०५८ र सोको नियमावली, २०५९ तथा प्रचलित कानून अनुसार ऋणी तथा जमानीकर्ताको अन्य चल अचल जायजेथा श्रीसम्पत्तिबाट बाँकी लेना रकम असुल उपर गरिने व्यहोरा समेत ऋणी, जमानीकर्ता तथा सम्बन्धित सबैलाई यसै सूचनाद्वारा सूचित गरिन्छ ।

तपसिल

क्र.सं.	ऋणीको विवरण	जमानीकर्ताहरुको विवरण
१)	**१) ऋणी कम्पनी: सितारा ट्रामल्स प्रा.लि.,** संचालक तथा जमानीकर्ता: बन्दना पन्त दर्ता नं.: कम्पनी रजिष्ट्रारको कार्यालय, त्रिपुरेश्वर, काठमाण्डौंमा दर्ता नं.:४९५८/०४८/०४९, दर्ता मिति: २०४८/०९/२१, ठेगाना: जिल्ला काठमाडौं, का.म.न.पा. वडा नं. १, कमलपोखरी	आशीष राज पाण्डे
	२) ऋणी: आशीष राज पाण्डे स्थायी ठेगाना: काठमाडौं जिल्ला, का.म.न.पा. वडा नं. १, हालको ठेगाना: काठमाडौं जिल्ला, ठोखा न.पा. वडा नं. ७, बाबु: मुकुन्द राज पाण्डे, बाजे: सिंह राज पाण्डे	बन्दना पन्त
	३) ऋणी: बन्दना पन्त ठेगाना: काठमाडौं जिल्ला, का.म.न.पा. वडा नं. ४, बाबु: बलराम पन्त, ससुरा: मुकुन्द राज पाण्डे, पति: आशीष राज पाण्डे	आशीष राज पाण्डे

नोट: ऋणी तथा जमानीकर्ता/संचालक बाहेक सूचनामा उल्लेखित अन्य व्यक्तिहरुको नाम ऋणी तथा जमानतकर्ताको परिचय खुलाउने प्रयोजनको लागि मात्र प्रयोग गरिएको ।

Government of Sudur Pashchim Province
Ministry of Social Development
Health Directorate
Health Office Doti

Invitation for Electronic Bid

Date of publication: 2081/10/06 (Jan 19, 2025)

1. The **Health Office Doti, Silgadhi** invites **electronic** bids: under National competitive bidding-Single **Stage Single Envelope procedures** as:

IFB no:-	Description of Goods:	Bid Security	Bid Security Validity
HODOTI/G/ NCB-01/080-081	Procurement Supply & Delivery of Free Essential Medicines For Local level	NRs 63,750/- (Rupees Sixty Three Thousand Seven Hundred Fifty only)	2082/02/06 (May 20, 2025) or 120 days beyond the day of bid opening.

2. Eligible Bidders may obtain further information and inspect the bidding documents at PPMO eGP system www.bolpatra.gov.np/egp.

Office Chief

नेपाल सरकार
शहरी विकास मन्त्रालय
शहरी विकास तथा भवन निर्माण विभाग
संघीय शहरी विकास तथा भवन निर्माण कार्यालय, धनगढी कैलाली

बोलपत्र छनौट गर्ने आशयको सूचना

सूचना प्रकाशित मिति : २०८१/१०/०६

यस कार्यालयबाट प्रकाशित सूचना अनुसार रितपूर्वक दर्ता हुन आएका बोलपत्रहरु मध्ये तपशील बमोजिमको बोलपत्र न्यूनतम मुल्याङ्कित सारभूत रुपमा प्रभावग्राही देखिन आएकोले स्वीकृतिको लागि सिफारिस भई आए बमोजिम, सार्वजनिक खरिद ऐन २०६३ को दफा २७ र ४७ को प्रयोजनार्थ सम्बन्धित सबै बोलपत्रदाताहरुलाई यसै सूचनाद्वारा जानकारी गराईन्छ ।

खरिद नं.	छनौट भएका बोलपत्रदाताको नाम र ठेगाना	कबोल अंक रु.(मू.अ.क. बाहेक)
FUDBCO/KAILALI/Works/ NCB/01-2081/082	Sansher Nirman SewaDhangadhi-4 Kailali	65,23,829.40
FUDBCO/KAILALI/Works/ NCB/24-2081/082	lb Construction and Suppliers, Budhinanda Municipality -07,Bajura.	56,30,270.50
FUDBCO/KAILALI/Works/ NCB/25-2081/082	Sri Krishan construction,Bhimdatta Municipality 19 Kanchanpur	66,50,248.00
FUDBCO/KAILALI/Works/ NCB/26-2081/082	Bhandari Nirman sewa pvt .ltd. Madhyapurthimi -01 Bhaktapur.	56,63,369.24
FUDBCO/KAILALI/Works/ NCB/27-2081/082	Bedkot Nirman sewa Daijee-05,Kanchanpur	53,04,620.50
FUDBCO/KAILALI/Works/ NCB/28-2081/082	Dogada Shakti Nirman Sewa,Bhimdatta 07,Kanchanpur	65,11,923.00
FUDBCO/KAILALI/Works/ NCB/29-2081/082	Kanchanpur Nirman sewa Pvt.Ltd.Bhimdatta -09,Kanchanpur	51,07,499.60
FUDBCO/KAILALI/Works/ NCB/30-2081/082	Shreepur Developers Group Pvt. Ltd,Godawari-07,kailali.	58,76,447.15
FUDBCO/KAILALI/Works/ NCB/31-2081/082	B.P Nirman Sewa Belauri -09,Kanchanpur.	56,67,366.00
FUDBCO/KAILALI/Works/ NCB/32-2081/082	Bhandari nirman sewa pvt .ltd. Madhyapurthimi -01 Bhaktapur.	46,16,926.40

■ आइसिसी यू-१९ विश्वकप

नेपाल डेब्यु खेलमै बंगलादेशसँग पराजित

नयाँ पत्रिका

नेपाल आइसिसी यू-१९ महिला विश्वकपको डेब्यु खेलमै पराजित भएको छ । शनिबार मलेसियाको वाइएसडी युकेएम ओभलमा नेपाल टेस्ट राष्ट्र बंगलादेशसँग पाँच विकेटले पराजित भयो । ब्याटिङमा चुक्दा नेपालले यो खेललाई ऐतिहासिक बनाउन सकेन । पहिला ब्याटिङ गरेको नेपाल १८.२ ओभरमा अलआउट हुँदा मात्र ५२ रन बनाउन सक्यो । ५३ रनको लक्ष्य पाएको बंगलादेशले पाँच विकेट गुमाउँदै १३.२ ओभरमै जित निकालेको हो । अब, नेपालले ७ माघमा स्कटल्यान्ड र ९ माघमा अस्ट्रेलियासँग खेल्ने तालिका छ । जितपछि बंगलादेशले महत्त्वपूर्ण दुई अंक जोड्यो ।

नेपालकी कप्तान पूजा महतोले खराब ब्याटिङका कारण हार व्यहोरेको बताइन् । 'हामीले आफ्नै कारण खेल गुमायौं । ब्याटिङ चल्नै सकेन,' पूजाले भनिन्, 'हामी बाँकी दुई खेलमा सुधार गर्दै जित निकाल्न प्रयास गर्नेछौं ।' महेशप्रसाद रिजालको प्रशिक्षणमा रहेको नेपालले अभ्यास खेलमा वेस्ट इन्डिजविरुद्ध ब्याटिङ र बलिङमा उत्कृष्ट प्रदर्शन गरेको थियो । तर, निर्णायक खेलमा भने नेपाल ब्याटिङमै चुक्न पुग्यो ।

सन् २०२३ देखि सुरु भएको यू-१९ विश्वकपमा नेपाल पहिलोपटक छनोट भएको हो । नेपाल एसियन छनोटमा तेस्रो भएर पहिलोपटक विश्वकप खेल्ने अवसर पाएको थियो । यसपटक विश्वकपमा १६ टोलीले भाग लिँदै छन् । १६ टोलीलाई समान चार टोली समूहमा विभाजन गरिएको छ । प्रत्येक समूहबाट समान तीन-तीन टोली सुपर-६ मा पुग्नेछन् । सुपर-६ मा दुई समूहमा प्रतिस्पर्धा हुनेछ । शीर्ष चार टोली सेमिफाइनलमा प्रवेश गर्नेछ । प्रतियोगितामा भारत साबिक च्याम्पियन हो ।



आशा गरिएकी कप्तान पूजा महतोसँगै अन्य ब्याटर चल्न नसक्दा नेपाल पहिलो खेलमै बंगलादेशविरुद्ध पाँच विकेटले पराजित

१३.२ ओभरमा बंगलादेशको जित

नेपालविरुद्ध जित निकाल्न बंगलादेशलाई पनि हम्मेहम्मे परेको थियो । उसले १३.२ ओभरमा जित निकाले पनि विकेट भने गुमाइरह्यो । २.४ ओभरमा ११ रन जोड्दा तीन विकेट गुमाएपछि बंगलादेश दबाबमा आएको थियो । यसपछि कप्तान सुमिया अख्तर र सादिया इस्लामले टोलीलाई दुई अंक दिलाउन भूमिका निर्वाह गरे । दुई खेलाडीले चौथो विकेटका लागि २१ रनको साझेदारी गरेपछि बंगलादेश जिततर्फ अग्रसर भएको थियो । १२ रन बनाएकी कप्तान अख्तरलाई सिमना केसीले कप्तान पूजा महतोबाट क्याच आउट गराइन् ।

१६ रन बनाएकी इस्लामलाई कप्तान पूजाले साना प्रवीनबाट क्याच गराएकी हुन् । कप्तान पूजाले आसिया असिमा ९ र जन्नतुल मोउआ ५ रनमा अविजित रहिन् । यसअघि ४ रन बनाएकी ओपनर सुमिया अख्तरलाई रचना चौधरीले रिया शर्माबाट क्याच गराइन् । एक रन बनाएकी फाहोमिदा चोयालाई रियाले नै बोल्ड गरिन् । दुई रन बनाएकी जुआरिया फेर्डोस रनआउट हुन पुगेपछि बंगलादेश दबाबमा आएको थियो । नेपालका लागि रचना चौधरी, रिया शर्मा, सिमना केसी र कप्तान पूजाले समान एक विकेट हात पारेका हुन् ।



ब्याटिङ चल्नै सकेन

● **पूजा महतो**, कप्तान, नेपाल

हामीले आफ्नै कारण खेल गुमायौं । ब्याटिङ चल्नै सकेन । ब्याटिङमा राम्रो हुन सक्थ्यो । अब हामी बाँकी दुई खेलमा सुधार गर्दै जित निकाल्न प्रयास गर्नेछौं ।

चलेन नेपालको ब्याटिङ

टस हारेर ब्याटिङ गरेको नेपालका लागि दुई खेलाडीले मात्रै दोहोरो अंकमा रन बनाए । अन्य आठ खेलाडीले भने दोहोरो अंकमा रन बनाउनै सकेनन् । दुई खेलाडी डकआउट भए । ओपनर साना प्रवीनले ३२ बलमा सर्वाधिक १९ रन बनाइन् । सिमना केसीले रनआउट हुनुअघि १० रन जोडेकी हुन् । आशा गरिएकी कप्तान पूजा महतो पनि १८ बलमा दुई रन बनाएर रनआउट भइन् । उपकप्तान सोनी पाख्रिन डकआउट भइन् ।

यसअघि अर्की ओपनर सावित्री धामीले १, किरन कुँवरले १, एलिसा यादवले ४, तृषना विश्वकर्मालेे ३, अनु कडायत डकआउट, रचना चौधरीले ३ तथा रिया शर्मा पाँच रनमा अविजित रहिन् । बंगलादेशका लागि जान्नतुलले सर्वाधिक २ विकेट लिइन् । यसबाहेक निसिता अख्तर निसी, फाहोमिदा चोया र अनिसा अख्तरले समान एक विकेट हात पारेकी हुन् ।

अस्ट्रेलियाको विजयी सुरुवात

प्रतियोगिताको उद्घाटन खेलमा अस्ट्रेलियाले विजयी सुरुवात गरेको छ । अस्ट्रेलियाले स्कटल्यान्डलाई ९ विकेटले हरायो । पहिला ब्याटिङ गरेको स्कटल्यान्ड १५.१ ओभरमा अलआउट हुँदा अस्ट्रेलियालाई ४९ रनको लक्ष्य थियो । स्कटल्यान्डका तीन खेलाडी डकआउट भएका थिए । प्रत्युत्तरमा अस्ट्रेलियाले ६.४ ओभरमा एक विकेट गुमाउँदै जित निकाल्यो ।

अस्ट्रेलियाकी ओपनर केट पेलले अविजित २९ रन जोडिन् । ११ ओभरमा छोट्याइएको खेलमा दक्षिण अफ्रिकाले न्युजिल्यान्डलाई २२ रनले हरायो । दक्षिण अफ्रिकाले दिएको ९१ रनको लक्ष्य पछ्याएको न्युजिल्यान्ड ६९ रनमा अलआउट भएको थियो ।

अर्को खेलमा इंग्ल्यान्ड र आयरल्यान्डबिचको खेल अनिर्णीत बन्यो । वर्षा आयरल्यान्डले ३.५ ओभरमा २८ रन बनाउँदा वर्षा भएपछि खेल सुरु हुनैसकेन । यसअघि इंग्ल्यान्डले पहिला ब्याटिङ गर्दै १४५ रनको लक्ष्य प्रस्तुत गरेको थियो । नाइजेरिया र सामोआ तथा पाकिस्तान र अमेरिकाबिचको खेल एक बल पनि सुरु नहुँदै रद्द भयो ।

■ खो-खो विश्वकप

नेपालका दुवै टिम फाइनलमा



नयाँ पत्रिका

नेपालको महिला तथा पुरुष दुवै टोली खो-खो विश्वकपको फाइनलमा स्थान बनाएको छ । नेपालका दुवै टोली पहिलोपटक विश्वकप खेल्दै फाइलनमा स्थान बनाउन सफल भएका हुन् ।

शनिबार भारतको इन्दिरा गान्धी रंगशालामा नेपालको पुरुष टिमले सेमिफाइनलमा इरानलाई ७२-२० ले हरायो । यसअघि शुक्रबार भएको क्वार्टरफाइनलमा बंगलादेशलाई ६७-१८ ले हराउँदै नेपाल सेमिफाइनलमा प्रवेश गरेको थियो ।

यसअघि नेपाल समूह उपविजेता बन्दै क्वार्टरफाइनलमा पुगेको हो । समूह 'ए'मा नेपालले ४ खेलबाट ६ अंक जोडेको हो । नेपाल आयोजक भारतसँग पहिलो खेलमा ४१-३७ पराजित भएको थियो । दोस्रो खेलमा नेपालले ब्राजिललाई १३४-८ को फराकिलो अन्तरले हराउँदै विश्वकपमा पहिलो जित निकालेको हो । नेपालले दोस्रो खेलमा पेरुलाई ८०-३४ र भुटानलाई ९८-८ ले हराएको थियो ।

बिक्कीराज महर्जन प्रशिक्षण रहेको नेपाली टिमको कप्तान हेमराज पनेरू छन् । अन्य खेलाडीमा समीर चन्द, विशाल थारू, जनक चन्द, विश्वास चौधरी, भरत सारू, सुरज पुजारा, रोहितकुमार वर्मा, यमन पुरी, वेदबहादुर वली, झलक विक, विकराल सिंह रत्नैया, राजन बल, जोगेन्द्र राना र गणेश विश्वकर्मा छन् ।

अपराजित महिला टोली



महिलातर्फ युगान्डालाई सेमिफाइनलमा हराउँदै नेपाल फाइलनमा स्थान बनाउन सफल भएको हो । नेपालले अपराजित यात्रा कायम राख्ने क्रममा युगान्डालाई ८९-१८ ले हरायो । यसअघि नेपाल समूह 'सी'को विजेता बनेको थियो । महिला टोलीले पहिलो खेलमा भुटानलाई ९३-२४, दोस्रो खेलमा जर्मनीलाई ७३-३४, तेस्रो खेलमा श्रीलंकालाई ११०-१० र चौथो खेलमा बंगलादेशलाई ८४-२४ ले हराएको थियो । लक्ष्मीनारायण वैद्य प्रशिक्षक रहेको नेपाली टिमको कप्तानमा सरस्वती कडायत छिन् । अन्य सदस्यमा पूजा ओड, वर्षा पण्डित, मानमती धामी, पुनम थारू, आशा थारू, दीपा विक, निशा शाही, कर्माकुमारी शाही, सम्झना विक, कञ्चन चौधरी, दीपाकुमारी विक, खुस्बु राना, गीता चौधरी र अनिशा गोले छन् ।

खेल संक्षेप

विराटनगरको विजयी सुरुवात

काठमाडौं/ नेपाल कबड्डी लिग (एनकेएल)मा विराटनगर ब्यान्डिट्सले विजयी सुरुवात गरेको छ । शनिबार त्रिपुरेश्वरस्थित राखेप कभर्डहलमा विराटनगरले धनगढी वाइल्डक्याट्सलाई ४६-३४ अंकले पराजित गऱ्यो । रेडमा खासै अन्तर नरहे पनि ट्याकल र दुई अलआउटको मद्दतले विराटनगरले धनगढीविरुद्ध सहज जित हासिल गरेको हो । विराटनगरले रेडमा २४ अंक ल्याउँदा धनगढीले २३ अंक जोडेको थियो । ट्याकलमा भने विराटनगरले धनगढीभन्दा सात अंक बढी प्राप्त गऱ्यो । विराटनगरले ट्याकलमा १८ अंक जोड्यो । खेलमा दुई अलआउटका साथ विराटनगरले थप चार अंक प्राप्त गऱ्यो । जितसँगै विराटनगर अंकतालिकाको शीर्ष स्थानमा उक्लिएको छ । १२ अंकको हार व्यहोरेको धनगढीले भने कुनै पनि अंक जोड्न सकेन ।

बागमतीसँग रोकियो पुलिस

काठमाडौं/ विभागीय टोली नेपाल पुलिस क्लब एन्फा राष्ट्रिय महिला लिगको दोस्रो चरणमा बागमती युवा क्लबसँग गोलरहित बराबरीमा रोकिएको छ । शनिबार सातदोबाटोस्थित एन्फा कम्प्लेक्समा दुवै टोलीले पाएका अवसरलाई सदुपयोग गर्न सकेनन् । विभागीय टोली पुलिससँग अंक खोसेसँगै बागमती प्लेअफनजिक पुग्यो । बागमतीले ६ खेलबाट चार अंक जोडेको छ । पुछारमा रहेको वालिङ नगरपालिकाले आइतबार विभागीय टोली त्रिभुवन आर्मीविरुद्ध हार व्यहोरे बागमतीले इलिमिनेटरमा स्थान बनाउनेछ । लगातार दोस्रो खेलमा गोल गर्न नसकेको पुलिसको सात खेलबाट ११ अंक जोडेको छ । यसअघि पुलिसले विभागीय डर्बीमा आर्मीविरुद्ध १-० को हार व्यहोरेको थियो । बागमतीसँगको यो नतिजाले पुलिसको क्वालिफायर १ मा स्थान बनाउने लक्ष्यमा धक्का पुगेको छ ।

बैजनाथपुर क्रिकेट रंगशालामा प्रचण्ड

विराटनगर/ विराटनगर महानगरपालिका १९ स्थित बैजनाथपुरमा २४ वर्षदेखि बनाउन थालिएको अधुरो क्रिकेट रंशगालाका पूर्वप्रधानमन्त्री तथा माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहाल (प्रचण्ड)ले शनिबार अवलोकन गरेका छन् । प्रचण्डले आफैं प्रधानमन्त्री भएका वेला विराटनगरको बैजनाथपुरसहित मध्य र सुदूरपश्चिमको रंगशालालाई राष्ट्रिय गौरवको आयोजनामा राखेर काम अगाडि बढाउन निर्देशन दिएका थिए । उनले सोहीकारण हाल डिपिआर तयार भएर इआइएसमेत सम्पन्न भइसकेको जानकारी गराए । रंगशालाको डिपिआरका लागि खेलकुद मन्त्रालयमार्फत दुई करोड रुपैयाँ विनियोजन भएको थियो । रंगशालाको सबै निर्माण कार्य सम्पन्न हुन करिब दुई अर्ब रुपैयाँ खर्च हुने अनुमान छ ।

विल्सन, कश्यप र रिब्सलाई उपाधि

काठमाडौं/ विल्सन एकेडेमी, कश्यप र रिब्सले चौथो केएमसी अन्तरविद्यालय बास्केटबल प्रतियोगिताको उपाधि जितेका छन् । शनिबार विल्सन पुरुष सिनियर, कश्यप जुनियर ब्वाइज र रिब्स महिलातर्फ च्याम्पियन बने । तीनै टोली प्रतियोगिताको नयाँ च्याम्पियन हुन् । बुद्धनगरस्थित आयोजक केएमसीको कोर्टमा भएको सिनियर ब्वाइज फाइनलमा विल्सनले हेम्सलाई ४५-४१ ले हरायो । विल्सनको जितमा रेहान डंगोलले १९ अंक योगदान गरे । जुनियरतर्फ एलेन लामाको १३ अंक सहयोगमा कश्यपले नेरिक एकेडेमीलाई ३२-२९ ले हरायो । महिलातर्फको उपाधि भिडन्तमा रिब्सले डिफेन्डिङ च्याम्पियन एनसिसीएसलाई ३५-२६ ले पाखा लगायो ।

अर्किड कप अर्को महिना

काठमाडौं/ अर्किड पिपुल सेकेन्डरी स्कुलको आयोजनामा आठौं अर्किड कप सेभेन ए साइड अन्तरविद्यालय जुनियर छात्र फुटबल प्रतियोगिता फागुन २ गतेदेखि हुने भएको छ । प्रतियोगितामा ३२ टिमको सहभागिता रहने अर्किडका संस्थापक प्रेमकुमार भुजेलले जनाएका छन् । प्रतियोगितामा कक्षा सातसम्म अध्ययनरत १३ वर्ष ननाघेका विद्यार्थीले भाग लिन पाउने प्रावधान छ । विजेताले ३० हजार र उपविजेताले २० हजार पाउनेछन् । फागुन १० गतेसम्म चल्ने प्रतियोगिताका खेल काँडाघारीस्थित आयोजकको आफ्नै मैदानमा हुनेछ ।

■ बिच भलिबल

दुवै उपाधि पुलिसलाई





सिन्धुपाल्चोकमा **रामकृष्ण थापा**

राष्ट्रिय महिला तथा पुरुष बिच भलिबल प्रतियोगिताको दुवै उपाधि विभागीय टोली नेपाल पुलिस क्लबले जितेको छ । पाँच दिनसम्म सुकुटेमा चलेको सातौं महिला तथा आठौं पुरुष प्रतियोगितामा पुलिसले बाजी मारेको हो । विजेता दुवैले ५० हजार प्राप्त गरेका छन् ।

पुरुषतर्फ पुलिसका चन्द्रबहादुर कुँवर र सफल विकले अर्को विभागीय टोली सशस्त्र प्रहरी बलको एपिएफ क्लबका रमेश विक र बलराम चौधरीको जोडीलाई २-१ ले पराजित गरे । चन्द्र र सफलको जोडीले पहिलो सेट २१-१८ ले गुमाएका थिए । दोस्रो सेट पुलिसले २१-१४ ले जितदै बराबरी गऱ्यो । निर्णायक सेटमा पुलिस १५-८ ले विजयी भएको हो । सुरुको सेट जितेपछि बाँकी दुई सेटमा सम्हालिन नसक्दा एपिएफ उपविजेतामै चित्त बुझ्काउन बाध्य भयो । सुकुटे पर्यटन व्यवसायी संघ र जिल्ला भलिबल संघको संयुक्त आयोजनामा भएको १ माघबाट सुरु भएको प्रतियोगिता सिन्धुपाल्चोकको पर्यटकीय नगरी सुकुटे करिडोरमा सञ्चालन भएको थियो । प्रतियोगिताको सर्वोत्कृष्ट खेलाडी पुलिसकै कमला पुन र सफल विक घोषित भए । प्रतियोगितामा ६ वटा प्रदेशका २४ र विभागीय ११ गरी ३५ टिम सहभागी थिए ।

महिलातर्फको उपाधि भिडन्त भने पुलिस ए र बी टिमबिच भएको थियो । 'ए' टिमका मनीषा चौधरी र कमला पुनको जोडीले 'बी'का पुनम चन्द र कामना विष्टको जोडीलाई सोझो सेटमा हरायो । मनीषा र कमलाको जोडीले पहिलो सेट २१-१९ र दोस्रो सेट २१-१० ले जितेको हो । दोस्रो भएका दुवै टोलीले २५ हजार नगद पुरस्कार पाए ।

पुरुषतर्फ नेपाली सैनिक क्लब 'ए'का टीकाराज तामाङ र सूर्य परियार भए । महिलातर्फ निरुता ठगुन्ना र नेविका चौधरी तेस्रो भएका छन् । दुवैले समान १५ हजार प्राप्त गरे । पुरुषतर्फ चौथो हुने सशस्त्र प्रहरी क्लब 'ए'का महेन्द्र श्रेष्ठ र राजकुमार निरौला तथा महिलातर्फ सशस्त्र प्रहरी क्लब 'बी'का रस्मिता दुरा र जसना महतोको टिमले सान्त्वना पुरस्कार १० हजार नगद प्राप्त गरे । यसअघि पूर्वप्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड'ले प्रतियोगिताको उद्घाटन गरेका थिए ।

एपिएफ र सुदूरपश्चिम सेमिफाइनलमा


धनगढीमा **तेजराज भट्ट**

सशस्त्र प्रहरी बलको एपिएफ क्लब र सुदूरपश्चिम प्रदेश धनगढीमा जारी प्रधानमन्त्री कप महिला टी-२० राष्ट्रिय क्रिकेट प्रतियोगिताको सेमिफाइलनमा स्थान सुरक्षित गरेका छन् । चार खेलबाट अपराजित यात्रा कायम राख्दै एपिएफ सात अंकसहित शीर्ष स्थानमा छ । चारमध्ये तीन खेलमा जित र एकमा हार व्यहोरेको सुदूरपश्चिम ६ अंकसहित उपविजेता बन्यो । समूह 'ए'मा रहेका लुम्बिनी, गण्डकी र कर्णाली प्रदेश भने हारसँगै प्रतियोगिताबाट बाहिरिएका छन् । गण्डकी र कर्णाली प्रदेशले एउटा खेल पनि जित्न सकेनन् । लुम्बिनी प्रदेश दुई खेलमा विजयी भयो । तीनवटै टोलीको एक-एक खेल भने वर्षाका कारण रद्द भएको थियो । समूह चरणमा लुम्बिनीले पाँच तथा कर्णाली र गण्डकीले समान एक अंक जोडे ।



शनिबार भएको पहिलो खेलमा एपिएफले आफ्नो अपराजित यात्रा कायम राख्दै सुदूरपश्चिमको अपराजित यात्रामा पूर्णविराम लगायो । एपिएफले सुदूरपश्चिमलाई ५९ रनले हराएको हो । एपिएफले दिएको एक सय २६ रनको लक्ष्य पछ्याएको सुदूरपश्चिम निर्धारित १८ ओभरको ६ विकेट गुमाउँदा मात्र ६७ रन बनायो । सुदूरपश्चिमका लागि कविता कुँवरले सर्वाधिक २९ रन बनाइन् । एपिएफकी इन्दु बर्मा र कविता जोशीले समान दुई तथा सबनम राइले एक विकेट लिइन् ।

खराब मौसमका कारण १८ ओभरमा छोट् याइएको खेलमा एपिएफले २ विकेट गुमाएर १ सय २६ रन बनाएको थियो । एपिएफका लागि इन्दु बर्माले अर्धशतकीय पारी खेलिन् । उनले ५८ रन बनाएकी हुन् । त्यस्तै, ममता चौधरीले ३६ र कविता जोशीले १३ बनाइन् । सुदूरपश्चिमकी जानकी थापाले एक विकेट लिइन् ।





नयाँ प्रकाशन प्रा.लि.द्वारा प्रकाशित तथा मुद्रित । **कार्यकारी निर्देशक** : सुशील थापा । **अध्यक्ष, प्रबन्ध निर्देशक तथा प्रधानसम्पादक** : कृष्णज्वाला देवकोटा । **कार्यालय** : स्टारमल, पुतलीसडक, काठमाडौं, फोन नं. ४०१२५६६/६६६ फ्याक्स नं ४०१२५६९, E-mail: letter@nayapatrikadaily.com